# स्थानीय तहको शिक्षा योजना  २०८३-२०८७




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## फाल्गुनन्द  गाउँपालिका, पाँचथर
## कोशी प्रदेश, नेपाल
## २०८३ जेठ

**संरक्षक**

- **श्री** वृज हाङ आङदेम्बे, गाउँपालिका अध्यक्ष
- **श्री** ठाकुर सिं नेम्बाङ, गाउँपालिका उपाध्यक्ष

- श्री देवी तुम्बापो , प्रमुख प्रशासकीय अधिकृत

**गाउँ शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु :**

- श्री वृज हाङ आङदेम्बे -संयोजक
- श्री ठाकुर सिंह नेम्बाङ-सदस्य
- श्री नारायण प्रसाद आङदेम्बे-सदस्य
- श्री देवी तुम्बापो- सदस्य
- श्री निर्मल अधिकारी- सदस्य
- श्री विरेन्द्र कुमार खड्का- सदस्य
- श्री बीर नर सिंह चेम्जोङ- सदस्य
- श्री मन कुमार लावती- सदस्य
- श्री मदन कुमार चेम्जोङ- सदस्य
- श्री विमला देवी पोख्रेल- सदस्य
- श्री बाबुराम राई -सदस्य
- श्री मेदनी प्रसाईं- सदस्य सचिव

**शिक्षा योजना लेखन समुहका पदाधिकारीहरु**

- श्री नारायण प्रसाद आङदेम्बे
- श्री निर्मल अधिकारी
- श्री बीर नर सिंह चेम्जोङ
- श्री पूर्ण कुमार सदेम्बा
- श्री विरेन्द्र कुमार खड्का
- श्री मदन कुमार चेम्जोङ
- श्री मन कुमार लावती
- श्री विमला देवी पोख्रेल
- श्री बाबुराम राई
- श्री मेदनी प्रसाई
- श्री सर्मिला राई

स्थानीय तहको शिक्षा योजना

**प्राविधिक सहयोग**

सर्मिला राई

**प्रकाशक**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**फाल्गुनन्द गाउँपालिका, पाँचथर**

**प्रमाणित मिति**

२०८३/०२/०७

**प्रकाशन मिति**

२०८३/०२/२१

स्थानीय तहको शिक्षा योजना

**सन्देश**

आदरणीय गाउँपालिका बासी आमाबुबा, शिक्षकज्यूहरू, विद्यार्थी भाइबहिनीहरू तथा सरोकारवाला महानुभावहरू,

शिक्षा नै समृद्ध समाज निर्माणको मूल आधार हो भन्ने विश्वासका साथ फाल्गुनन्द गाउँपालिकाले समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको विकासलाई उच्च प्राथमिकतामा राखेको छ। बदलिँदो समयको मागअनुसार दक्ष, सक्षम र जिम्मेवार नागरिक उत्पादन गर्नु हाम्रो साझा दायित्व हो।

यस गाउँ शिक्षा योजना मार्फत विद्यालय शिक्षाको पहुँच विस्तार, गुणस्तर अभिवृद्धि, प्रविधिमैत्री सिकाइ वातावरण, शिक्षकहरूको पेशागत विकास तथा विद्यार्थीमैत्री शैक्षिक प्रणाली निर्माणमा विशेष जोड दिइएको छ। साथै, स्थानीय स्रोत र सम्भावनाको सदुपयोग गर्दै व्यवहारिक तथा सीपमूलक शिक्षामा ध्यान केन्द्रित गरिनेछ।

हामी सबैको सहकार्य, प्रतिबद्धता र सक्रिय सहभागिताबाट मात्र यस योजनाका लक्ष्यहरू सफलतापूर्वक हासिल गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु। यस अभियानमा सबै सरोकारवालाहरूको साथ, सहयोग र सुझावको अपेक्षा गर्दछु।

अन्त्यमा, गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै उज्ज्वल भविष्य निर्माण गर्ने हाम्रो यात्रामा साथ दिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

स्थानीय तहको शिक्षा योजना

**अध्यक्ष**

**फाल्गुनन्द गाउँपालिका**

## सन्देश

फाल्गुनन्द गाउँपालिकाको समग्र विकासको आधारशिला शिक्षा हो भन्ने दृढ विश्वासका साथ प्रस्तुत गाउँ शिक्षा योजना निर्माण गरिएको छ। गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षामार्फत सक्षम, जिम्मेवार र सृजनशील नागरिक उत्पादन गर्नु हाम्रो मुख्य लक्ष्य हो। यस योजनाले स्थानीय आवश्यकताहरूलाई मध्यनजर गर्दै शिक्षामा पहुँच, गुणस्तर र समानताको सुनिश्चितता गर्ने दिशामा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ।

गाउँपालिकाभित्रका सबै बालबालिकालाई विद्यालय शिक्षामा समावेश गराई उनीहरूको सर्वांगीण विकास सुनिश्चित गर्न हामी प्रतिबद्ध छौँ। शिक्षकको क्षमता अभिवृद्धि, भौतिक पूर्वाधारको सुधार, प्रविधिमैत्री शिक्षण प्रणालीको विकास तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिइनेछ। साथै, अभिभावक, शिक्षक, समुदाय र सरोकारवालाहरूको सक्रिय सहभागिताबाट मात्र शिक्षा क्षेत्रको अपेक्षित सुधार सम्भव हुनेमा हामी विश्वस्त छौँ।

यस योजना सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूको सहकार्य, समन्वय र प्रतिबद्धता अपरिहार्य रहेको छ। यस दिशामा निरन्तर प्रयासरत रहँदै शिक्षालाई गाउँपालिकाको समृद्धिको मेरुदण्डका रूपमा स्थापित गर्न हामी सबैलाई आह्वान गर्दछु।

धन्यवाद।

स्थानीय तहको शिक्षा योजना

**उपाध्यक्ष**
**फाल्गुनन्द गाउँपालिका**

## सन्देश

शिक्षा कुनै पनि समाजको समग्र विकासको आधारशिला हो। समृद्ध, सक्षम र आत्मनिर्भर समाज निर्माणका लागि गुणस्तरीय शिक्षा अपरिहार्य छ। यस सन्दर्भमा फाल्गुनन्द गाउँपालिकाले स्थानीय आवश्यकताअनुसार समावेशी, पहुँचयोग्य र व्यवहारमुखी शिक्षाको विकासलाई उच्च प्राथमिकतामा राखेको छ।

गाउँ शिक्षा योजना निर्माण प्रक्रियाले हाम्रो शैक्षिक अवस्थाको यथार्थ मूल्यांकन गर्दै आगामी दिनमा अवलम्बन गरिने रणनीति, लक्ष्य र कार्ययोजनालाई स्पष्ट रूपमा मार्गदर्शन गरेको छ। यस योजनाले विद्यालयको भौतिक पूर्वाधार सुधार, शिक्षण–सिकाइ प्रक्रियामा प्रविधिको प्रयोग, शिक्षक क्षमता विकास, बालमैत्री तथा समावेशी वातावरण सिर्जना लगायतका पक्षलाई समेटेको छ।

स्थानीय सरकारको तीन तहबीचको समन्वय, सरोकारवालाहरूको सक्रिय सहभागिता तथा समुदायको सहकार्यबाट मात्र शिक्षा क्षेत्रको दिगो विकास सम्भव छ भन्ने हाम्रो दृढ विश्वास छ। यसका लागि अभिभावक, शिक्षक, विद्यार्थी, सामाजिक संघसंस्था तथा सम्पूर्ण समुदायको महत्वपूर्ण भूमिका रहनेछ।

अन्त्यमा, गाउँ शिक्षा योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबै सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै, यसको प्रभावकारी कार्यान्वयनमा सबैको साथ, सहयोग र प्रतिबद्धता रहने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद।**

**प्रमुख प्रशासकिय अधिकृत**
**फाल्गुनन्द गाउँपालिका**

स्थानीय तहको शिक्षा योजना

## प्राक्कथन

शिक्षा कुनै पनि समाजको दिगो विकास, समृद्धि र सामाजिक रूपान्तरणको आधारभूत माध्यम हो। बदलिँदो समयको माग, स्थानीय आवश्यकता तथा संवैधानिक व्यवस्थालाई आत्मसात् गर्दै फाल्गुनन्द गाउँपालिकाले तयार पारेको यो **"स्थानीय तहको शिक्षा योजना २०८३–२०८७"** गाउँपालिकाको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय, समावेशी र परिणाममुखी बनाउने दीर्घकालीन मार्गचित्रका रूपमा प्रस्तुत गरिएको छ।

यस शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तह शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन (२०७९, परिमार्जित २०८१), नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य तथा विद्यालय शिक्षा क्षेत्र योजनालाई आधार मानी स्थानीय अवस्थाको यथार्थ विश्लेषण गरिएको छ। योजना तयार गर्दा तथ्याङ्कमा आधारित विश्लेषण, सरोकारवालासँगको परामर्श, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ, जसले यस योजनालाई व्यवहारिक र कार्यान्वयनयोग्य बनाएको छ।

यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार विकास, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा तथा शैक्षिक गुणस्तर अभिवृद्धिका विविध पक्षलाई समेटेको छ। साथै, शिक्षामा पहुँच, समता, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्ने स्पष्ट लक्ष्य, रणनीति तथा कार्ययोजना निर्धारण गरिएको छ।

गाउँपालिकाभित्र अझै पनि देखिएका शैक्षिक चुनौतीहरू जस्तै गुणस्तरमा सुधार, सिकाइ उपलब्धिमा वृद्धि, प्रविधिमैत्री शिक्षणको विस्तार तथा समावेशी शिक्षाको सुनिश्चिततालाई सम्बोधन गर्न यो योजना मार्गदर्शक दस्तावेजका रूपमा कार्य गर्ने विश्वास लिएको छु।

यस योजना सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यार्थी, सामाजिक संघसंस्था तथा सम्पूर्ण समुदायको सक्रिय सहकार्य, समन्वय र प्रतिबद्धता अपरिहार्य छ। सबैको संयुक्त प्रयासबाट मात्र हामीले परिकल्पना गरेको गुणस्तरीय, जीवनोपयोगी र समावेशी शिक्षा हासिल गर्न सक्नेछौँ।

अन्त्यमा, यस शिक्षा योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै, यसको प्रभावकारी कार्यान्वयनमा सबैको सक्रिय साथ र सहयोग रहने अपेक्षा व्यक्त गर्दछु।

धन्यवाद।

**शिक्षा शाखा प्रमुख**
**फाल्गुनन्द गाउँपालिका**

# विषयसूची


सन्देश ........ 4

सन्देश ........ 5

सन्देश ........ 6

प्राक्कथन ........ 7

विषयसूची ........ 8

योजनाको सारांश ........ 14

- विषय प्रवेश ........ 14
- शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ 14
- स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ........ 15
- शिक्षा योजना निर्माणका आधार ........ 15
- शिक्षा योजना निर्माण प्रक्रिया ........ 16
- योजनाको लेखाजोखा ........ 18
- योजनाको दस्तावेजको स्वरुप ........ **Error! Bookmark not defined.**

परिच्छेद १ : परिचय ........ 22

- १. १ पृष्ठभूमि ........ 22
  - १.१.१ भौगोलिक अवस्थिति ........ 22
  - १.१.२ जनसंख्यिक संरचना ........ 23
  - १.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ 24
  - १. १.४ आर्थिक अवस्था ........ 25
  - १. १.५ शैक्षिक अवस्था ........ 26
- १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 33
- ख) शिक्षा क्षेत्रको चुनौतीको SWOT विश्लेषण ........ 35

परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 38

- २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ 38
- २.२.दुर दृष्टि ........ 42
- २. ३ लक्ष्य ........ 42

२.४ उद्देश्य ........................................................................................................................ 42

२.५ रणनीति ........................................................................................................................ 42

२.६ कार्यनीति ........................................................................................................................ 43

२.७ अपेक्षित उपलब्धीः ........................................................................................................................ 47

२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सुचक र लक्ष्य निर्धारण: ........................................ 48

परिच्छद :३ -शिक्षाका मुख्य उपक्षेत्र ........................................................................................................................ 52

३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा ........................................................................................................................ 52

३.१. १. वर्तमान अवस्था ........................................................................................................................ 52

३.१.२ उद्देश्य ........................................................................................................................ 53

३.१.३ रणनीति ........................................................................................................................ 54

३.१. ४. प्रमुख उपलब्धि तथा नतिजा ........................................................................................................................ 54

३.२ आधारभुत शिक्षा ........................................................................................................................ 57

३.२. १ वर्तमान अवस्था ........................................................................................................................ 57

३.२. २. उद्देश्य ........................................................................................................................ 58

३.२.३ रणनीति ........................................................................................................................ 58

३.२. ४ प्रमुख उपलव्धि तथा नतिजा ........................................................................................................................ 59

३.२. ५ प्रमूख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........................................................................................................................ 61

३.३ माध्यमिक शिक्षा ........................................................................................................................ 62

३.३.१ वर्तमान अवस्था ........................................................................................................................ 63

३.३.२ उद्देश्य ........................................................................................................................ 64

३.३.३ रणनीति ........................................................................................................................ 64

३.३.४. प्रमूख उपलव्धि तथा नतिजा ........................................................................................................................ 65

३.३.५. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........................................................................................................................ 66

३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम ........................................................................................................................ 67

३.४.१ वर्तमान अवस्था ........................................................................................................................ 67

३.४.२ उद्देश्य ........................................................................................................................ 67

३.४.३ रणनीति ........................................................................................................................ 68

स्थानीय तहको शिक्षा योजना

३.४.४ प्रमुख उपलब्धी तथा नतिजा ... 68
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ... 69
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ... 70
३.५.१ वर्तमान अवस्था ... 70
३.५.२. उद्देश्य ... 71
३.५.३. रणनीति ... 71
३.५.४, प्रमूख उपलव्धि तथा नतिजा ... 72
३.५.५ प्रमूख क्रियाकलाप तथा लक्ष्य ... 73
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ... 74
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मुल्याकंन ... 74
४. १.१. वर्तमान अवस्था ... 74
४. १. २ उद्देश्य ... 75
४.१.३ रणनीति ... 76
४.१.४ प्रमुख उपलब्धी तथा नतिजा ... 76
४.१.४. प्रमूख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ... 77
४.२ शिक्षक व्यवस्थापन तथा विकास ... 78
४.२.१ वर्तमान अवस्था ... 78
४.२.२ उद्देश्य ... 81
४.२.३ रणनीति ... 82
४.२.४ प्रमुख उपलब्धी तथा नतिजा ... 83
४.२.४. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ... 84
४.३ शैक्षिक समता र समावेशीकरण ... 85
४.३.१ वर्तमान अवस्था ... 85
४.३.२ उद्देश्य ... 86
४.३.३ रणनीति ... 86
४.३.४ प्रमुख उपलब्धी तथा नतिजा ... 87

स्थानीय तहको शिक्षा योजना

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 88
४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 89
४.२.१ वर्तमान अवस्था ........ 89
४.४.२ उद्देश्य ........ 91
४.४.३ रणनीति ........ 92
४.४.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 93
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 94
४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता ........ 95
४.५.१ वर्तमान अवस्था ........ 96
४.५.२ उद्देश्य ........ 97
४.५.३ रणनीति ........ 98
४.५.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 98
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 100
४. ६. विद्यालयको भौतिक पूर्वाधार विकास ........ 100
४.६.१ वर्तमान अवस्थाः ........ 101
४.६.२ उद्देश्यः ........ 106
४.६.३ रणनीति ........ 106
४.६.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 107
४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 108
४.७ विद्यालय सुचना तथा सञ्चार प्रविधि ........ 109
४.७.१. वर्तमान अवस्था ........ 110
४.७.२ उद्देश्य ........ 111
४.७.३ रणनीति ........ 111
४.७.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 112
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 113
४.८ छात्रवृत्ति ........ 114
४.८.१ वर्तमान अवस्था ........ 114

स्थानीय तहको शिक्षा योजना

४.८.२ उद्देश्य ........ 116
४.८.३ रणनीतिहरू ........ 116
४.८.४ उपलब्धि तथा नतिजाहरू ........ 116
४.८.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू ........ 117
परिच्छेद ५: अन्य उपक्षेत्र ........ 118
५.१. मातृभाषा शिक्षा: ........ 118
५.१.१ वर्तमान अवस्था ........ 118
५.१.२ उद्देश्य ........ 118
५.१.३ रणनीति ........ 118
५.१.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 118
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 119
६.१.१ वर्तमान अवस्था ........ 119
६.१.२ उद्देश्य ........ 120
६.१.४ रणनीति ........ 120
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 121
६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 122
६.२ स्थानीय शिक्षा योजना कार्यावयनको प्रबन्ध ........ 124
६.२.१ वर्तमान अवस्था ........ 124
६.२.२ उद्देश्य ........ 125
६.२.३ रणनीति ........ 125
६.२.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 126
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 127
परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन ........ 128
७.१ वर्तमान अवस्था ........ 128
७.२ उद्देश्य ........ 129
७.३ रणनीति ........ 129
७.४ प्रमुख उपलब्धी तथा नतिजा ........ 130

स्थानीय तहको शिक्षा योजना

७.५ प्रमुख क्रियाकलाप र लक्ष्य....... 131

७.६ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया....... 138

७.७ योजना कार्यान्वयनका लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ....... 141

परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन....... 143

८.१. वर्तमान अवस्था....... 143

८.२ उद्देश्य....... 144

८.३ रणनीति....... 144

८.४. प्रमुख उपलब्धी र नतिजा ....... 145

८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....... 145

अनुसुची १ ....... 147

अनुसूची २: शिक्षा योजना निर्माण सम्बन्धी बैठक निर्णय कपी तथा विभिन्न कार्यक्रमहरुको फोटोहरु....... 149

अनुसूची ३ : गाउँ शिक्षा समिति तथा लेखन दलको विवरण....... 151

अनुसुची ४: विद्यालय विवरण....... 151

स्थानीय तहको शिक्षा योजना

## योजनाको साराशं

### विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि स्थानीय शिक्षा योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो मार्गदर्शन तयार गरिएको छ ।

### शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय स्थानीय शिक्षा योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ५ वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

### स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

### शिक्षा योजना निर्माणका आधार

नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नितिहरु र प्राथमिकताका क्षेत्रहरु उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभुत तह शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, अपागंता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपागंता भएका नागरिकलाई सांकेतिक भाषको माध्यमबाट कानुन बामेजिम निःशुल्क शिक्ष पाउने हक, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बामेजिम आफ्नो मातृभाषमा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र .संचालन गर्ने हक हुने व्यवस्था गरेको छ।

यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा (५) मा महिलालाई शिक्षा, स्वस्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था उल्लेख छ। धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा २,३,७ र ९ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वस्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तिगत विकास तथा बाल सहभागीताको हक सहित बालबलिकालाई घर परिवार वा जुनसुकै स्थानमा शारीरिक, मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख छ ।, धारा ४० मा दलितको हक अन्तर्गत उपधारा २ मा आधारभुत तहबाट उच्च तहसम्म छात्रबृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने उल्लेख छ ।, धारा ४२ सामाजिक न्यायको हक अन्तर्गत उपधारा २ र ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ । यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक सीपमुलक र रोजगारमुलक, जनमुखी बनाउदै दक्ष जनशक्तिको उत्पादनका लागि शिक्षा क्षेत्रमा राज्यको लगानी बृद्धि गर्ने व्यवस्था उल्लेख गरिएको छ। यस्तै १५ योजनामा गुणस्तरीय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी, उप्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ।

राष्ट्रिय शिक्षा निति २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमुलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरुपको मानव संशासन विकास गर्ने लक्ष्य राखेको छ । संयुक्त राष्ट्र संघका दिगो विकास लक्ष्य २०१५ को नेपाल सरकार पनि एक सदस्य राष्ट्र रही दिगो विकासका १७ लक्ष्यहरु पुरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसै दिगो विकास लक्ष्यका लक्ष्य ४ मा गुणात्मक शिक्षालाई जोड दिएको छ । यसैगरी गाउँपालिकाको आविधक योजना, निति तथा कार्यक्रममा समेत शिक्षा सम्बन्धी निम्न अधिकारहरुको व्यवस्था उल्लेख छन्ः

- गाउँ शिक्षा सम्बन्धी निति, कानुन, मापदण्ड, मार्गदर्शन, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र सुपरिवेक्षण
- विद्यालय स्थापना, व्यवस्थापन र अनुमति
- शिक्षा सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, अभिमुखीकरण संचालन
- गाभिएका वा बन्द भएका विद्यायलका सम्पत्ति व्यवस्थापन
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन र परिचालन
- विद्यालयको भौतिक सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- सामुदायिक विद्यालयको दरबन्दी मिलान
- विद्यालय नक्शाकंन
- मातृभाषा शिक्षा सम्बन्धी व्यवस्थापन तथा परिचालन
- सामुदायिक विद्यालयको पुर्वाधार निर्माण तथा मर्मत
- तोकिएका तहहरुको परीक्षा संचालन तथा व्यवस्थापन
- विद्यार्थी सिकाई उपलब्धी परिक्षण र मुल्याकंन
- अतिरिक्त क्रियाकलाप संचालन
- शिक्षण सामाग्री छपाई तथा व्यवस्थापन

यसैगरी फाल्गुनन्द गाउँपालिकाले स्थापनाकालदेखि नै यस पालिका भित्र रहेका सबै विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापनका लागि शिक्षालाई प्राथमिकतामा राखी आवश्यक निति, कार्ययोजना तथा कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको आमुल परिवर्तनका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रम आवश्यकता पर्दछ । यस योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको सहभागीता, राय संकलन ,सुझाव संकलन तथा समीक्षा सहित गाँउ शिक्षा योजना निर्माणका लागि तपशिल बमोजिमको प्रक्रिया अबलम्बन गरिएको छ ।

स्थानीय तहको शिक्षा योजना

- शिक्षा शाखा प्रमुख तथा योजना शाखा पदाधिकारीलाई शिक्षा योजना निर्माणका लागि आव २०८०।८१ मा युएसएआइडी प्रारम्भिक कक्षाक सिकाइ मार्फतबाट २ दिने क्षमता विकास तालिम प्रदान गरिएको थियो ।

- मिति २०८१/०२/१० को कार्यपालिका बैठकले श्री बृज हाङ आङदेम्बेको संयोजकत्वमा गाँउ शिक्षा योजना निर्माणका लागि ११ सदस्य भएको एक योजना निर्माण समिति बनेको ।

- मिति २०८१/५/४ योजना निर्माणको लागि युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको प्राविधिक सहयोगमा शिक्षा समिति निर्माण कार्य समिति र लेखन कार्यदल एक दिने समीक्षा बैठक सञ्चालन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको ।

- तथ्य र यथार्थपरक जानकारी संकलन तथा सहभागीतामूलक योजना निर्माणका लागि प्रधानाध्यापकको बैठक मार्फत वर्तमान अवस्था र आगामी रणनितिबारे लिखित राय संकलन गरी लेखन दलले सुचना तथा जानकारी एकीकृत गरेको ।

- शिक्षा शाखाको नेतृत्वमा तथा लेखन कार्यदलबाट नियमिति रुपमा शैक्षिक तथ्यांकहरु संकलन विश्लेषण भएको र य युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको प्राविधिक सहयोगी श्री सर्मिला राईको सहयोगमा संकलित तथ्याङ एकीकृत गरी योजनाको ढाँचामा तयार ।

- मिति २०८१।५/१६ मा लेखन कार्यदलको नेतृत्वमा बैठक बसी तयार मस्यौदा शिक्षा शाखा प्रमुखलाई बुझाएको ।

- मिति २०८१।७।३० मा युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको निरन्तरताको अन्त्य भएपछि थाँती योजना निर्माण कार्य स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जन भएकोले परिमार्जित संस्करण २०८१ बमोजिम योजना निर्माण निरन्तरता दिन २०८१ पैष २५ गते प्राविधिक सहयोगका लागि सहजकर्ता श्री सर्मिला राईसग बैठक बसी परिमार्जित संस्करण २०८१ अनुसार पुर्नलेखन थालनी ।

- मिति २०८२।०२।०५ र ०६ परिमार्जित संस्करण अनुसारको पहिलो मस्यैदामा शिक्षा शाखा प्रमुख श्री बाबुराम राई र प्राविधिक सहयोगी रश्री सर्मिला राई बीच छलफल र पृष्ठपोषणपछि पुर्नलेखन ।

- लेखन कार्यदलको नेतृत्वमा मस्यौदामा थप लेखन र मस्यौदा माथी सबै सरोकारवालाहरुको सहभागीतामा सुझाब संकलन कार्यशाला सञ्चालन मिति २०८२।०२। २९ र ३० गते सम्पन्न ।

- योजना लेखन कार्यशाला पश्चात प्राविधिक तथा लेखन समितिले पृष्ठपोषणसहित तयार पारेको योजनाको मस्यौदा माथि थप सल्लाह सुझाबका लागि जनप्रतिनिधी तथा शिक्षा सरोकारवालाहरुसंग मस्यौदा माथि सल्लाह सुझाब संकलन गरेको थियो ।

- प्राप्त सल्लाह सुझावलाई समेटी गाँउशिक्षा योजनालाई  योजना लेखाजोखाका लागि बाह्य विज्ञलाई दिई अन्तिम रुप प्रदान गरेको थियो ।

- गाउँपालिकाको कार्यपालिकाले यस योजनालाई अनुमोदन गरेको थियो र मिति २०८३।०२। ७ गते कार्यपालिका बैटकबाट स्वीकृति भएको  हो ।

## योजनाको लेखाजोखा

### स्थानीय तहको शिक्षा योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) मा उल्लेख भए बमोजिम योजना निर्माण गरिसकेपछि मुख्यत उक्त योजना विश्वसनीय, दिगो र लगानीयोग्य छ कि छैन भनी योजनाको विविध पक्ष समेटेर लेखाजोखा गर्नुपर्ने हुदाँ मार्ग दर्शनमा उल्लेखित प्रावधान अनुसार यस फाल्गुनन्द गाउँपालिकाको शिक्षा योजनालाई निम्नानुसार लेखाजोखा गरि पाइएका यथार्थ तथ्यहरुलाई प्रस्तुत गरिएको छ।

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता (Leadership and participation) | शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहले मूल नेतृत्व लिएर मिति २०८१/०२/१० मा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी स्थानीय तहको शिक्षा योजना ११ सदस्यीय निर्माण कार्यदल समेत गठन गरी प्रक्रिया शुरुवात गरेको छ । योजना निर्माणका लागि गठित कार्यदल, कार्य पालिका, गाउँ शिक्षा समिति,  शिक्षक तथा कर्मचारीहरुलाई योजना निर्माण मार्गदर्शन तथा योजना निर्माण प्रक्रिया बारे एक दिने अभिमुखीकरण संचालन गरी लेखन दल तथा लेखन जिम्मेवारी बाँडफाँड गरी आवश्यक जानकारी तथा तथ्यांक संकलन गरी लेखन कार्यलाई योजना निर्माणको ढाँचामा एकीकृत रुपमा अभिलेखगरी मस्यौदा तयार गरी सरोकारवाला,  शिक्षक, गाउँ शिक्षा समिति लगायतले छलफल र पृष्ठपोषण दिई यस योजनाको अन्तिमीकरण गरिएको छ । साथै योजना निर्माणको क्रममा शिक्षा शाखामा रही यथार्थपरक तथ्यांक तथा लेखनलाई समेत वास्तविक र कार्यान्वयन योग्य बनाउन पारदर्शी र सहभागीतामूलक रुपमा काम भएको पाइएको छ । |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy | यस योजनालाई सिलसिलेवार ढंगले अध्ययन गरी सरोकारवाला तथा गाउँ शिक्षा समिति, योजना लेखन कार्यदल, पालिकाका प्रमुख जिम्मेवार व्यक्तिहरुसंग अनौपचारिक छलफल तथा कुराकानी गर्दा यस योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा |

| | | |
|---|---|---|
| | and relevance) | क्रियाकलापहरु सबै सहभागीतात्मक संकलन भएको साथै विशेष रुपमा यस कार्यका लागि बढी भन्दा बढी शिक्षक ( सामुदायिक र संस्थागत) हरु परिचालन गरिएको हुँदा सम्बोधन गर्न सकिने र सान्दर्भिक नै रहेको छ। |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | यस योजनामा उल्लेख भएका रणनीति तथा क्रियाकलापहरुले शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका साथै शिक्षामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण टेवा पुर्याउन सक्नेछ । यस योजनामा हाल नीतिगत रुपमा व्यवस्था भएका र हुनुपर्ने समता र समावेशी, विपद् व्यवस्थापन तथा उत्थानशीलता, सिकाई वातावरणका कुराहरुलाई स-साना रुपमा सम्बोधन भएको छ । यस पक्षलाई कार्यान्वयनमा बढी जोड दिन आवश्यक छ। |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | यस गाउँपालिकामा हाल निर्माण भएका अन्य क्षेत्रका छुट्टै योजनाहरु न्यून नै रहेता पनि पालिकाको आविधक योजना तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजनाहरुसंग अन्तर सम्बन्धित रहेको छ। यसका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष्य जस्तैः विद्यालय शिक्षा क्षेत्र सुधार योजना, दिगो विकास लक्ष्य आदिसंग समायोजन भएको छ । यस योजनामा उल्लेखित दुरदृष्टि, उद्देश्य, लक्ष्यहरु राष्ट्रिय, प्रदेश तहको दुरदृष्टि, उद्देश्य, लक्ष्यसंग सम्बन्ध राख्ने गरी राखिएको छ। यसैगरी यस योजनामा उल्लेख भएका उपक्षेत्र तथा विषय बीचको अन्तरसम्बन्ध एक आपसमा मेल खाने र सिलसिलेवार मिलेको पाइएको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | यस योजनामा भएका विषयहरुले शिक्षा क्षेत्र लगायत अन्य सामाजिक उत्तरदायित्व, कृषि तथा उत्पादन, स्वास्थ्य र पोषण, जलवायु परिवर्तन, विपद् र जोखिम, मातृभाषा, रैथाने सीप जस्ता अन्यको अन्य पक्षसँग पनि सम्बन्ध राख्ने गरी तय भएको छ भने योजनाका लक्ष्य प्राप्तिका लागि उल्लेख गरिएका क्रियाकलापहरु सरल र सहज रुपमा कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक नै रहेको छ। अनुगमन तथा मुल्यांकनको पक्षमा हेर्दा बढी मात्रामा स्थानीय तह (सरकार/जनप्रतिनीधि), गाउँ शिक्षा समिति तथा शिक्षा शाखाको भुमिका बढी रहने गरी तर सहभागीमुलक विधि वा प्रक्रिया अवलम्वन गर्नु पर्ने कुरालाई जोड दिएको छ। योजना समग्र रुपमा समावेशी र सान्दर्भिक नै पाइएको छ। योजनाले फाल्गुनन्द गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको समस्या तथा चुनौतीलाई उल्लेख गरी यस पालिकाका संभावना तथा अवसरहरु समेतलाई उल्लेख गरेको हुदाँ योजना कार्यान्वयनमा सहज वातावरण सृजना गर्न सकिने थुप्रै ठाउँहरु देखिन्छन्। |
| ६ | स्रोतको प्रबन्ध | योजनामा हाल भइरहेका स्रोतहरुको पारदर्शी रुपमा उल्लेख गरी योजनामा समावेश भएका क्रियाकलाप संचालनका लागि कहाँबाट कति र कस्ता स्रोत उपलब्ध हुन सक्छ भन्ने अनुमानित बजेट र स्रोतको आकंलन गरी तालिकाबद्ध अभिलेखीकरण भएको छ। यसरी स्रोतको उल्लेख भएको भएतापनि प्रदेश सरकारबाट केही कम मात्र र स्थानीय तहको स्रोतमा अधिकतम शिक्षक व्यावस्थापन (पारिश्रमिक/भत्ता) आदिमा जोड दिएको अवस्था छ। तर योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल भने राम्रो देखिन्छ। यसैगरी स्रोतको प्रबन्धका लागि विभिन्न अन्य संघसंस्था- सरकारी तथा गैरसरकारी |

| | | |
|---|---|---|
| | | संस्थासँग सहकार्य र साझेदारी भइरहेको र यसलाई आगामी दिनमा समेत निरन्तरता दिने कुरालाई प्रस्ट रुपमा उल्लेख भएको छ। |
| ७ | संस्थागत क्षमता | योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र चरण चरणमा शिक्षक, कर्मचारीहरुलाई तालिम तथा सक्षमता अभिवृद्धिका कार्यक्रम तथा अविभावक, वि.व्य.स., शिक्षक अविभावक संघका सक्षमता विकास कार्यक्रम को व्यावस्थासंगै विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगका कार्यक्रम तय भएको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | योजनाको कार्यान्वयनका लागि सरोकारवालाको सहभागिताका लागि विद्यालय, अविभावक र सामुदायिक सिकाइ केन्द्रको सुदृढिकरण जस्ता नगन्य कार्यको व्यावस्था गरिनुका साथै योजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयनका लागि बार्षिक रणनीतिक योजना तथा बजेटको समेत उल्लेख भएको छ। यस योजनामा योजना बारे शिक्षक, शिक्षा समिति र पालिका जनप्रतिनिधि, कार्यपालिका सदस्यहरुलाई जानकारी र सुझावका लागि छलफल भएको छ तर जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण कार्यक्रम नै भन्ने क्रियाकलाप संचालन भएको पाइएन। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | योजनामा उल्लेख गरिएका तथ्याकंहरुको प्रस्ट रुपमा नै स्रोत खुलाइएको हुदाँ शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन स्थानीय तहका यथार्थ छ र लेखन कार्यमा स्थानीय शिक्षक, कर्मचारीहरुको प्रत्यक्ष सहभागीता भएकोले पनि स्थानीय तहको शैक्षिक सुचक तथा तथ्याकं संकलन गरी विश्लेषण तथा प्रक्षेपण भएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | योजनामा शैक्षिक क्षेत्रका समग्र उपक्षेत्र समेत संलग्न गरी योजनालाई पुर्णता दिएको छ र यसमा आठौं परिच्छेद अन्तर्गत समग्र अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी तथा प्रक्रिया समेत उल्लेख गरिएको छ। |

**निष्कर्ष**

यसरी माथि उल्लिखत बुदाँहरुमा आधारित रहेर हेर्दा यस फाल्गुनन्द गाउँपालिकाको ५ बर्षे स्थानीय तहको शिक्षा योजना नेपाल सरकार- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना निर्माण मार्ग दर्शन २०७९ तथा परिमार्जित ढाँचा १०८१ अनुरुप नै तय भएको छ। यस भित्रका उल्लेख भएका कतिपय क्रियाकलापहरु स्थानीय स्तरबाट तथा विद्यालय र अविभावक तहबाट नै विना लगानीमा तुरुन्तै शुरुवात गर्न सकिने खालका पनि रहेको पाइन्छ। यसकारण यस्ता स-साना तर तुरुन्त प्रभावकारीता दिन सक्ने क्रियाकलाप कार्यान्वयनका लागि वि.व्य.स. तथा विद्यालय नेतृत्वकर्ताहरुलाई शिक्षा योजना बारे जानकारी र कार्यान्वयनका लागि जिम्मेवारी बाँड्न थालनी गर्न सकिन्छ। यस योजनाका प्रभावकारी रुपमा कार्यान्वयनमा फाल्गुनन्दबासी सबैको उत्तिकै भुमिका र जिम्मेवारी त छदैछ तथापि अझ उच्च रुपमा सफलताका लागि शिक्षा शाखा/प्रमुख/कर्मचारी, जनप्रतिनिधि, गाउँ शिक्षा सिमितको प्रमुख भुमिका रहने छ। योजना पुर्ण सफलता पूर्वक कार्यान्वयनका लागि शुभकामना।

धन्यवाद।

लेखाजोखा गर्ने व्यक्ति

...........................

श्री हेमकृष्ण चापागाई

## योजनाको दस्तावेजको स्वरुप

यस फाल्गुनन्द गाउँपालिकाले शिक्षा शाखा तथा शिक्षा समिति मार्फत गाउँ कार्यपालिकाबाट प्रस्ताव स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) अनुस उल्लेखित ढाँचामा आधिरत यो ५ बर्षे स्थानीय तहको शिक्षा योजना तयार भएको छ ।

## परिच्छेद १ : परिचय

### १. १ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले समतामुलक, समावेशी र समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरेको छ। संविधानको अनुसुची ८ मा आधारभुत र माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारको हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रवन्ध गर्नु पालिकाको कर्तव्य हुन आएको छ। स्थानिय सरकार सञ्चालन ऐन २०७४ दफा २४ अनुसार पालिकाहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयहरुमा स्थानीयस्तरको विकासका लागि आवश्यक निति, रणनिति तथा योजना बनाई लागु गर्न पर्ने व्यवस्था गरिएको छ। स्थानिय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनको क्षेत्रमा जवाफदेही बनाउदै शैक्षिक सुशासन कायम गर्ने लक्ष्य राखेको छ। यसका साथ साथै निशुल्क अनिवार्य आधारभुत शिक्षा ऐन २०७५ र यसलाई कार्यान्वयन गर्न बनेको शिक्षा नियमावली २०७७, बालबालिकाको संवैधानिक अधिकार र प्राथमिकताहरु ग्यारेन्टी गर्न बनेको बाल अधिकार ऐन २०७५, राष्ट्रिय शिक्षा निति २०७६ हरुले दिएको निर्देशनहरुले शिक्षा क्षेत्रमा सुधार र परिवर्तन गर्दछ भन्ने विश्वास लिएको छ। समृद्ध नेपाल र सुखी नेपाली आकाक्षां पुरा गर्न नेपालले आफुलाई अल्पविकसित देशबाट वि.स. २०८३ सम्ममा विकासशील र वि.स. २१०० सम्ममा विकसित देशको हैसियतमा पुग्ने योजना तय गरेको छ। विकासशील र विकसित राष्ट्रको गन्तव्य विन्दुमा पुग्नको लागि मुख्य माध्यम भनेको प्रभावकारी र कार्यान्वयनकारी शिक्षा योजना र कार्यान्वयन नै मुख्य हो।

यसर्थ संघीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना (२०२२–२०३२) ल्याएको छ जुन स्थानीय तहको शिक्षा क्षेत्र योजना तर्जुमा गर्न मार्गदर्शक हुनसक्छ। यसै दस्तावेजमा आधारित भएर शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय तहहरुलाई सहजीकरणका लागि स्थानीय तह शिक्षा योजना निर्माण मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) ल्याएको छ। फाल्गुनन्द गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ मा प्रदत्त अधिकारहरुको आधारमा गाउँपालिकापको ५ बर्षे आवधिक योजना समेत तय गरी कार्यान्वयनमा ल्याएको छ। गाउँपालिकाका यस आवधिक योजनाको विषयगत उपक्षेत्र अन्तर्गत शिक्षालाई प्राथमिकतामा राखी रणनितिको रुपमा आधारभुत शिक्षा सम्बन्धी निति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने कुरा उल्लेख छ। यसर्थ माथि उल्लेखित निति, रणनिति तथा शिक्षा योजना निर्माण मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) को आधारमा फाल्गुनन्द गाउँपालिकाले ५ बर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरेको छ।

#### १.१.१ भौगोलिक अवस्थिति

फाल्गुनन्द गाउँपालिका विश्व मानचित्र अनुसार २७.०२$^0$ उत्तरी अक्षांश र ८७.७२$^0$ पूर्वी देशान्तरमा पर्दछ। समुन्द्री सतहदेखि यो गाउँपालिका न्यूनतम ७०० मिटरदेखि अधिकतम २७५० मिटर उचाइको भुगोलमा अवस्थित छ। फाल्गुनन्द गाउँपालिकाको कुल क्षेत्रफल १०७.५३ वर्ग कि.मि. छ। साविकको नवमीडांडा, इम्बुङ, पौवा सारताप, चिलिङदेन, फाक्तेप र आङसराङ गरी ६ गाउँ विकास समितिलाई मिलाएर २०७३ फागुन २७ गते यस गाउँपालिका स्थापना भएको हो। ७ वडामा विभाजित यस गाउँपालिका जिल्ला सदरमुकामबाट करीब ३० किलोमिटर दक्षिण दिशातर्फ अवस्थित छ। गाउँपालिकाको पुर्वमा इलाम जिल्लाको फाल्गुनन्द गाउँपालिका, पश्चिममा कुम्मायक गाउँपालिका, उत्तरतर्फ फिदिम नगरपालिका र दक्षिणतर्फ मिक्लाजुङ गाउँपालिका पर्दछ। यो पालिका

निर्वाचन क्षेत्रका हिसाबले प्रतिनिधि सभाका लागि पाँचथर जिल्ला एक मात्र निर्वाचन क्षेत्र तर प्रदेशसभाका लागि २ दुई निर्वाचन क्षेत्र निर्धारण भएको हुदाँ यो गाउँपालिका निर्वाचन क्षेत्र नं. २ मा पर्दछ।

### १.१.२ जनसंख्यिक संरचना

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या २१,२८९ रहेको छ। जस मध्ये पुरुष ४८.९ प्रतिशत र महिला ५१.१ प्रतिशत रहेका छन्। सोही अनुसार लैंगिक अनुपात प्रति ९५.६३ रहेको छ। जनघनत्व १९८ जना प्रति वर्ग किलोमिटर रहेको छ भने ५२७८ घरघुरी रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या विवरण तालिका र समूहगत जनसंख्या विवरण ग्राफमा राखिएको छ।

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १६७७ | १७६८ | ३४४५ |
| २ | ९५६ | ९५४ | १९१० |
| ३ | २०२५ | २१०२ | ४१२७ |
| ४ | १६५२ | १७३३ | ३३८५ |
| ५ | १७९३ | १८१९ | ३६१२ |
| ६ | ११७९ | १३१८ | २४९७ |
| ७ | ११२५ | ११८८ | २३१३ |
| जम्मा | १०४०७ | १०८८२ | २१२८९ |



### अपाङ्गताका आधारमा पालिकाको जनसङ्ख्या बनोट

| क्षेत्र | जनसङ्ख्या |
|---|---|
| जम्मा जनसङ्ख्या | २१२८९ |
| कुनै किसिमको अपाङ्गता नभएको जनसङ्ख्या | २०७४७ |
| शारीरिक अपाङ्गता भएका | २११ |
| अन्धोपना /न्यूनदृष्टि भएका | ९७ |
| बहिरोपना/सुनाइमा समस्या भएका | ९१ |
| बहिरा/अन्धापन भएका | १० |
| बोलाइमा समस्या भएका | ३५ |
| मानसिक समस्या भएका | २८ |
| बौद्धिक अपाङ्गता भएको | १६ |
| Hemo- philia | ३ |
| Autism | ३ |
| बहु–अपाङ्गता भएका | ४५ |
| नखुलेको | ३ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

### १.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था

नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ, सात प्रदेश र ७५३ स्थानीय तहको गठन भएको छ, जसमा पाँचथर जिल्लामा ८ स्थानीय तहको गठन भएको छ। फाल्गुनन्द गाउँपालिका मेची अञ्चलको पाँचथर जिल्लामा अवस्थित छ। विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसंख्या २५,००० रहेको छ। स्थानीयवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ७ वटा वडामा विभाजन गरिएको छ। साविकका नवमीडाँडा, इम्बुङ, पौवा सारताप, चिलिङदिन, फाक्तेप र आङसराङ गा.वि.स.लाई समावेश गरि यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको पूर्वमा ईलामको फाल्गुनन्द गाउँपालिका र पश्चिममा कुम्मायक गाउँपालिका, उत्तरमा फिदिम नगरपालिका र दक्षिणमा मिक्लाजुङ गाउँपालिका रहेका छन्। यो गाउँपालिका पाँचथर जिल्लाको दक्षीण पश्चीम क्षेत्रको दुर्गम स्थानमा रहेको गाउँपालिका हो । यस गाउँपालिकामा ६४ प्रतिशत लिम्बु ७ प्रतिशत क्षेत्री बाहुन ४ प्रतिशत राई १३ प्रतिशत तामाङ २ प्रतिशत दलित लगायतका अल्पसङख्यक र अन्य जातीको बसोबास रहेको छ। यो गाउँपालिका सदरमुकाम फिदिम देखी लगभग १५ कि.मि. टाढा रहेको छ। यो लब्रेकुटी, सिलौटी डाडा, पौवाभञ्ज्याङ, तिजोक डाँडा, नाम्तोक डाँडा, सुकेपोखरी लगायत

अन्य थुप्रै प्राकृतिक तथा नाम्सामी–केसामी, युमा माङहिम, सिंहदेवी मन्दिर, निवुखोला स्थित पवित्र तिर्थस्थल साप्सु आदिजस्ता धार्मिक सम्पदाहरुले सजिएर रहेको गाउँपालिका हो । यस गाउँपालिकालाई ७ वडामा बिभाजन गरीएको छ । यसमा आदिबासी जनजातीको बाहुल्यता रहेको छ।

फाल्गुनन्द गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । यहाँ बसोबास गर्ने प्रमुख दश जातिहरु लिम्बु, तामाङ ब्रमाण  राई परियार विश्वकर्मा क्षेत्री  नेवार सुनुवार र मगर रहेका छन् ।

| जात | दुवै लिङ्ग | पुरुष | महिला |
|---|---|---|---|
| **याक्थुङ/लिम्बु** | ६४.९ | ६५.६ | ६४.४ |
| **तामाङ** | १३.१ | १२.७ | १३.४ |
| **ब्राह्मण – पहाड** | ७.९ | ७.९ | ७.९ |
| **राई** | ४.६ | ४.४ | ४.८ |
| **परियार** | २.४ | २.४ | २.४ |
| **विश्वकर्मा** | २.१ | २.० | २.२ |
| **क्षेत्री** | १.८ | १.८ | १.८ |
| **नेवाः (नेवार)** | १.४ | १.३ | १.५ |
| **सुनुवार** | ०.६ | ०.६ | ०.६ |
| **मगर** | ०.५ | ०.४ | ०.५ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

### १. १.४ आर्थिक अवस्था

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि हो । अधिकाशं जनसंख्या कृषि पेशामा आबद्ध छन् । यसका अलावा नोकरी, व्यवसाय, ज्याला मजदुरीमा पनि यस क्षेत्रका बासिन्दाहरुको आबद्धता छ । घरधुरी सर्वेक्षण २०७७ अनुसार करीब १३३९० जनसंख्या कृषिमा, ७३९ जना व्यापारमा, १००७ जना जागिरमा, १२२१ जना ज्याला मजदुरीमा र २१६ उद्यम व्यावसायमा आबद्ध छन् । यसैगरी १४ बर्ष माथिका पेशा विहिन संख्या करीब १८४३ छ ।

तरकारी, दलहन, फलफुल र नगदे बालीको उत्पादन यस गाउँपालिकामा उत्पादन भए पनि अन्नबाली नै प्रमुख उत्पादन हो । यस अन्तर्गत धान, मकै, कोदो, गहुँ मुख्य हो । यसै गरी अलैंची, अदुवा, अम्रिसो, चिराइतो, तोरी, दाल, आलु पनि यस क्षेत्रको प्रमुख बालीमा पर्दछ । यस पालिका क्षेत्रमा आफ्नो उत्पादनले बर्षभरि खान पुग्ने वा बेचविखन गर्न पुग्ने परिवार ज्यादै न्युन छ । गाउँपालिका घरधुरी सर्वेक्षण २०७७  (पाश्र्वचित्र) अनुसार, कुल घरधुरी ५४६०मा ७५ घरले मात्र उपभोग गरी बाँकी रहेको उत्पादन विक्री गर्ने गरेको देखाउछ । आफ्नो उत्पादनबाट ३ महिना खान पुग्ने २१८८ घर, ६ महिना पुग्ने १९२१ र ९ महिना पुग्ने ९५८ घर रहेको छ ।

जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको आर्थिक रुपले सक्रिय जनसंख्या को प्रतिशत ८०.५ रहेको छ भने त्यसैगरी कुनैन कुनै पेशामा सक्रिय सहितको जनसंख्या रहेको आधारमा ९५.५ प्रतिशत रोजगारी रहेका छन् ।

### १. १.५ शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको  निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याकं अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या २१२८९ रहेको छ । जसमा साक्षरताको अवस्था  ८०.९ प्रतिशत (१७२२३) साक्षर रहेको छ ।

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ८०.९ प्रतिशत (१७२२३) रहेको छ भने अझै पनि १९.१प्रतिशत जनसङ्ख्या निरक्षर रहेको छ । महिलाभन्दा पुरुषको साक्षरता प्रतिशत करीब १४ प्रतिशतले बढी रहेको छ ।  हाल यसमा केही सुधार आएको अनुमान गर्न सकिन्छ ।

**साक्षरताको अवस्था**

| क्र.स. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | जम्मा जनसंख्या(५ वा सो भन्दा बढी उमेरका) | १९५४४ | ९५५० | ९९९४ |
| २ | पढ्न लेख्न सक्ने | १५८०२ | ८४०८ | ७३९४ |
| ३ | पढ्न मात्र सक्ने | २९ | १८ | ११ |
| ४ | पढ्न लेख्न नसक्ने | ३७११ | ११२३ | २५८८ |
| ५ | उल्लेख नभएको | २ | १ | १ |
| ६ | साक्षरता दर | ८०.९% | ८८% | ७४% |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

**शैक्षिक योग्यताका आधारमा पालिकाको जनसंख्याको बनोट**

| क्र.स. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | जम्मा जनसंख्या(५ वा सो भन्दा बढी उमेरका) | १५७८९ | ८४०५ | ७३८४ |
| २ | नर्सरी  वा प्राथमिक बालिवकास तह | ५१५ | २५९ | २५६ |
| ३ | आधारभुत तह (१–५ कक्षा) | ४३५० | २३६१ | १९८९ |
| ४ | आधारभुत तह (६–८ कक्षा) | ३५४६ | १९५५ | १५९१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | माध्यमिक तह (९–१० कक्षा) | ३०४९ | १६५९ | १३९० |
| ६ | एस.ई. ई वा सो सरह | १९३२ | ९९६ | ९३६ |
| ७ | माध्यमिक तह (११-१२ ) | १५७६ | ७६३ | ८१३ |
| ८ | स्नातक तह वा सो सरह | २९० | १४१ | १४९ |
| ९ | स्नातकोत्तर तह वा सो सरह | १४८ | ९३ | ५५ |
| १० | अन्य | १०२ | ५४ | ४८ |
| ११ | अनौपचारिक शिक्षा | २१६ | ९३ | १२३ |
| १२ | नखुलेको | ६५ | ३१ | ३४ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

यस पालिका क्षेत्रभित्र ४० वटा सामुदायिक र ७ वटा संस्थागत गरी जम्मा विद्यालयहरूको संख्या ४७ रहेको छ । आ.व. २०८१/८२ को शैक्षिक सुचना व्यवस्थापन प्रणालीको तथ्याकं अनुसार प्रारम्भिक बालविकास ४० कक्षा १–५ संचालित विद्यालय २३, कक्षा ६–८ संचालित ७, कक्षा ९–१० संचालित ३ र कक्षा ११–१२ संचालित १० विद्यालय रहेको छ । कक्षा १ देखि कक्षा १० सम्मको विद्यार्थी संख्या ४५४४ जना, जसमा छात्रा २४०४ र छात्र २१४० जना रहेको छ ।

आ.व. २०८१/८२ को शैक्षिक सुचना प्रणालीको तथ्याङकलाई हेर्दा फाल्गुनन्द गाउँपालिकाभित्र वालविकास केन्द्रमा अध्ययन गर्ने वच्चाहरुको संख्या ३९० जना,कक्षा १ देखि कक्षा ५ सम्मको विद्यार्थीहरुको कुल संख्या १५४० जना, कक्षा ६-८ मा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या १३५४ र कक्षा ९-१२ मा भर्ना भएका विद्यार्थीहरु १२६०जना रहेको देखिन्छ । तुलनात्मक रुपमा छात्रहरुको संख्या छात्रा भन्दा बढी रहेको पाईन्छ ।

### विद्यालयहरूमा रहेका विद्यार्थी विवरण :

| तह | लिङ्ग | सामुदायिक विद्यालय (४०) | संस्थागत विद्यालय (७) | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | छात्रा | २१३ | १३४ | ३४७ |
| | छात्र | २४२ | १३५ | ३७७ |
| | जम्मा | ४५५ | २६९ | ७२४ |
| कक्षा १ | छात्रा | १६३ | ८४ | २४७ |
| | छात्र | १५२ | ९२ | २४४ |
| | जम्मा | ३१५ | १७६ | ४९१ |
| कक्षा २ | छात्रा | १०१ | ५३ | १५४ |
| | छात्र | ११७ | ८२ | १९९ |
| | जम्मा | २१८ | १३५ | ३५३ |
| कक्षा ३ | छात्रा | ९८ | ६० | १५८ |
| | छात्र | १०० | ९७ | १९७ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १९८ | १५७ | ३५५ |
| कक्षा १ देखी ३ जम्मा | छात्रा | ३६२ | १९७ | ५५९ |
| | छात्र | ३६९ | २७१ | ६४० |
| | जम्मा | ७३१ | ४६८ | ११९९ |
| ४ | छात्रा | १३७ | ६६ | २०३ |
| | छात्र | ११८ | ७३ | १९१ |
| | जम्मा | २५५ | १३९ | ३९४ |
| ५ | छात्रा | १८६ | ५१ | २३७ |
| | छात्र | १४९ | ७१ | २२० |
| | जम्मा | ३३५ | १२२ | ४५७ |
| कक्षा १ देखी ५ जम्मा | छात्रा | ६८५ | ३१४ | ९९९ |
| | छात्र | ६३६ | ४१५ | १०५१ |
| | जम्मा | १३२१ | ७२९ | २०५० |
| ६ | छात्रा | १०४ | ३६ | १४० |
| | छात्र | ११९ | ३८ | १५७ |
| | जम्मा | २२३ | ७४ | २९७ |
| ७ | छात्रा | १४८ | २३ | १७१ |
| | छात्र | १४४ | २५ | १६९ |
| | जम्मा | २९२ | ४८ | ३४० |
| ८ | छात्रा | २१० | २६ | २३६ |
| | छात्र | २०० | २४ | २२४ |
| | जम्मा | ४१० | ५० | ४६० |
| कक्षा ६ देखी ८ जम्मा | छात्रा | ४६२ | ८५ | ५४७ |
| | छात्र | ४६३ | ८७ | ५५० |
| | जम्मा | ९२५ | १७२ | १०९७ |
| ९ | छात्रा | २२७ | १८ | २४५ |
| | छात्र | १८१ | २० | २०१ |
| | जम्मा | ४०८ | ३८ | ४४८ |
| १० | छात्रा | १५० | १२ | १६२ |
| | छात्र | १२४ | २७ | १५१ |
| | जम्मा | २७४ | ३९ | ३१३ |

| | | | | |
|---|---|---|---|---|
| ११ | छात्रा | ६२ | ० | ६२ |
| | छात्र | ५७ | ० | ५७ |
| | जम्मा | ११९ | ० | ११९ |
| १२ | छात्रा | १४१ | ० | १४१ |
| | छात्र | १२१ | ० | १२१ |
| | जम्मा | २६२ | ० | २६२ |
| कक्षा ९ देखी १२ जम्मा | छात्रा | ५८० | ३० | ६१० |
| | छात्र | ४८३ | ४७ | ५३० |
| | जम्मा | १०६३ | ७७ | ११४० |
| कक्षा ईसिडि देखी १२ जम्मा | छात्रा | १९४० | ५६३ | १७०३ |
| | छात्र | १८२४ | ६८४ | २५०८ |
| | जम्मा | ३७६४ | १२४७ | ५०११ |

**स्रोत: शिक्षा शाखा *EMIS* २०८२**

आधारभूत तह (१-५) मा १८५ जना शिक्षक, आधारभूत तह (६-८) मा ६१ जना शिक्षक माध्यामिक तह (९-१०) मा ५८ जना शिक्षक कार्यरत रहेका छन्। यसै गरी ४० जना बालविकास सहयोगी कार्यकर्ता रहेका छन्। समग्रमा हेर्दा आधारभूत तहमा ८०.९२ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा १९.०७ प्रतिशत मात्र रहेका छन्। शिक्षकको जम्मा सङ्ख्यामा पनि कुलमा ५६.५८ प्रतिशत स्थायी २१.३८ राहत, ३.२८ अनुदान र १३.८१ प्रतिशत स्थानीय तहबाट शिक्षकहरू रहेका छन्। लैङ्गिक रूपमा आधारभूत तहमा ….. प्रतिशत र माध्यमिक तहमा ….. प्रतिशत महिला शिक्षक रहेका छन्। यस पालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तहमा प्रति शिक्षक २० जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा १९ जना  रहेका छन्। त्यसमा पनि कक्षा १-५ मा प्रति शिक्षक ७ जना मात्र विद्यार्थी रहेको छ।

### सामुदायिक विद्यालयहरूमा रहेका शिक्षकहरूको विवरण:

| क्र.सं. | तह | स्वीकृत दरबन्दी | राहत | अनुदान | प्रदेश स्वयंसेवक | संघीय अनुदान | स्थानीय तह स्वयंसेवक | मातृभाषा शिक्षक | कुल जम्मा | शिक्षाक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तह १-५ | १२७ | २७ | ० | ० | ० | ९ | २२ | १८५ | १:७ |
| २ | आधारभुत तह (६-८ | २८ | २० | ० | १ | ४ | ८ | ० | ६१ | १:२० |
| ३ | माध्यमिक तह (९-१२) | १७ | १८ | १० | १ | ९ | १ | २ | ५८ | १:१९ |
| | **जम्मा** | **१७२** | **६५** | **१०** | **२** | **१३** | **१८** | **२४** | **३०४** | **१:१३** |

**स्रोत: शिक्षा शाखा *EMIS* २०८२**

यस गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिँदै आएको छ। हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ। विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ । CEHRD Flash Report २०८० को आधारमा केहि शैक्षिक तथ्यांकहरुलाई तलको तालिकामा विश्लेषण गरिएको छ।

| **इसिडिको कुल भर्नादर** | **छात्रा** | **८०.३** |
|---|---|---|
| | छात्र | ८१.४ |
| | जम्मा | ८०.९ |
| **इसिडिको खुद भर्नादर** | छात्रा | ६३.० |
| | छात्र | ५३.२ |
| | जम्मा | ५८.० |
| **कुल प्रवेशदर कक्षा १** | छात्रा | १०१.२ |
| | छात्र | १११.६ |
| | जम्मा | १०६.६ |
| **खुद प्रवेशदर कक्षा १** | छात्रा | ९३.८ |
| | छात्र | ९२.४ |
| | जम्मा | ९३.१ |
| **कुल भर्नादर कक्षा १ बाट ५** | छात्रा | १११.४ |
| | छात्र | १०५.९ |
| | जम्मा | १०८.६ |
| **खुद भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९६.४ |
| | छात्र | ९६.२ |
| | जम्मा | ९६.३ |
| **कुल भर्नादर कक्षा ६ बाट ८** | छात्रा | १२१.२ |
| | छात्र | १२४.८ |
| | जम्मा | १२२.९ |

| | | |
|---|---|---|
| **खुद भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ९२.७ |
| | छात्र | ९३.० |
| | जम्मा | ९२.९ |
| **कुल भर्नादर कक्षा १ बाट ८** | छात्रा | ११५.४ |
| | छात्र | ११३.३ |
| | जम्मा | ११४.४ |
| **खुद भर्नादर कक्षा १ बाट ८** | छात्रा | ९४.९ |
| | छात्र | ९५.० |
| | जम्मा | ९४.९ |
| **कुल भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ९४.३ |
| | छात्र | ९५.६ |
| | जम्मा | ९४.९ |
| **खुद भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ६८.२ |
| | छात्र | ८४.८ |
| | जम्मा | ७५.९ |
| **कुल भर्नादर कक्षा ११ बाट १२** | छात्रा | ८६.४ |
| | छात्र | ८५.६ |
| | जम्मा | ८६.० |
| **खुद भर्नादर कक्षा ११ बाट १२** | छात्रा | ५०.७ |
| | छात्र | ३४.४ |
| | जम्मा | ४३.३ |
| **कुल भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ९०.३ |
| | छात्र | ९०.६ |
| | जम्मा | ९०.४ |

| | | |
|---|---|---|
| **खुद भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ५९.२ |
| | छात्र | ५९.५ |
| | जम्मा | ५९.३ |
| **कक्षा ८ सम्मको टिकाउदर** | छात्रा | ८८.४ |
| | छात्र | ८०.३ |
| | जम्मा | ८४.५ |

**स्रोत**:***CHERD (Annex) Report-2081(2024-25)***

| | | दोर्हाउने दर | छोड्ने दर | उतिर्ण दर |
|---|---|---|---|---|
| **कक्षा १-५** | छात्रा | ९.६ | १२.७ | ७७.८ |
| | छात्र | ७.९ | १०.७ | ७८.५ |
| | जम्मा | ८.७ | ११.७ | ७९.५ |
| **कक्षा ६- ८** | छात्रा | १४.६ | ४.४ | ८१.० |
| | छात्र | १६.५ | ५.० | ७८.५ |
| | जम्मा | १५.५ | ४.७ | ७९.८ |
| **कक्षा ९- १०** | छात्रा | २.२ | ४.४ | ९३.४ |
| | छात्र | ०.४ | ७.७ | ९१.९ |
| | जम्मा | १.३ | ६.० | ९२.७ |
| **कक्षा ११- १२** | छात्रा | ०.० | २.३ | ८९.९ |
| | छात्र | १.० | ४.७ | ८६.० |
| | जम्मा | ०.५ | ३.४ | ८८.१ |

**स्रोत**:***CHERD (Annex) Report-2081(2024-25)***

यसरी तथ्यांकलाई विश्लेषण गर्दा अझै पनि बालबालिकाहरु विद्यालय बाहिर रहेका प्रणालीमा टिकाउ हुन कठिन रहेको र समयमा भर्ना नहुने अवस्था यस पालिका देखिन्छ भने लैङ्गिक रुपमा छात्र र छात्राको अवस्थामा पनि फरक रहेकाले समतामुलक गुणस्तरीय शिक्षामा सबैको पहुँच पुर्याउनु आजको आवश्यकयता बनेको देखिन्छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

क) समस्या वृक्ष र विश्लेषण




यस फाल्गुनन्द गाउँपालिकाको शिक्षा सम्बन्धी अन्य समस्याहरु यस प्रकार छन्-

- सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहगभीगता हुन नसक्नु ।
- विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- व्यासायिक तथा प्राविधिक शिक्षाको अभाव
- तहगत ,क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- पठन सँस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक सिकाई केन्द्र , सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तारमा कमि
- सार्वजनिक तथा निजि लगानीका शैक्षिक सस्थाको उचित व्यवस्थापन गर्न नसक्नु

- शिक्षण सिकाई तथा मुल्याङ्कन प्रक्रियामा प्रभावकारीता ल्याउन नसक्नु
- विद्यालय शिक्षामा सबैको पँहुच समता गुणस्तर सुशासन व्यावस्थापन तथा सिकाईका लागि न्युनतम आवश्यक बातावरण सिर्जना नहुनु
- निरन्तर सिकाईका लागि सिकाई केन्द्रहरुको क्रियाशिलता नहुनु
- विद्यालय भवन, कक्षा कोठा, पुस्तकालय, खानेपानी, व्यवस्थित शौचालय, प्रयोशाला, बुक कर्नर व्यवस्थित नहुनु
- सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु
- अभिभावकहरूमा सामुदायिक विद्यालय प्रति विश्वास जगाउन नसक्नु ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा समतामूलक पहुँच पुग्न नसक्नु ।
- बीचैमा विद्यालय छाड्ने दर बढ्दो हुनु ।
- बिशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु ।
- शैक्षिक सुधारका लागि गुणस्तरलाई स्पष्टरूपमा परिभाषित गर्न नसक्नु ।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने  व्यावहिरक र वैज्ञानिक खालको बनाउन नसक्नु ।
- निरक्षर जनसङ्ख्यालाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसक्नु ।
- सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा बृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसक्नु
- दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको समेत क्षमता अभिबृद्धि गर्न नसक्नु।
- शिक्षकका लागि पुनर्ताजगी  तालिमको  न्युन उपलब्धता तथा तालिममा सिकेका ज्ञान तथा सीपहरू कक्षाकोठामा न्युन मात्रमा प्रयोग हुनु ।
- शिक्षा दीर्घकालिन रूपमा प्रतिफल दिने क्षेत्र भएको तर सरोकारबालाहरूबाट तत्काल नतिजा खोज्ने प्रवृति कायम रहनु ।
- स्पष्ट जिम्मेबारी तोकी ऐन नियम नआउँदा तिनै तहका सरकारहरू बीच कार्य सम्पादनको क्रममा अन्यौलता कायमै रहनु ।
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको  विकास गर्न नसक्नु
- सिकाइ उपलब्धीको स्तरमा अपेक्षाकृत रुपमा वृद्धि नहुनु
- गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाईबाट अनुगमन र पृष्ठपोषण प्रणालीको अभ्यासमा कमी
- विद्यार्थी र विद्यालय शिक्षकहरुको अनुपात मिलान नहुनु
- बालमैत्री कक्षा कोठा तथा भवनहरुको व्यवस्थापन नहुनु ।
- जवाफदेही शिक्षकहरुलाई पुरस्कृत गर्न नसक्नु ।
- शिक्षामा राजनितिक प्रभाव पर्नु ।
- शिक्षकहरुले पूर्व तयारी बिना कक्षा प्रवेश तथा शैक्षिक सामाग्रीको कम प्रयोग ।
- समयानुकुल प्रविधिमैत्री शिक्षण सिकाईको अभाव ।

- अभिभावक शिक्षाको कमी।

## ख) शिक्षा क्षेत्रको चुनौतीको SWOT विश्लेषण

यस गाउँपालिका शिक्षा क्षेत्रसंग सम्बन्धित वस्तुस्थित विश्लेषाण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं गाउँपालिकाको भावी मार्ग चित्र बारे सहभागीतात्मक छलफलबाट पहिचान भएका शिक्षा क्षेत्रका समग्र सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरु विश्लेषण गरी देहाय बमोजिम उल्लेख गरिएको छ।

स्थानीय तहको शिक्षा योजना

| सवल पक्ष | सुधारात्मक पक्ष |
| --- | --- |
| ● प्रारम्भिक बालविकास केन्द्रहरु स्थापना तथा संचालन भईरहेको अवस्था ।<br>● संवैधानिक तथा कानुनी आधारहरु प्रसस्त व्यवस्था हुनु ।<br>● स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु ।<br>● बालबालिकाहरुका लागि दिवा खाजा, स्यानेटरी प्याड, लक्षित विद्यार्थी छात्रवृत्तिको व्यास्थापन हुनु ।<br>● खुद भर्नादर र सिकाई उपलब्धी सन्तोषजनक रहनु ।<br>● विद्यालयहरुमा आईसिटी, डिजिटल उपकरणहरुको व्यवस्थापन तथा जडान हुनु ।<br>● विद्यालयमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्थापन थालनी हुनु ।<br>● तीन तहको सरकार र अन्य संघसंस्थाबाट शिक्षामा लगानी हुनु ।<br>● विद्यालयका प्रायः भवनहरु पर्याप्त हुनु ।<br>● गाउँपालिकाले विद्यालयको आवश्यकताको आधारमा अनुदान उपलब्ध गराउनु ।<br>● गाउँपालिकाले भाषा शिक्षकको दरबन्दी सृजना गरी शिक्षक व्यवस्थापन र पठनपाठन गर्नु । | ○ प्रारम्भिक कक्षा १, ३ र ५ लाई प्राथमिकतामा राख्नु पर्ने ।<br>○ प्राविधिक शिक्षालय संचालन विस्तार गर्नु पर्ने ।<br>○ शिक्षकलाई प्रयाप्त तालिमको व्यवस्था गर्नु पर्ने ।<br>○ तालिम प्राप्त शिक्षकहरुले विद्यालयमा प्रभावकारी रुपमा ज्ञान हस्तान्तरण गर्नुपर्ने ।<br>○ विद्यालयमा शैक्षिक सामाग्री, खेलकुद लगायत आधारभुत भौतिक पुर्वाधारहरुको व्यवस्थापन गर्नुपर्ने ।<br>○ विद्यालयका भौतिक संरचनाहरु बालमैत्री, अपागंतामैत्री,लैगिंकमैत्री तथा सिकाईमैत्री वातावरण भएको बनाउनु पर्ने ।<br>○ सबै विद्यालयमा बालमैत्री सिकाई वातावरण विधि अवलम्बन हुनुपर्ने ।<br>○ आवसीय तथा एकिकृत विद्यालय संचालनलाई प्राथमिकतामा राख्नु पर्ने ।<br>○ पालिका तथा वडा जनप्रतिनिधि तथा शिक्षा समिति साथै शिक्षा शाखाबाट विद्यालय र शिक्षण अनुगमन तथा पृष्ठपोषण निरन्तर हुनुपनर्ने । |
| **अवसर** | **चुनौती** |
| ● शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्धि गर्न सकिने अवस्था देखिनु,<br>● राज्यले छात्रवृत्ति तथा शैक्षिक सहायता अनुदान कार्यक्रम मार्फत विद्यालयलाई आर्थिक सहयोग गर्नु ।<br>● विद्यालय शिक्षामा सुधारका लागि गाउँपालिकामा विभिन्न कार्यक्रम लागु हुनु जस्तैः ह्युमन प्राक्टिस | ● शैक्षिक सुसासन उत्तरदायित्व अभिबृद्दि गर्नु<br>● शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु<br>● विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु,<br>● कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाई उपलब्धी |

| | |
|---|---|
| फाउण्डेशनको कार्यक्रम लागु हुनु,<br>● स्थानीय स्तरमा भएको रैथाने ज्ञान सीप र प्रविधिलाई आन्तरिकीकरण गर्न सकिने वातावरण हुनु ।<br>● विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुको विद्यालयमा पहुँच हुनु ।<br>● शिक्षामा लगानी गर्न  निजी क्षेत्रहरुको बढ्दो आकर्षण ।<br>● नेपाल सरकारको निति तथा कार्यक्रमहरुमा संसोधन गर्दै गुणस्तरीय शिक्षालाई प्राथमिकता ।<br>● बालबालिकाहरुलाई शिक्षा दिनु पर्ने पक्षमा अविभावकहरु सचेत ।<br>● वैकल्पिक शिक्षा, खुल्ला तथा अनौपचारिक शिक्षा र सामुदायिक सिकाई केन्द्रको व्यवस्था ।<br>● पालिकाको प्राथमिकतामा शिक्षा ।<br>● स्थानीय पाठ्यक्रम निर्माण ।<br>● मातृभाषा शिक्षा अध्ययन तथा अध्यापन । | हासिल गर्नु<br>● सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु ।<br>● भौगोलिक विकटताका कारण विद्यालय वालबालिकाको लागि टाढा हुनु यसको परिणाम स्वरुप वालबालिकाहरु बजार केन्द्रित निजि विद्यालय तर्फ आकर्षण हुनु ।<br>● प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ।<br>● प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वाधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिबृद्धि गर्नु ।<br>● स्थानीय मातृभाषामा पठनपाठन गराउँदा फरक भाषी विद्यार्थीहरुलाई अन्य कक्षा व्यवस्थापन गर्नु<br>● विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभाक संघ र अभिभावकहरुको भुमीकामा प्रभावकारिता अभिबृद्धि गर्नु<br>● शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु;<br>● बसाइ सराई  र विदेश पलायनका कारण विद्यार्थी संख्या घट्दो अवस्थामा हुनु ।<br>● भर्ना भएका विद्यार्थी टिकाइ राख्नु । |

स्थानीय तहको शिक्षा योजना

# परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

### २.१.१ **संवैधानिक प्रावधान**

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा ३१ :

१. प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

३. अपागंता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

४. दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपागंता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बामेजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

धारा ५१ राज्यका नीति :(ज) नागरिकका आधारभुत आवश्यकता सम्बन्धी नीति :

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदैं सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्टिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने .

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउदै लैजाने।

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सुचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवद्र्धन गर्ने ।

- धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा ५ : महिलाालाई शिक्षा, स्वास्थ्य। रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।
- धारा ३९ को बालबालिकाको हा सम्बन्धी :

  - उपधारा २: प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार,खेलकुद, मनोरञ्जन तथा सर्वागिण व्यक्तित्व विकासको हक हुने,

  - उपधारा३: प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागीताको हक हुने,

  - उपधारा ७: कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान वा अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने ,
- धारा ४० को दलितको हक सम्बन्धी:

  - उपधारा २: दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था र प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था,

- धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी:

  - उपधारा २: आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक र

  -उपधारा ५: अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपागंता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुन बामेजिम प्रथमिकताका साथ अवसर पाउने हक मा पनि लक्षित समुहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

### २.१.२. **स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४**

स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ को दफा ११ (२) ज : स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार)

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभुत शिक्षा, अविभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मुल्यांकन र नियमन

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्सामाग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालय नक्शाकंन, अनुमति, स्वीकृत, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापन

१४. आधारभुत तहको परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धीको परीषण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यावस्थापन

१७. ट्युसन, कोचि जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त क्रियाकलाप सञ्चालन

**दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्थाः**

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ।

२. योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासंग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपत् व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ।

३. योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरुको सहभागीता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछाडि पारिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बद्र्धन गर्न सघाउ पुर्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने

४. योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागीता गर्नुपर्ने छ।

५. अनुगमन तथा मूल्यांकन योजना तयार गर्नुपर्छ।

२.१.३ **संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी)**

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ **अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७**

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले ४ वर्ष पूरा भई १३ वर्ष उमेर पुरा नभएका प्रत्येक बालबालिकालाई आधारभुत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।

२. ४ बर्ष उमेर पुरा भएपछि कम्तीमा १ वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

३. दफा १४ अनुसार आधारभुत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुल्ला शिक्षा प्रदान गर्ने।

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था

७. दफा १८ मा अविभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामाग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्ने : स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकतानुसार सामुदायिक सिकाई केन्द्र, आधारभुत प्रौढ शिक्षा, परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकुलताका कारण विद्यालय जान नसकेका बालबालिका, अविभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउन पर्छ (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने : विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामाग्री, स्रोत कक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवसीय सुविधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामाग्री आदि (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द पिडित, घाइते तथा अपागंता भएका व्यक्तिका छोराछोरीलाई आधारभुत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

### २.२.दुर दृष्टि

**"फाल्गुनन्द गाउँपालिकाको समृद्धिको आधार, विद्यालय शिक्षाको गुणस्तरमा सुधार "**

### २. ३ लक्ष्य

विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धि गर्दै गुणस्तरीय सिकाइको लागि न्युनत्तम सिकाइ वातावरणको सुनिश्चित गर्ने।

### २. ४ उद्देश्य

- प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मका सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्नु ।
- सबै तहको सिकाइ उपलब्धिमा सुधार गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु,
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु,
- पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धी हासिल गर्नु।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि गर्नु।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउनु।
- सिकाई उपलब्धि बढाउन स्थानीय तहको आर्थिक, भौतिक तथा मानविय लगानीमा वृद्धि गर्नु,
- आपतकालीन तथा संकटपूर्ण परिस्थितीमा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वेकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।
- शिक्षकको पेशागत क्षमता अभिवृद्धिमा जोड दिदैं पेशागत विकासको समुचित व्यवस्थापन गर्नु।
- प्राविधिक व्यावसायिक तथा प्रविधियुक्त शिक्षाको आधार तयार गर्नु
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु
- सिकाइ क्रियाकलाप र सह क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्धि गर्नु ,

### २.५ रणनीति

- सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयको नक्शाकंन  गरी आवश्यकको अधारमा शैक्षिक सेवाको पहुँच विस्तार गर्ने।
- अनिवार्य तथा निशुल्क आधारभुत शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा सबै बालबालकाको समतामुलक पहुँच गुणस्तर र निरन्तरता सुनिश्चित गर्न विभिन्न प्रोत्साहन मुलक कार्यक्रम संचालन गर्ने।

- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याउने।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई निरन्तरता दिदै लाने ।
- शिक्षासंग सम्बन्धित निति नियम तथा योजनाहरु तथा निर्देशिकाहरुमा उल्लेखित प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयनमा गर्ने ।
- वित्तिय हस्तान्तरण अनुदान कार्यक्रमहरु मापदण्ड अनुसार समय सिमा भित्र सम्पन्न गर्ने।
- अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाईको महत्व बारे सामुदाय स्तरसम्म स्पस्ट र अपनत्व हुने खालका कार्यक्रम संचालन गर्ने।
- पाठ्यक्रमलाई परिमार्जन गरी वातावरण संरक्षणतथा जलवायु परिवर्तन जस्ता विषय समावेश गरी समयमनुकुल बनाउने।
- शिक्षक तथा सहजकर्ताहरुको सक्षामता अभिविद्धलाई प्राथिमकतामा राख्ने।
- संस्थागत विद्यालयलाई समय सापेक्ष, जवाफदेही र जन अपेक्षा अनुरुपको बनाउने।
- समावेशी र समतामूलक शिक्षाका लागि तथ्याकं संकलन तथा विश्लेषण गरी कार्यान्वियन योजना तय गरी लागु गर्ने।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने।
- विद्यालय व्यवस्थापन, सुशासन र, जवाफदेहिता का लागि कार्यनिति अनुसार क्रियाकलाप साथै नीतिगत व्यवस्थाहरुको पालनालाई प्राथमिकतामा राख्ने।
- स्थानीय तहको निती तथा कार्यक्रमगत रुपमा शिक्षा क्षेत्रलाई सम्बोधन गरी लगानीमा बृद्धि र व्यवस्थापन गर्ने।
- शिक्षा तथा विद्यालय क्षेत्रको अवस्था बारे नियमित रुपमा तथ्याकं अध्याविध गरी विपद तथा जोखिम व्वयस्थापन गर्दै सिकाइलाई निरन्तरता दिने।
- शिक्षकको क्षमता विकासको लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- प्राविधक व्यवसायिक तथा प्रविधयुक्त शिक्षाका लागि संभावित मापदण्ड पुग्ने शिक्षालयहरुलाइ सम्बन्धनका लागि समन्वय सहयोग गर्ने।
- प्रविधिकि विस्तार विकास र प्रयोग लागि शिक्षक तथा कर्मचारीहरुको सक्षमता अभिवृद्धि गर्ने।
- विद्यालयकका भैतिक संरचना समय सापेक्ष विकास र विस्तार गर्ने।
- न्यूनतम प्राथमिकताका अवस्थाहरु पुरा गर्न भएका भौतिक संरचनाहरुको मर्मत संभार तथा निर्माण हुनेलाई अनिवार्य गराइ सबै विद्यालयहरु न्यूनतम सकाई वातावरण भएको सुनिश्चित गर्ने।

### २.६ कार्यनीति

शैक्षिक योजनाको दुरदृष्टिलाई साकार पार्न तय गरिएका लक्ष्य र उद्देश्य पुरा गर्नका लागि तयार भएका रणनीतिको व्यवहारिक कार्यान्वयन गर्नका लागि गरिने कार्यक्रम तथा क्रियाकलाप निर्धारण गर्न प्रयोग गरिने नीति नै शैक्षिक कार्यनीति हुन् जसलाई रणनीतिको आधारका प्रस्तुत गरिएको छः

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागू गरी त्यसलाई निरन्तरता दिइनेछ ।
- आअश्कताके आधारमा विद्यालय नक्साकंनको आधारमा विद्यालय पुनर्वितरण, समायोजन र विस्तार गरिनेछ।
- पहुँचको सुनिश्चितताको लागि "एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व" कार्यक्रम लागू गरिनेछ।
- विद्यालय शिक्षा पहुँचमा बृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, पोशाक, शैक्षिक सामाग्री वितरण, अविभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अविभावकहरुको संयुक्त भेला र अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ।
- प्रत्येक विद्यालयमा मासिक रुपमा सिकाई आदानप्रदान गर्न सिकाई केन्द्रित मासिक बैठक संचालन गरिनेछ।
- प्रारम्भिक कक्षामा छापामय कक्षाकोठा व्यवस्थापन, शिक्षणसिकाइ सामग्री, सन्दर्भ पढाइ तथा गणितीय सामग्रीको ब्यवस्थापन, विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन, शिक्षकको क्षमताको विकास तथा पेशागत विकासमा सहयोग, कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ सीप परीक्षण, बालबालिकाहरुको लागि प्रारम्भिक पहिचान कार्यक्रम जस्ता क्रियाकलापहरु गरिनेछ।
- शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्य सामाग्री, सन्दर्भ सामाग्री, स्रोत सामाग्री, उपयुक्त कक्षा कोठा व्यवस्थापन, शिक्षकको पेशागत सक्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागू गरिनेछ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरुमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षिक सामग्री निर्माण कार्यक्रम लागू गरिनेछ।
- बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाउइनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवाला बीच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागू गरिनेछ।
- कक्षा १ देखि ३ लाई छापामय कक्षा कोठाको रुपमा विकास गरी एकिकृत पाठ्यक्रम कार्यान्वयनलाई जोड दिइनेछ र उक्त कार्यका लागि शिक्षक तालिमको व्यवस्था गरिनेछ।
- शिक्षण सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनछे।
- प्रधानाध्यापकहरुको नियमित मासिक बैठकलाई निरन्तरता दिदैं शैक्षिक गुणस्तर अभिबृद्धि तथा सिकाई उपलब्धी बारे अध्यावधि, पृष्ठपोषण र सुधारका लागि नियमित छलफल तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्ध गर्दै लगिनेछ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय (TST) थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याउने।
- सिकाइको लागि निरन्तर मूल्यांकनकालाई अनिवार्य गरी कक्षा ५ र ८ मा पालिका स्तरीय परीक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय तहद्वारा प्रत्येक विद्यालयमा कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धी तालिम (आधारभूत कम्प्युटर सम्बन्धी तालिम) कार्यक्रम सञ्चालन गरिनेछ।

- शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका शिक्षा शाखा मार्फत तहगत विषयगत शिक्षकहरुको तथ्याकं (रोष्टर) विद्यार्थी अनुपालको आधारमा दरबन्दी मिलन तथा व्यवस्थापन गरिनेछ ।
- सिमान्तकृत तथा पछाडि पारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागू  गरिनेछ ।
- सामुदायिक र सस्थागत विद्यालयहरु बीच सिकाई अनुभव आदान प्रदान गरिनेछ ।
- विद्यालय सुशासन कायम गर्न विद्यालय नेतृत्वलाई सक्षमता अभिबृद्धि, विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन निम्न कार्यनिति अवलम्वन गरिनेछ :
    - I. विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम
    - II. विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन
    - III. कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड
    - IV. शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन निरन्तरता
    - V. सामाजिक परीक्षणलाई नियमित र समयसीमा भित्र सम्पन्न गरी थप प्रभावकारी बनाउने
    - VI. सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाउने
    - VII. विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन चौमासिक रुपमा सूचना प्रविधि मार्फत  गाउँपालिकाले लिने प्रबन्ध मिलाउने ।
- विद्यालय शिक्षामा एकरुपता ल्यायनका लागि गाउँपालिकाले तयार गर्दै आएको शैक्षिक क्यालेण्डर तयार, छापा तथा प्रकाशनलाई प्रधावकारी रुपमा निरन्तरता दिइनेछ ।
- विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी र नतिजामुखी बनाउन सिकाइ आपुरण तथा द्रुत सिकाई योजनालाई समयमा नै कार्यान्वयन गरिनेछ ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था गरी प्राथमिक उपचारका लागि आवश्यक औषधीहरु अध्यावधिक अवस्थामा राखिनेछ ।
- विद्यालय, विद्यायल कार्यक्रम तथा समग्र शिक्षासंग सम्बन्धित कार्यलाई प्रभावकारी, चुस्त दुरुस्त बनाउन गाउँपालिकास्तरबाट गाउँ शिक्षा समिति, अविभावकबाट अनुगमन मुल्याकंन कार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षा क्षेत्रमा रिक्त रहेका दरबन्दी पुरा गर्न तथा आवश्यकता अनुसार कर्मचारी थप माग गन नीतिगत आधारमा  गाउँपालिका मार्फत संघ, प्रदेशमा समन्वय वा माग गरिनेछ ।
- दिवा खाजालाई प्रभावकारी रुपमा व्यवस्थापन तथा कार्यन्वियन गर्न स्थानीय उत्पादन, रैथाने प्रविधियुक्त खाजाको व्यवस्थापन गरिनेछ ।
- प्राविधिक तथा ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान   गरिनेछ ।
- अभिभावक ,समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहको पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।
- बालबालिकाहरुको सिकाइका लागि अभिभावक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागू  गरिनेछ ।

- आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षक विद्यार्थी अनुपात मिलान गरिनेछ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षक तथा मातृभाषा शिक्षक व्यवस्था गर्दै लगिनेछ ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- विपद व्यवस्थापन तथा तयारीका लागि कार्यविधि निर्माण गरी पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिने छ।
- गाउँ शिक्षा समितिको एक मापदण्ड तयार गरी बार्षिक श्रपमा पालिका स्तरीय उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति घोषषा गरी पुरस्कृत गर्दै जाने नीति अवलम्बन गरिनेछ।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न निर्देशिका अनुसार अनुगमन मुल्याकंन र विज्ञ समुह र रोष्टर निर्माण तथा परिचालन गरिनेछ।
- प्राविधिक तथा ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ।
- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै ल्याइनेछ।
- अभिभावक ,समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम कार्यान्वयन गरिन्छ।
- IEMIS प्रणाली अध्यावधिक अवस्थामा राख्न बार्षिक रुपमा शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने प्रविधिको प्रयोग प्रभावकारी बनाउन सबै विद्यालयमा १ शिक्षकलाई कम्पयुटर तालिमको व्यवस्था गरिनेछ। साथै कक्षा कोठामा, स्मार्टबोर्ड, सीसी क्यामेराको व्यवस्था समेत गरिनेछ।
- प्रत्येक विद्यालयमा कम्तिमा १ कम्प्युटर, १ प्रिन्टर, १ फोटोकपी मेशिनको र प्रोजेक्टरको व्यवस्था गरि पावर पोइन्टको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- हाल भएका विद्यालय भवनहरुलाईबालमैत्री अपागंता मैत्री लैगिंक मैत्री साथै न्यूनतम अवस्था पुरा हुने गरी मर्मत संभार गराइनेछ ।
- आगामी दिनमा निर्माण हुने भौतिक संरचनाहरु PMECs (न्यूनतम अवस्था पुरा भएका) साथै बालमैत्री अपागता मैत्री र लैगिंक मैत्री निर्माण गरी न्यूनतम सिकाइ वातावरण भएको अवस्था सुनिश्चित गरिनेछ।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न निर्देशिका अनुसार अनुगमन मुल्याकंन र विज्ञ समुह र रोष्टर निर्माण तथा परिचालन गरिनेछ।
- शिक्षण सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- शुद्ध पिउने पानी, व्यवस्थित शौचालय, सरसफाइ, खेलमैदान र खेल सामाग्रीको सबै विद्यालयमा व्यवस्थापन गर्न सम्बन्धित विद्यालयसंगको साझेदारीमा वडा तथा गाउँपालिकाबाट भौतिक पूर्वाधारमा जोड दिनेइनेछ। यसका लागि समुदाय (सेवा क्षेत्रका) लाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

## २.७ अपेक्षित उपलब्धी:

उल्लेखित रणनीति र कार्यनीति कार्यान्वयन पश्चात योजनाको अन्त्यमा हासिल गरिने अपेक्षित उपलब्धीहरु निम्नानुसार हुनेछन्।

- प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मका सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागीता सुनिश्चित भएको हुनेछ।
- सबै तहको शिक्षामा शैक्षिक गुणस्तर सुनिश्चित भएको हुनेछ।
- पाठ्यक्रमले तोके बामेजिमका सिकाई उपलब्धीहरु हासिल भएको हुनेछ।
- नवनिर्मित भौतिक पुर्वाधार  तथा हाल भएका भौतिक पुर्वाधार अपागंता मैत्री र बालमैत्री निर्माण तथा पुर्ननिर्माण भई सिकाई वातावरणमा सुधार आएको हुनेछ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
- विषयगत, कक्षागत, तहगत तथा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी व्यवस्थापन भएको हुनेछ।
- सुचना तथा सञ्चार प्रविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सबै विद्यालयमा कम्प्युटर र इन्टरनेटको व्यावस्था भई तालिम प्राप्त शिक्षकबाट विद्यालय तथा शिक्षाका कामकाज संचालन भएको हुनेछ।
- सीपमूलक शिक्षाबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतारिएको हुनेछ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाईको अवसर निरन्तर र सुनिश्चित भएको हुनेछ।
- आपतकालीन र संकटपूर्ण परिस्तिथिमा  पनि विद्यार्थीको सिकाईलाई निरन्तरता दिदै वैकल्पिक सिकाईको माध्यमहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
- ४० प्रतिशत विद्यालयहरुमा इ लाइब्रेरी, बुक कर्नरको व्यवस्था भएको हुनेछ।
- ४५ प्रतिशत विद्यालयहरुमा शुद्ध पिउने पानी छात्र र छात्राका लागि व्यवस्थित शौचालय,  सेनीटरी प्याड विर्सजन स्थान तथा डिस्पोजल मेशिन, सरसफाई, खेल सामाग्री र बगैचाको व्यवस्था भएको हुनेछ।
- शिक्षाको पेशागत सक्षमता अभिवृद्धिका लागि नीतिगत रुपमा भएको व्यवस्थाहरुको उच्चतम र प्रभावकारी रुपमा कार्यान्वयन गर्दै तामिल, गोष्ठीको आयोजना तथा सहभागीताका लागि निरन्तर पहल भएको हुनेछ।
- विद्यालय सुशासन प्रर्वद्धनलाई प्रभावकारी भई विद्यायल व्यवस्थापन समिति, शिक्षक अविभावक संघ, विद्यालय कर्मचारी परिवार जवाफदेही, उत्तरदायी र पारदर्शिता कायम भएको हुनेछ।
- परीक्षा र मूल्यांकन प्रणाली प्रभावकारी  भएको हुनेछ।
- सस्थागत विद्यालयलाई समय सापेक्ष, जवाफदेही र जन अपेक्षा अनुरुपको भएको हुनेछ।
- सिकाई उपलब्धीमा बृद्धि भएको हुनेछ।
- सबै विद्यालयमा कर्मचारी व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ।
- आधारभुत तहका कक्षाहरुलाई छापामय कक्षा कोठाका रुपमा व्यवस्थापन गरी एकीकृत पाठ्यक्रम अनुरुप अध्यापन भएको हुनेछ।
- एकीकृत पाठ्यक्रम अनुरुप अध्यापनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन शिक्षक तालिमको लागि पहल र व्यवस्थापन भएको हुनेछ।

- नेपाल सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरु समयमा नै र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सुचक र लक्ष्य निर्धारण:

विद्यालय शिक्षा क्षेत्र योजना २०२२ –२३/२०३१ –३२ ले विद्यालय शिक्षाको १० बर्षे कार्यनीतिबाट मुलुक तथा पालिकाले के के प्राप्त गर्ने भनी कार्यसम्पादन सुचक र तिनको लक्ष्य निर्धारण गरेको छ । तालिकामा प्रस्तुत सुचक वर्तमान अवस्थामा विश्लेषण गर्न किास गरिएका दिगो विकास लक्ष्य नं.४ को राष्टिय सुचकको ढाँचामा उल्लेखित सुचकबाट मुख्य मुख्य कार्यसम्पादन सुचक तय गरिएकोले स्थानीय तहको शिक्षा योजनामा पनि यस तालिकामा उल्लेखित सुचक अनिवार्य राख्नुपर्जे भएकाले सोही अनुसार सुचक र लक्ष्य राखिएको छ ।

### मुख्य कार्यसम्पादन सुचकहरु तथा लक्ष्य निर्धारण

| | प्रमुख कार्य सम्पादन सूचक | | लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | सुचकको स्रोत |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ७९.५ | ८६.५ | ९३.५ | CEHRD flash report 080 |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ६६.३ | ७०.३ | ७७.३ | |
| १.३ | | न्युनतम योग्यता पुरा भएका सहजकर्ताको प्रतिशत | २० | ३० | ४० | IEMIS- शिक्षा शाखा |
| १.४ | | आधारभूत तालिम प्राप्त सहजकर्ताको प्रतिशत | ७० | ८० | ९० | शैक्षिक अभिलेख/इमिस |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका (%) | ८१.२५ | ८६.२५ | ९१.२५ | इमिस |
| २.१ | आधारभुत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेशदर (%) | १०६.१ | १११ | ११६ | CHERD Flash Report/ इमिस |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ९६.० | ९८ | ९८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | १००.१ | १०५ | ११० | |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | ९५.७ | ९९ | ९९ | |
| २.५ | | आधारभूत तह (कक्षा १-५) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०५ | | ०.५ | |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | १०३.१ | १०८ | ११३ | |
| २.७ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ९४.६ | | ९९ | |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | १०१.१ | १०५ | ११० | |
| २.९ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ९५.३ | | ९९ | |
| २.१० | | आधारभूततह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.४ | | ० | |
| २.११ | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८७.७ | ९२ | ९७ | |
| २.१२ | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १-५ | २.९ | | १ | |
| २.१३ | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १-८ | ४.७ | | १ | |
| २.१४ | | कक्षा ३ को सिकाइ उपलब्धी दर (नेपाली) | २.२७ GPA | ३ | ३.५ | |
| २.१५ | | कक्षा ३ को सिकाइ उपलब्धी दर (गणित) | २.१ GPA | २.५ | ३.५ | |
| २.१६ | | कक्षा ३ को सिकाइ उपलब्धी दर (अंग्रेजी) | २.१६ GPA | २.५ | ३.५ | |
| २.१७ | | कक्षा ५ को सिकाइ उपलब्धी दर (नेपाली) | १.७२ GPA | २ | ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१८ | | कक्षा ५ को सिकाइ उपलब्धी दर (गणित) | १.५६ GPA | २ | ३ | इमिस- शिक्षा शाखा |
| २.१९ | | कक्षा ५ को सिकाइ उपलब्धी दर (विज्ञान तथा प्रविधि) | १.४७ GPA | २ | ३ | |
| २.२० | | कक्षा ८ को सिकाइ उपलब्धी दर (नेपाली) | १.९२ GPA | २ | ३.५ | |
| २.२१ | | कक्षा ८ को सिकाइ उपलब्धी दर (गणित) | १.७८ GPA | २.५ | ३.५ | |
| २.२२ | | कक्षा ८ को सिकाइ उपलब्धी दर (विज्ञान तथा प्रविधि) | १.९० GPA | २.५ | ३.५ | |
| २.२३ | | आधारभूत तह (कक्षा१-८) को महिला शिक्षकको प्रतिशत | ४४.७१ | ५४ | ८० | |
| ३.१ | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ९०.० | ९५ | ९९ | CHERD Flash Report-2080/ इमिस |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ८०.७ | ८५ | ९० | |
| ३.३ | | कक्षा ९-१२ को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ३.८२ | २ | ०.५ | |
| ३.४ | | माध्यमिक तह (कक्षा९-१२) को महिला शिक्षकको प्रतिशत | १० | २० | ५० | |
| ३.५ | | कक्षा १० को सिकाइ उपलब्धी दर | २.०१ GPA | | | |
| ४.१ | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | साक्षरता दर (१५ बाट २४ बर्ष | ९१.३% | | ९९ | |
| ४.२ | | साक्षरता दर (६ बर्षमाथि) | ८०.९% | | ९० | |
| ५.१ | **सुशासन तथा व्यवस्थापन** | आधारभूत तह (कक्षा १–५)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १: ७ | १: १५ | १: २५ | |
| ५.२ | | आधारभूत तह (कक्षा ६–८)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:२० | | १:३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.३ | | माध्यमिक तह (कक्षा ९–१०)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:१९ | | १:४० | |
| ६.१ | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ४०% | | ८०% | विद्यालय सर्वे |
| ६.२ | | आधारभुत | ४१% | | ८०% | |
| ७.३ | | माध्यमिक | ३६% | | ६०% | |
| ८ | **बजेट प्रतिशत** | स्थानीय तहले विनियोजन गरेको कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | ६% | | १५% | स्थानीय तह/ रातो किताब |

**Socure: Census 2078, Flash Report 2080, CEHRD and IEMIS 2082**

## परिच्छद :३ -शिक्षाका मुख्य उपक्षेत्र

### ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

प्रारम्भिक वालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो। नेपालको संविधानको धारा ३९ को बालबालिकाको हक उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक वालविकास तथा वाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले वालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगका रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। एक वर्षको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएकोले र नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि वालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयको सहयोगले यस गाउँपालिकामा  प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमको विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर फाल्गुनन्द गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक वालविकास तथा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरु समावेश गरिएको छ।

### ३.१. १. वर्तमान अवस्था

शिक्षा क्षेत्रको योजना २०२१–२०३० को तथ्याङ्क अनुसार हाल नेपालमा ३०,०३९ सरकारी अनुदान प्राप्त प्रारम्भिक वालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरु रहेका छन्। चार वर्ष उमेरका बालबालिकाको कुल संख्या ६,४०,००० मध्ये ४,३६,११५ (६७.२ प्रतिशत) प्रारम्भिक वालविकासमा भर्ना भएको देखिन्छ।

प्रारम्भिक वालविकास तथा शिक्षा चार वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको पहुँचमा पुर्याउन विगतदेखि संघीय सरकार,  स्थानीय सरकार, निजी क्षेत्रबाट संचालित वालविकास केन्द्र सञ्चालनमा रहेका छन्। फाल्गुनन्द गाउँपालिकामा हाल संघीय सरकारबाट अनुमति प्राप्त ४० वटा वालविकास केन्द्र, स्थानीय सरकारबाट अनुमति प्राप्त ४ वटा वालविकास केन्द्र र ७ वटा संस्थागत (निजी) विद्यालयमा आधारित वालविकास केन्द्र गरी सामुदायिक तर्फ ४० र संस्थागत तर्फ   ७  गरी जम्मा  ४७ वटा वालविकास कक्षा संचालनमा रहेका छन्। सामुदायिक विद्यालयको प्रारम्भिक वालविकास कक्षामा कार्यरत शिक्षकहरु सतप्रतिशत महिला रहेका छन् ।

फाल्गुनन्द गाउँपालिका भित्र सञ्चालित प्रारम्भिक वालविकास केन्द्रहरुको विवरण देहाय बमोजिम रहेको छः-

| संघिय सरकारबाट अनुमति प्राप्त | | गाउँपालिकाबाट अनुमति प्राप्त | | जम्मा |
|---|---|---|---|---|
| **विद्यालयमा आधारित** | समुदायमा आधारित | विद्यालयमा आधारित | समुदायमा आधारित | |
| **३०** | ६ | ३ | १ | ४० |

*(स्रोतः गाउँपालिका शिक्षा शाखा अभिलेख, २०८२)*

यस गाउँपालिकाले प्रारम्भिक वालविकास तथा शिक्षालाई आधारभूत शिक्षामा भर्ना हुनु पूर्व तयार गरिने एउटा बलियो आधार यो कार्यक्रमलाई मानेर कतिपय विद्यालयहरुमा बालविकास केन्द्रको कोटा नभई रहेको अवस्थामा सो विद्यालयहरुमा सहयोगी कार्यकर्ताको कोटा व्यवस्थापन गरी प्रारम्भिक वालविकास तथा शिक्षाको प्रत्येक विद्यालयमा शुरुवात गरेको छ । यस गाउँपालिकाले प्रारम्भिक बालविकास शिक्षा ३–४ वर्ष उमेर समूहको बालवालिकाले अध्ययन गर्ने कक्षा भएको साथै ५ वर्ष पूरा भएका बालबालिकालाई मात्र कक्षा १ मा भर्ना गर्ने नीतिको कारणले एक वर्ष वालविकास केन्द्रको पढाईले मात्र काक्षा १ भर्नाको आधार तयार नहुने कुरालाई मध्यनजर गरी के.जी. कक्षाको अवधारणा ल्याएर प्रत्येक सामुदायिक विद्यालयमा के.जी. कक्षा व्यवस्थापन गर्ने उद्देश्यका साथ के.जी. कक्षा स.का. को कोटा वितरण गरेको छ । वालविकास केन्द्रहरुमा रमाईलो पढाई कार्यक्रम सञ्चालनको लागि प्रत्येक सामुदायिक विद्यालयमा टि.भि. वितरण गरेको छ । यस गाउँपालिकाले प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमलाई सर्वसुलभ र गुणस्तरीय बनाउन लागी परेतापनि सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक तथा शिक्षाको अवसर सुनिश्चित गर्न भौगोलिक वनावट तथा दुरी अनुसार वालविकास तथा शिक्षा केन्द्र संचालन गर्न, प्रारम्भिक वालविकास तथा शिक्षा ३–४ वर्षको उमेर समूह लक्षित गरी तोकिएको उमेरमा बालबालिका भर्ना गराउन, निश्चित पाठ्यक्रमको निर्माण गर्न, अभिभावकहरु जिम्मेवार र आकर्षण गर्न, पोषण,स्वास्थ्य, दिवा खाजा लगायत बालबालिका सहायता प्रणालीको उचित व्यवस्था गर्न, बालविकास केन्द्रहरु बालमैत्री, सिकाइ मैत्री, सुरक्षित र न्यूनतम मापदण्ड पुरा भएको अवस्था बनाउन र बाल विकास केन्द्रहरु छापामय र पाठ्य सामाग्री पुर्ण बनाउन नसकिरहेको जस्ता केही समस्या र चुनौतिहरु रहेका छन् ।

### ३.१.२ उद्देश्य

यस फाल्गुनन्द गाउँपालिका शिक्षा योजनाको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले प्रारम्भिक वालविकास तथा शिक्षासम्बन्धी निम्नलिखत उद्देश्यहरु राखेको छ ।

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक वालविकास शिक्षामा पहुँच बढाउनु ।

- प्रारम्भिक वालविकास तथा शिक्षामा सहभागीतामुलक पहुँच र सहभागीता  सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।
- प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.३ रणनीति

माथि उल्लेखित उद्द्श्यहरु हासिल गर्नका लागि  अपनाउनु पर्ने रणनितिहरु निम्नानुसार रहेका छन्

- प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका नितीगत रुपमा उल्लेखित न्यूनतम मापदण्ड साथै पाठ्यक्रम, प्रारम्भिक सिकाई तथा विकास मापदण्ड अनुसार संचालन गर्ने ।
- संघीय सरकारले निर्धारण गरेको मापदण्द र ढाँचा अनुसारका कोटाहरु वृद्धि गर्न प्रयास गरी प्रारम्भिक वालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने सीमान्तकृत तथा अति विपन्न, लोपउन्मुख जातजाती समुदायका बालबालिका तथा आपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक वालविकास तथा शिक्षाका कार्यक्रमहरु विकास गरी पहुँच सुनिश्चित  गर्ने
- प्रारम्भिक वालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न र सबै बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गर्ने समय सापेक्ष पाठ्यक्रमको परिमार्जन तथा अनुकुलन गरी कार्यान्वयन गर्ने
- प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै नीजि तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै लगानी वृद्धिमा पहल गर्ने ।
- असहाय, अनाथ, गरिव र अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी समतामूलक शिक्षा प्रदान  गर्ने
- राष्टिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाई कार्यघण्टा सुनिश्चित गर्ने ।

### ३.१. ४. प्रमुख  उपलब्धि तथा नतिजा

#### उपलब्धि

- सबै बालबालिकाहरुलाई न्यूनतम मापदण्ड पुरा गरी गुणस्तरीय  प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुनेछ ।
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुनेछ ।

नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना संख्या | ४११ | ३७२ | ३३३ | २९४ | २५५ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको संख्या | ३० | ३० | ३५ | ३५ | ४० |
| ३ | तालिम प्राप्त सहजकर्ताको सख्या | ३६ | ३६ | ३८ | ३८ | ४० |

### *प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य*

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सघन भर्ना अभियान सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | शैक्षिक सत्र शुरुमा |
| २ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या समायोजन | पटक | ० | १ | १ | १ | १ | ५ | बार्षिक रुपमा |
| | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार | पटक | ० | १ | ० | ० | १ | २ | २/२ बर्ष फरकमा |
| ४ | अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | बार्षिक रुपमा |
| ५ | अति विपन्न तथा पछाडि पारिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरुको सहयोग | जना | १० | २० | ३० | ४० | ४० | १४० | शैक्षिक सत्र शुरु भएपछि |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रस्ताबनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन जस्तै बाल उद्यानको अवधारणा | पटक | ० | ५ | ५ | ५ | १० | २५ | |
| ९ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | जना | ४० | ४० | ४० | ४० | ४० | ४० | सबै सहजकर्ताका लागि |
| १० | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | |
| ११ | नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | ० | २ | ० | २ | २ | ६ | छनैटमा परेका मात्र |
| १२ | बाल विकासको पाठ्यक्रम प्रवोधीकरण गर्ने र पाठ्यक्रम अनुसार अनिवार्य रुपमा सिकाइ सहजीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | |
| १३ | बालविकासमा सिकाइका छ कुनामा आधारित सहित शैक्षिक सामग्रीहरु विकास वितरण तथा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ४ | |
| १४ | निश्चित सुचकको आधारमा शिक्षक अभिभाव संघ मार्फत त्रैमासिक सुचकको आधारमा अनुगमन गरी समीक्षा बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | बार्षिक रुपमा |
| १५ | बर्षको कम्तिमा १ पटक सहजकर्ताहरु सँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | बार्षिक रुपमा |
| १६ | निश्चित सूचकको आधारमा बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | जना | ५ | १० | २० | २० | ३० | ८५ | बार्षिक रुपमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | बर्षको १ पटक बाबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | बार्षिक रुपमा |
| १८ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | ० | १० | १० | १० | १० | ४० | बार्षिक रुपमा |

## ३.२ आधारभुत शिक्षा

### ३.२. १ वर्तमान अवस्था

यस गाउँपालिकामा आधारभुत शिक्षामा उल्लेखनिय उपलब्धि हासिल गरेको नै देखिन्छ । सबै बालबालिकालाई समतामूलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुदा धेरै बालबालिकाहरुको आधारभुत तहमा पहुँच भएको देखिन्छ । यस फाल्गुनन्द गाउँपालिकामा जम्मा सामुदायिक ४० वटा र संस्थागत ७ वटा गरि जम्मा ४७ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । जस मध्ये सामूदायिक तर्फ कक्षा १-३ सम्मका ४ वटा, कक्षा १-५ सम्मका २३ वटा र कक्षा १-८ सम्मका ७ वटा विद्यालयहरु संञ्चालित रहेका छन् । यस तह अन्तर्गत नि.मा.तहमा २८ वटा स्थायी दरवन्दी, २०वटा राहत दरवन्दी, प्रदेश स्वयं सेवक १, संघीय अनुदान ४, स्वयं सेवक शिक्षक ८ गरी जम्मा ६१ र .साथै प्रा.वि.तहमा १२७, स्थायी दरवन्दी, २७.वटा राहत दरवन्दी र स्वयं सेवक शिक्षक ९, मातृभाषा शिक्षक २२ गरी जम्मा १८५ जना शिक्षक रहेका छन् ।

यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको विवरण देहाय बमोजिम रहेको छः

| क्र सं | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | १-३ | ३ | ० | ३ |
| २ | १-५ | १९ | ५ | २४ |
| ३ | १-८ | ७ | ० | ७ |
| **कुल जम्मा** | | २९ | ५ | ३४ |

*(स्रोतः शिक्षा शाखा अभिलेख ,२०८२)*

समुदायस्तरका सबै बालबलिकाहरुको पहुँच र सहभागीता रहेको यस गाउँपालिकामा आधारभुत तहको कक्षा १ ५ कक्षा दोहोर्याउने र छोड्ने दर क्रमशः ६.२ र ३ प्रतिशत र कक्षा ६-८ कक्षा दोहोर्याउने र छोड्ने दर क्रमशः १५.१ र ४ प्रतिशत रहेको छ । यस गाउँपालिकामा सुरक्षित, बालमैत्री अपागंतामैत्री, वातावरणमैत्री जस्ता न्युनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका जम्मा ५ वटा विद्यालय रहेका छन् । समग्र पालिकालाई हेर्दा समुदायको आधारभुत तहमा पहुँच र सहभागीता सन्तोषजनक नै रहेको छ । पालिकामा स्थानीय पाठ्यक्रम तथा स्थानीय मातृभाषा समेतलाइ प्राथमिकतामा राख्दै मातृभाषा शिक्षा र शिक्षकको व्यवस्थापन सहित कार्यान्वयनमा रहेको छ । आधारभुत तहका लागि नेपाल सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरु उल्लेखित समय सीमामा रही प्रभावकारी रुपमा कार्यान्यवन गरिरहेको छ ।

समग्रमा यस गाउँपालिकाले आधारभुत तहको शिक्षा क्षेत्रमा उल्लेखनीय फट्को मारिरहेको भएता पनि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षण सिकाई वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण शिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रबिधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाई उपलव्धि अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्धी मिलान तथा पुनर्बितरण गर्नु, विद्यालय सुपरिवेक्षण र अनुगमन तथा नियमलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु , लैगिंक समता र समावेशीकरणलाई उल्लेखनीय रुपामा लागु गर्न नसकिनु जस्ता आधारभुत शिक्षासँग सम्बन्धित प्रमुख समस्या र चुनौतिहरु रहेका छन् ।

### ३.२. २. उद्देश्य

- अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षाको कार्यान्वयन गर्नु
- आधारभुत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्नु ।
- सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु
- आधारभुत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

- विद्यालय नक्शाकंन, पुर्नवितरण तथा समायोजन गर्ने

स्थानीय तहको शिक्षा योजना

- विद्यालय वाहिर रहेका सवै वालवालिकाहरुको यथार्थ विवरण संकलन गरि पहुँच सुनिश्चित गर्नका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- कम विद्यार्थी भएका विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षणको नमुना प्रवद्र्धन गर्ने ।
- कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
- कक्षा ३ सम्म एकिकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
- कक्षा ३ सम्मको शिक्षण सिकाइ सामाग्रीहरुको व्यवस्थापन तथा क्रमिक सिकाइ रणनीतिको आधारमा वालवालिकाहरुको सिक्नका लागि पढ्ने अवधारणालाई निरन्तरता दिने ।
- न्यूनतम सिकाई उपलब्धी हासिल गर्न आवधिक रुपमा सिकाई मुल्याकंन गर्ने ।
- आधारभूत तहका शिक्षकहरुको सक्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गर्ने ।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी वनाउने ।
- वि.व्य.स., शि.अ.सं. का पदाधिकारीहरुको सक्षमता विकास र अभिभावकलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- विद्यालयमा खानेपानी, छात्र, छात्रा फरक शौचालय तथा अन्य न्यूनतम भौतिक पूर्वाधार सुनिश्चित गर्ने ।
- आधारभुत शिक्षालाई समतामूलक र समावेशी बनाउन स्थानीय परिवेश अनुकुल स्थानीय भाषा, संस्कृतिको सम्मान तथा जगेर्ना हुने खालका कार्यक्रम संचालन गर्ने ।
- विद्यालयमा बालउद्यान, फुलबारी, करेसाबारी। वृक्षरोपण जस्ता कार्यक्रम समावेश र संचालन गर्ने ।

### ३.२. ४ *प्रमुख* उपलव्धि तथा नतिजा

**उपलव्धि**

- अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षामा सबैको प्रविधियुक्त पहुँच, सहभागिता सुनिश्चित भएको हुनेछ ।
- आधारभुत तहको शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

स्थानीय तहको शिक्षा योजना

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तह (कक्षा १ ५ मा विद्यालय बाहिर रहेका विद्यार्थी प्रतिशत | ५.४ | ४ | ३ | २ | १ | | |
| २ | आधारभुत तह (कक्षा १ ५) मा विद्यार्थी संख्या | १३२८ | १३४२ | १३५४ | १३६८ | १३८२ | ७० | बार्षिक १प्रतिशतले बढ्ने |
| | आधारभुत तह (कक्षा १ ५) मा तालिम प्राप्त शिक्षकको संख्या | ५० | १० | १० | १० | २० | ५० | |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका आधारभुत तहका विद्यालयको संख्या | १० | ० | ५ | ५ | ९ | १९ | |
| ४. | आधारभुत तह (कक्षा ६ ८) मा विद्यार्थी संख्या | ११९७ | १२२१ | १२४५ | १२६९ | १२९३ | १२० | बार्षिक २ प्रतिशतले बढ्ने |
| | आधारभुत तह (कक्षा ६ ८) तालिम प्राप्त शिक्षकको संख्या | २० | ० | १० | १० | १० | ३० | |
| ५. | कक्षा ५ को कक्षागत औसत सिकाई उपलब्धी | २.१३ | २.५ | २.५ | ३ | ३.५ | | |
| ६ | कक्षा ८ को कक्षागत औसत सिकाई उपलब्धी | २.१२ | २.५ | २.५ | ३ | ३.५ | | |

## ३.२. ५ प्रमूख क्रियाकलाप तथा *परिमाणात्मक* लक्ष्य

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | स्वमसेवक शिक्षकको व्यवस्था | जना | ० | ० | ० | ० | ० | ० | हाल २० जना रहेको |
| ४ | सघन भर्ना कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अभिभाबक शिक्षा सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु जस्तैं ड्रेस झोला स्टेशनरीको सहयोग | जना | १० | १५ | २० | २० | २० | ८५ | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | संख्या | ३ | ५ | ५ | ८ | ५ | २६ | |
| ९ | विद्यालयलाइ शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | संख्या | २ | ५ | ५ | ७ | १० | २९ | |
| ११ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | नयाँ तथा स्थानीय पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | संख्या | १ | २ | २ | २ | २ | ९ | |
| १५ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | |
| १६ | एक वडा एक नमुना आधारभुत विद्यालय निर्माण कार्यक्रम | पटक | ० | ० | १ | ० | ० | १ | |
| १७ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | २ | ४ | ८ | १० | १२ | | |
| १८ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | | |
| १९ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | | |
| २० | घुम्ति प्र. अ/ शिक्षक बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| २१ | बर्षको २ पटक बाबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| २२ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | ० | १ | ० | १ | ० | २ | |
| २३ | छात्राहरुलाई सेनिटरी प्याड वितरण र डिस्पोजल मेशिनको व्वयस्था | पटक | २ | २ | २ | २ | २ | १० | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानिय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने

अर्कोतिर संघ प्रदेश र स्थानिय सरकारको साझा अधिकार भित्र पनि राखेको छ ।संविधानमा उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरिय शिक्षा सुनिश्चत गर्न एकल तथा साझा सुचिका आधारमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ । अनिवार्य आधारभुत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरिय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्मिक तहमा परम्परागत प्राबिधिक र साधारण धारको शिक्षा छनोट गर्ने अबसर प्रदान गर्नुपर्छ । यस तहको शिक्षालाई जीवनपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनुपर्छ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेका भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा बिभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भबिष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ ।

### ३.३.१ वर्तमान अवस्था

फाल्गुनन्द गाउँपालिकाका भित्र हाल कक्षा १-१२ सञ्चालित सामुदायिक १० वटा र कक्षा १-१० सञ्चालित १वटा गरी जम्मा ११ वटा माध्यमिक तहको विद्यालयहरु रहेको छन् । शैक्षिक सत्र २०८० अनुसार माध्यमिक तहमा १२६० जम्मा जना बालबालिकाहरु अध्यायनरत् छन्, जसमा छात्रा ६९५ र छात्र ५६५रहेका छन् । यस मा.वि. तहमा स्थायी दरबन्दी १७, मा.वि. राहत दरवन्दी १८ र अनुदान कोटा १० , प्रदेश स्वयं सेवक २, संघीय अनुदान ५, मातृभाषा २ गरी जम्मा ५४ जना माध्यमिक शिक्षकहरुले अध्यापन गराउदै आईरहेको अवस्था छ

यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको विवरण देहाय बमोजिम रहेको छः

| क्र सं | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | १-१० | १ | २ | ३ |
| २ | १-१२ | १० | ० | १० |
| **कुल जम्मा** | | ११ | २ | १३ |

*(स्रोतः शिक्षा शाखा अभिलेख ,२०८२)*

शिक्षा तथा मानव स्रोत विकासको फ्लास रिपोर्ट यस गाउँपालिकाको आ.व. २०८०।८१ को तथ्याकं अनुसार गाउँपालिकाको माध्यमिक तहको शिक्षाोमा समुदायस्तरका सबै बालबलिकाहरुको पहुँच र सहभागीता रहेको छ । यस गाउँपालिकामा माध्यमिक तहको कक्षा ९–१० दोहोर्याउने र छोड्ने दर क्रमशः ६.३ र ३.२ प्रतिशत र कक्षा ११–१२ मा दोहोर्याउने र छोड्ने दर क्रमशः ०.५ र ३. ४ प्रतिशत रहेको छ । यस गाउँपालिकामा सुरक्षित, बालमैत्री अपागंतामैत्री, वातावरणमैत्री जस्ता न्युनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका जम्मा ३ विद्यालय रहेका छन् । समग्र पालिकालाई हेर्दा समुदायको आधारभुत तहमा पहुँच र सहभागीता सन्तोषजनक नै रहेको छ । माध्यमिक तहका लागि नेपाल सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरु उल्लेखित समय सीमामा रही प्रभावकारी

रुपमा कार्यान्यवन गरिरहेको छ । यस पालिकामा विद्यालय, विद्यार्थी र विषयगत तथा तहगत शिक्षक दरबन्दी मिलानको अवस्था नक्शाकन र पुन्रिमलन गनुपर्ने छ ।

समग्रमा यस गाउँपालिकाले माध्यमिक तहको शिक्षा क्षेत्रमा उल्लेखनीय फट्को मारिरहेको भएता पनि माध्यमिक तहको तह पूरा गर्ने दर न्युन हुनु , बसाइ सराई र बालबिवाहको कारण विद्यालय छोड्ने दर हुनु, माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव हुनु , विज्ञान प्रयोगशालाको अभाव हुनु , माध्यमिक तहका कुनै पनि विद्यालयमा विधुतिय पुस्तकालयको व्यावस्था नहुनु , बधार्थी संख्या अनुसार शिक्षक दरबन्दी नहुनु , बिधार्थी उपस्थिति दरमा अनियमितता हुनु, शिक्षकलाई समयानुकुल तालिम वा पेशागत सहयोग नहुनु , अभिभावकहरु आफ्नो बालबालिकाको शिकाई प्रति उत्तरदायी नहुनु , समय समयमा अनुगमन तथा सुपरिनेक्षण नहुनु , विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपागंतामैत्री र लैगिंक संवेदनशीलता नहुनु , अझै पनि माध्यमिक बिद्यालयमा क्ष्ऋत् को पहुँचमा कमी हुनु , बिद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित कर्मचारी व्यवस्थापन नहुनु जस्ता माध्यमिक तहका शिक्षासँग सम्बन्धित प्रमुख समस्या र चुनौतिहरु रहेका छन् ।

### ३.३.२ उद्देश्य

- माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागीता सुनिश्चित गर्नु ।
- माध्यमिक शिक्षाको सान्रदभिकता र गुणस्तरमा सुधार गर्नु
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाईमैत्री, समावेशी स सुरक्षित बनाउनु ।
- माध्यमिक तहका वाल वालिकाहरुमा न्युनतम सिकाइ उपलव्धी हासिल गर्नु ।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

### ३.३.३ रणनीति

- माध्यमिक तहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- विद्याथीहरुको विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने ।
- विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम संचालन गर्ने ।
- सबै विद्यालयमा न्यूनतम सिकाई वातावरण सृजना गर्ने ।
- विषयगत दक्षता हासिल गरेको शिक्षक व्यवस्थापन गर्ने ।
- शिक्षकको पेसागत विकास र सहयोगलाई प्राथमिकतामा राखी कार्यक्रमहरु संचालन गर्ने ।
- शिक्षण सिकाइ पद्धतिमा सुधार गरी शिक्षकका लागि अभिप्रेरणका कार्यक्रम संचालन गर्ने ।
- सबै विद्यालयमा सुचना तथा संचार प्रविधिको विस्तार र व्यवस्थापन तथा प्रयोग गर्ने ।

- विद्यालयलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन जस्ता परिस्थितिप्रति उत्थानशील बनाउने खालका कार्यक्रम संचालन गर्ने ।
- विद्यालय सुशासनलाई सुदृढ पार्न सहभागीतामूलक ढंगबाट सक्षम नेतृत्वकर्ताको व्यवस्था गर्ने ।
- आवधिक रुपमा सिकाई मूल्याकंन गरी विद्यार्थीको सिकाईमा जवाफदेही हुने प्रणलीको विकास गर्ने ।
- माध्यमिक तहका सवै वालवालिकाहरुलाई भर्ना अभियान मार्फत पहुँच अभिवृद्धि गर्ने ।
- अपुग विषयगत शिक्षकको मागलाई स्थानीय सरकार मार्फत सम्वोधन गर्ने ।
- माध्यमिक तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गर्नें।
- विद्यालय शिक्षा देखि नै विज्ञान प्रविधि इन्जिनियरिङ कला जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्वन्धित गर्दै लाने ।
- खोज तथा अनुसन्धानमा आधारित विद्यार्थी केन्द्रित र क्षेत्र भ्रमण विधिलाई प्राथमिकता दिइ श्रम वजारका खपत हुने जनशक्तिको आधारशिला तयार गर्ने ।
- डिजिटलाइजेसन गरि शिक्षण सिकाइ सञ्चालन गर्ने ।

### ३.३.४. प्रमूख उपलव्धि तथा नतिजा

#### उपलव्धि

- निशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।
- सबै माध्यमिक विद्यालयले आधारभुत मापदण्ड पूरा गरेको हुनेछ ।
- माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुनेछ ।
- माध्यमिक शिक्षा पूरा गर्ने विधार्थीले न्युनतम सिकाई उपलव्धि हासिल गरेको हुनेछ ।
- सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाई वातावरणको निर्माण भएको हुनेछ ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित जनशक्ति व्यवस्थापन हुने छ।
- प्रत्येक माध्यमिक विद्यालयहरुमा पर्याप्त मात्रामा खेलकुद सामग्री र खेल शिक्षकलाई आवश्यकता अनुसार
- प्रत्येक विद्यालयमा ICT को सुविधा विस्तार हुनेछ ।

स्थानीय तहको शिक्षा योजना

#### नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ १० मा भर्ना भएका विद्यार्थी संख्या | ५१३ | ५२३ | ५३३ | ५४३ | ५५३ | ५० | ५० वृद्धि हुनसक्ने |
| २ | माध्यमिक तह कक्षा ११ १२ मा भर्ना भएका विद्यार्थी संख्या | ५६१ | ५८४ | ६०७ | ६३० | २५३ | ११५ | |
| ३ | व्यवसायिक तथा प्राविधिक विषायमा भर्ना भएका विद्यार्थी संख्या | २३ | ३३ | ४३ | ५३ | ६४ | ५० | |
| ४ | न्यूनतम सिकाई सवलीकरण पुरा गरेका माध्यमिक विद्यालयको संख्या | & | ० | २ | ० | २ | ११ | |
| ५ | सुचना प्रविधिको प्रयोग भएका विद्यालय | २२ | २५ | ३० | ३५ | ४० | १८ | |

### ३.३.५. *प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.स. | प्रमूख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | कैफियत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | गा.पा. |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी आधारको पुनराबलोकन | संख्या | १ | १ | १ | १ | १ | गा.पा. |
| ३ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | संघ/प्रदेश/गा.पा. |
| ४ | सूचना तथा सञ्चार प्रविधिको प्रयेगमा क्षमता विकास | संख्या | १ | १ | २ | २ | २ | संघ/प्रदेश/गा.पा. |
| ५ | आवश्यकता अनुसार स्कुल बसको व्यवस्था | संख्या | ० | १ | १ | १ | १ | संघ/प्रदेश/गा.पा. |
| ६ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थि पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | संघ |
| ७ | आर्थिक रुपमा विपन्नका लागि ड्रेस र | प्रतिशत | ० | ५ | ५ | ५ | ५ | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्टेशनरी वितरण | | | | | | | |
| ८ | नमूना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | ० | ० | १ | ० | संघ/प्रदेश/गा.पा. |
| १० | विद्यालय पोषण स्वास्थ्य कार्यक्रम | प्रतिशत | | | | | | संघ/प्रदेश/गा.पा. |
| ११ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | गाउँपालिका |
| १२ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | | | | | गाउँपालिका |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम

### ३.४.१ *वर्तमान अवस्था*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घीय शिक्षा नीति २०१९ मार्फत शिक्षामा सिकाउने र कमाउनेअवधारणालाई प्राथमिकता दिएको छ । विद्यार्थीहरूको भविष्यको जीविकोपार्जन बढाउन माध्यमिकशिक्षालाई सीप विकाससँग जोड्ने कार्यलाई अझ प्रभावकारी बनाउन आवश्यक छ । तदनुसार,शिक्षकहरू अध्यावधि गरेर सीप र प्रविधिको साथ र अधिक प्रभावकारी र व्यापक रूपमाआईसीटीलाई शिक्षणमा प्रयोग गदै शिक्षण सुधार गर्न आवश्यक छ। सिटिइभिटीसंग आबद्ध संस्था सहित १ संस्था संचालित छन् । यस फाल्गुनन्द गाउँपालिकाले पनि सामुदायिक माध्यमिक तहको विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा मार्गदर्शन अनुसार १ वटा विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा कक्षा संचालन गरेको छ। जुन मापदण्ड पुगेका इच्छुक सबै विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा पहुँच पुगेको भएता पनि यस गाउँपालिकामा संचालित प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवाहमा छात्रवृत्तिको व्यवस्था नहुनु, प्राविधिक धारको शिक्षा कोटा अनुसार विद्यार्थी भर्ना हुन नसक्नु, प्राविधिक धार अध्यापन गराउन योग्यता पुगेका शिक्षकको अभाव, निःशुल्क पाठ्यपुस्तकको अभाव, प्रशिक्षकलाई शैक्षिक तथा प्राविधिक अध्यावधि हुने खालका तालिमको व्यवस्था नहुनु, अविभावक उत्तरदायी नहुनु, छात्रछात्रावासको व्यवस्था नहुनु, उपचारात्मक कक्षाको व्यवस्था नहुनु, भौगोलिक दुरीको हिसाबले पालिकाका सबै क्षेत्रलाई समेट्न नसक्नु जस्ता प्रमुख समस्या रहेका छन्।

### ३.४.२ उद्देश्य

- थप प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्नु।
- प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरूको संस्थागत तथा पूर्वाधार विकास गरि दक्ष जनशक्तिको उत्पादन गर्नु।
- प्राविधिक तथा रोजगारमूलक शिक्षा प्रदान गरि व्यावसायिक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्नु।
- प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गर्नु।

### ३.४.३ रणनीति

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थी मध्ये १० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रममा पहुँच सुनिश्चित गर्ने ।
- समय सापेक्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमको विस्तार गर्ने ।
- गरेर सिक्ने वातावरण सृजना गरी व्यवहारिक सिकाइ मार्फत समावेशी गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा सुधारमा जोड दिने ।
- माग र आवश्यकताका आधारमा छोटो समयको तालिम संचालन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम संचालित विद्यालयहरुको संस्थागत सक्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- माग र आवश्यकताका आधारमा मापदण्ड अनुसार थप प्राविधिक विद्यालयहरुको विस्तार गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

उपलब्धी

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थी मध्ये ५ प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त गरेका हुनेछन् ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको सिकाइ मार्फत स्थानीय युवा रोजगारीको अवसर सृजना भएको हुनेछ ।
- माध्यमिक तहको प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा विद्यार्थीको पहुँच बढेको हुनेछ ।
- थप प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र वा शिक्षालय विस्तार भएको हुनेछ ।

नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्रस | क्रियाकलाप | आधार बर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यसायिक शिक्षा तथा तालिम प्रदान गर्ने विद्यालयको संख्या | १ | ० | ० | १ | ० | २ | |

स्थानीय तहको शिक्षा योजना

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | माध्यमिक तथा प्राविधिकशिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | २३ | ३३ | ४३ | ५३ | ६३ | ५० | |
| ३ | विद्यार्थीलाई छात्रवृत्तिको वितरण अभिलेख | ० | | | | | | |

### ३.४.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भतिक लक्ष्य (५ बर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याकं संकलन तथा खण्डीकृत डाटावेश तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम संचालन | संख्या | १ | १ | २ | २ | ३ | ८ | |
| ३ | विद्यार्थीका लागि छात्रवृत्रिको अवसर | संख्या | ० | २ | ३ | ५ | ५ | १५ | |
| ४ | निःशुल्क पाठ्यसामाग्री तथा सहयोगी सामाग्री व्यवस्था | निरन्तर | | | | | | | |
| ५ | माध्यमिक तहका विद्यालयहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम गुणस्तर प्रवद्र्धन सहयोग | संख्या | ० | १ | ० | १ | १ | ३ | |
| ६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि विषयगत प्रयोगशाला, छात्रावास र प्रशिक्षक आवास निर्माण | संख्या | १ | २ | ० | ० | २ | ५ | |
| ७ | परियोजना तथा इन्टनसीप कार्यमा शिक्षक तथा विद्यार्थीलाई सहयोग | संख्या | ० | १ | १ | १ | १ | ४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी सन्देशमूलक कार्यक्रम संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ९. | अन्य शिक्षालयहरुसंग समन्वय, सहकार्य तथा भ्रमण | संख्या | १ | १ | १ | १ | १ | ५ | |

## ३.५ अनौपचारिक शिक्षा  तथा आजीवन सिकाइ

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । सिकाई कोक्रोदेखि मृत्यूपर्यन्त सम्म चलिरहने प्रकृया हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाइ सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समूदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थीक, सास्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समूदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै उनिहरुको जीवनस्तर उकास्न जीवन पर्यन्त सिकाईको अवसर सुनिश्चत गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ । औपचारिक शिक्षाको निश्चत समयावधिमा हासिल गरेको ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो । गुणस्तरीय र प्रतिस्पर्धी जीवन विताउन अनौपचारिक शिक्षाको विकल्प छैन । जीवन पर्यन्त सिकाईको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाईलाई आधिकारिक रुपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरीने सिकाइ हो ।

### *३.५.१ वर्तमान अवस्था*

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा अनौपचारिक शिक्षा विकासमा धैरै प्रयासहरू भईरहेको छ । विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ । राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

फाल्गुनन्द गाउँपालिका शिक्षा शाखाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । फाल्गुनन्द गाउँपालिकामा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी कार्य गर्न हाल ४ वटा सामुदायिक सिकाइ केन्द्र (Community Learning Center-CLC) हरू स्थापना भएका छन् । शिक्षा क्षेत्रमा एउटा सिङ्गै क्षेत्र ओगटेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले संस्थागत र  प्रणालीगत रूपमा क्षमता विकास गर्ने र सुदृढिकरण गर्ने विषयले खास महत्व नपाए पनि स्थानीय तहले आफ्नो क्षेत्रका सबै व्यक्तिहरूलाई साक्षर र सीपयुक्त बनाउन ठूलो भूमिका खेल्नुपर्ने देखिन्छ ।

### ३.५.२. उद्देश्य

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सीप विकास तथा आयमुलक कार्यक्रम संचालन गर्ने ।
- साक्षर फाल्गुनन्द गा.पा.को रुपमा विकास गर्नु ।
- साक्षरतालाई सीप सँग आवद्ध गरी रोजगारका अवसर प्रदान गर्नु ।
- सामूदायिक सिकाई केन्द्रको विकास र विस्तार गर्नु ।

### ३.५.३. रणनीति

यस योजनाका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छः

- सामुदायिक सिकाई केन्द्रलाई आधारभुत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सुचना केन्द्र, एफएम संचालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइ थलोका रुपमा विकास गर्ने ।
- सामुदायिक सिकाई केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, संचार माध्यम, अविभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा संचालन गर्ने ।
- सरोकारवालासंगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुल्ला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न सीप विकास र आयआर्जन तथा सीपमूलक कार्यक्रम संचालन गर्ने ।
- साक्षर फाल्गुनन्द गा.पा. अभियान पूरा गर्न यस पालिकाले सामूदायिक सिकाई केन्द्र स्थापना, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरु परिचालन गर्ने ।
- सामूदायिक पुस्तकालय सबै वडाहरुमा स्थापना गर्ने ।
- हाल भएका सामुदायिक सिकाई केन्द्रलाई थप व्यवस्थित र स्तरीकरण गर्दै  लाने ।

स्थानीय तहको शिक्षा योजना

- मौलिक एवं परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवं हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानिय तहले सञ्चालनमा रहेको सामूदायिक सिकाई केन्द्रहरुको आवश्यक्तानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानिय आवश्यकताका आधारमा सिकाई केन्द्र स्थापना तथा सञ्चालन गर्दै लाने ।
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजिवन सिकाई सम्वन्धि अवधारणा पत्र तयार गर्ने ।

### ३.५.४, प्रमूख उपलव्धि तथा नतिजा

#### उपलव्धि

- सबै नागरिकका लागि साक्षरता, निरन्तरता शिक्षा र जीवन पर्यन्त सिकाईको अवसर प्राप्त हुनेछ ।
- साक्षर फाल्गुनन्द गा.पा.को रुपमा विकास हुनेछ ।
- लक्षित वर्ग र समूदायमा सिकाई अवसरहरुको सिर्जना हुनेछ ।
- अनौपचरिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुनेछ ।
- सामूदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुनेछ ।
- विज्ञ समूह परिचालन गरी अनौपचारिक तथा आजीवन सिकाई सम्बन्धि अवधारणा पत्र तयार हुनेछ ।
- स्थानिय माग र आवश्यक्ताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स. | सुचक | आधार बर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्र संख्या | ० | २ | २ | २ | १ | ७ | |
| २ | सामुदायिक पुस्तकालयको संख्या | ० | ० | १ | १ | २ | २ | |

### ३.५.५ प्रमूख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २ | पुर्ण साक्षर फाल्गुनन्द गा.पा. | वडागत | ० | १ | १ | १ | १ | गाउँपालिका |
| ३ | स्थानिय माग र आवश्यक्ताका आधारमा सा.सि.के.सञ्चालन र व्यवस्थापन | सँख्या | ४ | १ | ० | १ | ० | गाउँपालिका |
| ४ | सामूदायिक पुस्तकालयलाई सामूदायिक केन्द्रसंग आवद्ध गर्ने | पुस्तकालय | ४ | २ | २ | २ | ० | गाउँपालिका |
| ५ | सा.सि.के.ले समूदायमा आधारित सँघसंस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | सा.सि.के |
| ६ | विज्ञ समूह गठन गर्ने | पटक | १ | ३ | | | | सा.सि.के. |
| ७ | सामुदायिक केन्द्र व्यवस्थापन सम्बन्धी समुदाय तथा व्यवस्थापन समितिलाई तालिम | पटक | १ | १ | १ | १ | ४ | |
| ८ | परिचालकको क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | गाउँपालिका |

## परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मुल्याकंन

मानव जीवनका लागि अइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान सिप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठयक्रम हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जिवनदर्शन,समकालिन समाजका वास्तविकताहरु,सिकाइ प्रक्रिया एव विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालकका सिकाई सम्बन्धि आबश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठयक्रम विकास एउटा निरन्तर प्रक्रिया भएको समाज राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ । स्थानिय तहको नेतृत्व र सहभागिताका अधारमा स्थानिय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानिय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानिय आवश्यकतामा आधारित शिक्षाको रुपमा लिईन्छ । निर्धारित सिकाई उपलव्धिहरु, प्राप्तिका लागि विधार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठयक्रम हो ।

पाठयक्रम कुनै कक्षा वा तहमा कुनकुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विधार्थीमा केकस्ता क्षमता विकास गराउने हो, किन पढाउने हो, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विधार्थीले सिकेका वा नसिकेका सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ।

### ४. १.१. वर्तमान अवस्था

फाल्गुनन्द गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्विकृत पाठयक्रम लागू गर्दै आएको सर्वविदितै छ। पाठयक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठयक्रम प्रारुप तयार गरी सोहीअनुसार पाठयक्रम विकास तथा कार्यन्वयन गर्ने परिपाटी सुरु गरीयो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठयक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ कार्यन्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठयक्रम विकास गरी वि.सं. २०७७ सालदेखी कक्षा १ र ११ मा कार्यन्वयन सुरु भएको छ, भने वि.सं. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरु अर्थात कक्षा १ - १२ मा यो पाठयक्रम कार्यान्वयन हुने योजना रहेको छ ।

यस गाउँपालिकाले समग्र विद्यालय शिक्षालाई व्यवस्थित गर्नका लागि आवधिक रुपमा गाउँशिक्षा योजना निर्माण गरेर सोही अनुरुप शैक्षिक योजना निर्माण गरेर कार्यान्वयन गर्दै आएको छ । शिक्षा ऐन तथा नियमावली जारी गरेर

कार्यान्वयनमा आइसकेको छ। दरबन्दी कम भई शिक्षक अभाव भएका विद्यालयहरुलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट शैक्षिक सहायता अनुदान वितरण हुदै आएको छ। मातृभाषा शिक्षा व्यवस्थापनलाई प्राथमिकतामा राखेर २४ वटा विद्यालयमा मातृभषा शिक्षक दरबन्दी वितरण गरिसकेको छ। गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष १ वर्षे विद्यालय सूधार योजना निर्माण गरि त्यसै अनुरुप शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्।

आधारभूत तह कक्षा १ - ३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाईएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाईएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरको हुनेछ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ। यस फाल्गुनन्द गाउँपालिकामा स्थानिय पाठयक्रम र पाठयसामाग्री विकासका लागि क्षमता विकास, प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा र बहुभाषा प्रयोग नहुनु , सबै शिक्षकलाई नयाँ पाठयक्रम र पाठयसामाग्रीको अभिमूखीकरण नहुनु, सिकाई सहजिकरण र मुल्याङ्कनमा सूचना प्रविधिको प्रयोग नहुनु, स्थानिय पाठयक्रम निर्माण र कार्यन्वयनमा स्थानिय तह सहभागिता नहुनु, पाठयपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको व्यावस्था नहुनु, शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजीटल सन्दर्भ सामाग्रीको विकास तथा उपलब्धता नहुनु जस्ता चुनौतीहरु रहेका छन्।

### ४. १. २ उद्देश्य

- पाठ्यक्रममा आधारित शिक्षण सिकाईदारा सिकारुमा ज्ञान, सीप र व्यवहार विकास सहजीकरण गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन गर्नु।
- निरन्तर, आविधक तथा स्तरीकृत मूल्यांकन पद्धतिको कार्यान्वयन गर्नु।
- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पुर्ण रुपमा कार्यान्वयन गर्नु।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोगमा र कार्यान्वयनमा एकरुपता ल्याउनु।
- सिकाइका लागि मूल्याङ्कन प्रणालिका रुपमा विद्यालय तहको मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउनु।
- पाठ्यक्रम तथा शैक्षिक सामाग्रिहरुको विकास तथा व्यवस्थापनमा सक्षमता विकासमा सुधार ल्याउनु।
- एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा जोड दिनु।

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।
- पाठ्यक्रम विकास केन्द्रदारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने ।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेशागत सक्षमता अभिवृद्धि गर्ने ।
- विपत्, महामारी तथा संकतको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप संभालन गर्ने ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामाग्री तथा विद्यार्थीका लागि सिकाई सामाग्री, स्व अध्ययन तथा सन्दर्भ सामाग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गर्ने ।
- माध्यम भाषाका रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामाग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
- विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने ।
- सहपाठी सिकाइ समुह गठन गरी कमजोर सिकाई सक्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशीता, लैगिंक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकता साथ समावेश गर्ने ।
- विद्यार्थीको सिकाई उपलब्धीलाई शिक्षकको वृत्ति विकाससंग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याकंनलाई शिक्षण सिकाईको अभिन्न अंगको रुपमा प्रयोग गर्ने ।
- आधारभुत तह कक्षा ५ र ८ मा पालिका स्तरीय बार्षिक परीक्षा संचालन गरी मूल्याकंनको आधारमा गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय र विद्यार्थीलाई पुरस्कृत गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धी तथा नतिजा

#### उपलब्धी

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइदारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याकंन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाई उपलब्धीमा सुधार आएको हुनेछ ।

- कक्षा १ ३ मा एकीकृत पाठ्यक्र अनुसार अध्यापन भएको हुनेछ ।

### नतिजा र परिमाणत्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गनेए विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | |
| ३ | स्थानीय भाषा कक्षा संचालन गर्ने विद्यालय संख्या | २४ | ६ | ० | ५ | ० | |
| ४ | निरन्तर विद्यार्थी मूल्यांकन गर्ने विद्यालय संख्या | ० | २० | | | ४० | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | ५ | ५ | ५ | २० | |
| ६ | स्थानीय सामाग्री प्रयोग गरी सकाई सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | ५ | १० | १५ | २० | |

### ४.१.४. प्रमूख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | कैफियत |
|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कायान्वयनका लागि शिक्षक तालिम संचालन गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मुल्याकंन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ३ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | १ | | | | | १ | |
| ४ | स्थानीय पाठ्यपुस्तक विकास र वितरण | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | | |
| ५ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | बार्षिक रुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धि समीक्षाको लागि घुम्ति शिक्षक बैठक सञ्चालन | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ४२ विद्यालय |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### *४.२.१ वर्तमान अवस्था*

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप

संचालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरू संचालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरू विभिन्न विश्वविद्यालय तथा विद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा संचालन, शिक्षक पदपूर्तिको लागि परीक्षा संचालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय पालिकाहरूले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम संचालन शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति पाएका शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक, निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबाट नियुक्ति भएका शिक्षकहरूको सेवाको शर्त र सुविधाहरू पनि फरक–फरक छन् । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन पनि शिक्षक वढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धीसँग जोड्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने , शिक्षकहरूको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक पदको संजाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा  तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ ।

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड

पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएको छ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ । यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल  शिक्षक दरबन्दी सङ्ख्या ३००रहेको छ । त्यस मध्ये १७२ जना स्वीकृत दरबन्दी, ६५  जना राहत शिक्षक, अनुदान १०, प्रदेश स्वयंसेवक २, संघीय अनुदान ९, स्वयंसेवक शिक्षक १८, मातृभाषा शिक्षक  कार्यरत रहेका छन् ।  हाल यस  गाउँपालिकामा बालविकास तहदेखि माध्यमिक तह सम्मको जम्मा ३००शिक्षक कर्मचारीको संख्या रहेको छ ।

पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौर–तरिकाहरू छन् । शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालनमा आए । सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरूको लागि विभिन्न खालका तालिमहरूको संचालन गरिरहेको छ । त्यसै गरी स्थानीय सरकारहरूले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ ।

यस गाउँपालिकाको सामुदायिक विद्यालयको विभिन्न तहमा रहेको नेपाल सरकारबाट प्राप्त दरबन्दी/राहात/ अनुदान कोटा निम्न अनुसार रहेको छः-

| तह | स्वीकृत दरबन्दी | राहात दरबन्दी | अनुदान दरबन्दी | प्रदेश स्वयं सेवक | संघिय अनुदान शिक्षक | स्वयंसेवक शिक्षक | मातृभाषा शिक्षक | कुल जम्मा | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्राथमिक** | १२७ | २७ | - | - | - | ९ | २२ | १८५ | १:७ |
| **आधारभुत** | २८ | २० | - | १ | ४ | ८ | - | ६१ | १:२० |
| **माध्यमिक** | १७ | १८ | १० | १ | ९ | १ | २ | ५८ | १:१९ |
| **जम्मा** | १७२ | ६५ | १० | २ | १३ | १८ | २४ | ३०४ | १:१३ |

*(स्रोतः गा.पा. शिक्षा शाखा अभिलेख, २०८२)*

माथिको तथ्याङकले फाल्गुनन्द गाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र शिक्षक विद्यार्थी अनुपातलाई देखाएको छ । यस तथ्यले निम्न माध्यमिक र माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात उच्च देखाउछ

। यसको प्रमुख कारण अनुमति पाएर सञ्चालनमा रहेका आधारभुत (६-८) र माध्यमिक विद्यालयहरुमा आवश्यक मात्रा विषयगत शिक्षक दरबन्दी नहुनु नै हो।

गाउँपालिकाभित्र सञ्चालित सबै प्रकारका विद्यालयहरुको शैक्षिक क्रियाकलापलाई प्रभावकारी र व्यवस्थित बनाउनको लागि देहाय बमोजिम विषय विज्ञ रहेको ५ सदस्यीय एक विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोत समिति गठन भएको छ।

| क्र.स. | नाम,थर | पद | विषय | संस्थाको नाम |
|---|---|---|---|---|
| १ | बाबुराम राई | संयोजक | गणित | शिक्षा शाखा प्रमुख |
| २ | वीरेन्द्र कुमार खडका | सदस्य | सामाजिक | श्री सिद्धदेवी मावि फाल्गुनन्द -१ |
| ३ | पुर्ण कुमार सदेम्वा | सदस्य | विज्ञान | श्री जनकल्याण मावि फाल्गनन्द -५ |
| ४ | मिलन श्रेष्ठ | सदस्य | नेपाली | श्री सिद्धदेवी मावि फाल्गुनन्द -१ |
| ५ | प्रकाश आचार्य | सदस्य | अंग्रेजी | श्री जयनारायण आदर्श मावि फाल्गुनन्द -६ |

*(स्रोतः गा.पा. शिक्षा शाखा अभिलेख, २०८२)*

नीतिगत व्यवस्था र राम्रा अभ्यासहरु भइरेको अवस्थामा पनि यस फाल्गुनन्द गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात र विषयगत अनुपालतमा शिक्षक व्यवस्थापन, शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्नु ,पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन, शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्न, शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत व्यवस्थापन गर्न, विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सेवा निवृत्त शिक्षकको अनुभवलाई उपभोग गर्नु, गाउँपालिकाले आवश्यकताको आधारमा शिक्षक अनुदान कोटाको व्यवस्था गर्न, सिकाई उपलब्धी अंकमा मात्र दखिनु, शिक्षकमा प्रविधिमैत्री ज्ञानको कमी जस्ता प्रमुख समस्या र चुनौतीहरु रहेका छन्।

### ४.२.२ उद्देश्य

- तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु
- शिक्षक तालिम, शिक्षक सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्नु।
- शिक्षकका लागि निरन्तर पेशागत विकासका अवसरको सुनिश्चितता गर्नु।
- प्रविधिमैत्री विद्यालयको व्यवस्थापन गरी शिक्षकहरुलाइइ सोही अनुरुप तालिमको व्यवस्थापन गर्नु
- पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुढृण बनाउनु।

- योग्य र सक्षम शिक्षक उपलव्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु ।
- आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरूको सक्षमता अभिवृद्धि गर्नु ।

### *४.२.३ रणनीति*

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा  पुनर्वितरण र व्यवस्थापन गर्ने ।
- रिक्त दरबन्दीमा स्थानीय तहबाट शिक्षक व्यवस्थापन गर्ने ।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ, प्रदेशसंग समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तालिम संचालन गर्ने ।
- शिक्षक पेशागत सहयोग प्रणली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराउने र यसका लागि स्थानीय तहमा विषयगत शिक्षक संजाल, विज्ञ समुह गठन तथा परिचालन, शिक्षक सिकाई समुह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयन गर्ने ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाई सुधारसंग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
- विद्यालय, कक्षा कोठालाई छापामय र शिक्षण सामाग्री पूर्ण बनाई शिक्षक, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीसंगै खेल्दै सिक्दै कार्यक्रमलाई प्राथमिकता दिने ।
- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाउने । साथै क्षभ्ःक्ष्क् को सदृढीकरण गर्ने ।
- शिक्षणका नवीनतम् विधिहरुको अवलम्बनका लागि शिक्षकको सक्षमता विकास सम्बन्धी तालिमको व्यवस्थापन गर्ने । जस्तैः नानो लर्निङ, मेन्टरिङ
- शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समुह परिचालन तथा सुपरिवेक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयनलाई जोड  दिने ।
- शिक्षासंग सम्बन्धित क्षेत्रमा शिक्षक महासंघका प्रतिनिधित्वलाई सुनिश्चित गरी परिचालनलाई जोड दिने ।
- विद्यालयलाई राजनितिमुक्त क्षेत्रको रुपमा स्थापित गर्ने ।
- विद्यायल सुपरिवेक्षण तथा पेशागत सहयोगलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विषयगत समितिको कार्ययोजना र नियमित बैठक संचालन गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धी तथा नतिजा

#### उपलब्धि

- दक्ष  र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार  भई शैक्षिक गुणस्तरमा सुधार भएको हुने छ ।
- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा एकीकृत भई प्रविधिमैत्री शिक्षा प्रणालीको विकास भएको हुनेछ।
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित भएको हुनेछ ।
- पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत् निरन्तर पेशागत सहयोग प्राप्त भएको हुनेछ ।
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर–तरिकाहरू र कार्य सम्पादनमा सुधार भएको   हुनेछ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण हुने शिक्षकको आपूर्ति नियमित रुपमा भएको हुनेछ।
- शिक्षकको विद्यालय तथा कक्षाकोठामा उपस्थितिमा वृद्धि तथा शिक्षकहरूको कार्यसम्पादनमा सुधार भएको हुनेछ ।

#### नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष (२०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ४० | ४० | ४० | ४० | ४० | |
| २ | आधारभुत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक ( | १८५ | | | | २०० | |
| ३ | माध्यमिक तहमा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक ( | ३८ | | ४८ | | ५८ | सबैले स्ताकोत्तर गरेको छैन। |
| ४ | सुचना तथा प्रविधि सम्बन्धी न्यूनतम | १०० | | २०० | | ३०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सक्षमता भएका शिक्षक ( | | | | | | |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | १० | २० | ५ | अन्तमा सबैमा लागु हुने |
| ६. | तलिम प्राप्त शिक्षकको रोष्टर | ० | १ | १ | १ | १ | |
| ७ | विज्ञ समुह र परिचालन भएको अभिलेख | १ | १ | १ | १ | १ | |

### ४.२.४. प्रमुख क्रियाकलापहरू तथा *परिमाणात्मक* लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | न्यून तलव भएका शिक्षक, कर्मचारी तथा केजी सहजकर्ताहरुलाई प्रोत्साहन सहयोग कार्यक्रम | जना | ८७ | ८७ | ८७ | ८७ | ८७ | ८७ | |
| २ | विषयगत शिक्षक अभावलाई कम गर्न उच्च शिक्षासँग समन्वय गरी आवश्यक विषयहरू थप गर्ने | निरन्तर | | | | | | | आवश्यकता हेंरेर मात्र |
| ३ | अपुग शिक्षक भएको विद्यालयमा स्वयंसेवक शिक्षक नियुक्त | जना | ० | | | | | ५ | आवश्यकता हेंरेर मात्र |
| ४ | आवश्यकता अनुसार र मागको आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने | जना | ० | २० | २० | २० | २० | ८० | |
| ५ | पालिका स्तरीय शिक्षक सम्मेलन आयोजना | पटक | | | | | १ | | |
| ६ | शिक्षकको पेशागत सहयोगका लागि स्थानीयय विज्ञ समूह सहित कार्यविधि तयार गरी स्रोत शिक्षक परिचालन | निरन्तर | | | | | | | |
| ७ | शिक्षकले कक्षाकोठामा विताउने समयत TST लागु गर्ने | वटा | २० | २० | २० | २० | २० | १०० | |
| ८ | प्रविधि मैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप संचालन | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | वर्षको एकपटक शिक्षण सिकाई अनुभव आदान प्रदान कार्यक्रम प अ बैठक मार्फत | पटक | ६ | ६ | ६ | ६ | ६ | | |
| १० | उत्कृष्ट सिकाइ हासिल गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने | जना | ० | ३ | ३ | ३ | ३ | | |
| ११ | शिक्षक सरूवा वर्षको १ पटक मात्र गर्ने | पटक | १ | १ | १ | १ | १ | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा धार्मिक, भाषिक, जातीय, लैङिगक, अपाङ्गता भएका, अर्थिक रुपले विपन्न लगायतका भिन्नता लाई सम्मान गर्दे आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । प्रत्येक बालबालिकाको शैक्षिक अधिकार प्राप्तिका लागि समता मुलक पहुँच भएको शिक्षा प्रणली नै समावेशी शिक्षा हो । बालबालिकाहरुमा भएका विविधताको आधारमा सबैका लागि अनुकुल हुने सिकाइ पद्धति विकास गनु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको मुल मर्म हो । सामाजिक आर्थिक स्थिति, लैङिगकता, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गताका आधारमा गुणस्तरीय शिक्षाको अवसर, पहुँच र उपलब्धीमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताको स्थितिमा ल्याउनका लागि अवलम्बन गरीने उपाय वा थप अवसर नै समता हो । कतिपय बालबालिकाहरु भौगोलिक, आर्थिक, सामाजिक, भाषिक तथा अपाङ्गताको कारणले विद्यालयको पहुँचमा आउन सकेका छैनन् । यस्तो अवस्थालाई सम्बोधन गर्न विशेष व्यवस्था गरी शिक्षा प्रणालीको मूल धारमा समावेश गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका बालबालिकाहरुले पहुँच, सहभागिता तथा सिकाई उपलब्धिमा सबैभन्दा बढी चुनौतीको सामना गर्नु परीरहेको छ ।

### ४.३.१ वर्तमान अवस्था

फाल्गुनन्द गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक नगरपालिका हो। यहाँ लिंगको आधारमा महिलाको जनसंख्या पुरुषको भन्दा बढी छ । ब्राम्हण, क्षेत्री तथा नेवार समुदायको तुलनामा लिम्बू, शेर्पा ,दलित वा अन्य जनजातिको शैक्षिक अवस्था तुलनात्मक रुपमा कमजोर देखिन्छ । विद्यालयहरुमा छात्राहरुको सहभागीता उत्साहजनक रहेको छ । भाषिकरुपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरुमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन् । साथै अपाङ्गगता भएका बालबालिकाहरुका निम्ति शैक्षिक पहुँच र गुणस्तसमा झन जटिल समस्या देखिएको छ । पालिकाको तथ्याङक अनुसार यस पालिका भित्रका विद्यालयहरुमा जम्मा २५ जना अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत छन् । विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पुर्याउन यस गाउँपालिकाबाट केही प्रयासहरु भएता पनी पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन । विद्यालय बाहिर रहेका,विचैमा विद्यालय छाडी तह पुरा नगर्ने,अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दे

शिक्षामा सबैको पहुँच पुर्याई सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नको लागि यो योजना केन्द्रित रहेको छ।

### ४.३.२ उद्देश्य

- लक्षित समुहका बालबालिकाको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
- लक्षित समुहका बालबालिकाको सिकाइ सहभागीता वृद्धि तथा सिकाई उपलब्धी सुधार गर्नु।
- विद्यायलमा कुनै पनि प्रकारको विभेद तथा दुव्र्यवहार नहुने सुनिश्चितता गरी बालबालिकालाई नियमित उपस्थिति, सहभागीता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु।
- शिक्षामा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धीका दृष्टिकोणले पछाडि परेका समुदाय, वर्ग, अपाङ्गता भएका बालबालिबकाहरु विच हुने विभेदलाई न्युनीकरण गरी सबैका लागि समतामूलक गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नु।

### ४.३.३ *रणनीति*

- विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पुरा गरी अपागंतामैत्री तथम लैगिंकमैत्री बनाउने जसका लागि बालमैत्री विद्यालय प्रारुप तथा निर्धारित सिकाइका लागि आवश्यक पुर्वाधार पूरा गर्ने।
- अपागंताको प्रारम्भिक लेखाजोखा गर्दै अपागंताका किसिम तथा स्वरुप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्था साथै आवश्यकता अनुसार विशेष विद्यालयको प्रबन्ध गर्ने।
- छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपागंता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने।
- विद्यालयमा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावरी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने।
- आधारभुत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने।
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भुगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवन उपयोगी सीपसंग आबद्ध गर्ने।
- सिकाई क्रियाकलापलाई सहभागीतामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने।

- बालबालिकाहरुको शिक्षामा पहुँच र सहभागितामा रहेको विभेदलाई निराकरण गर्न विद्यालयमा भर्ना हुने प्रबन्ध मिलाउने।
- बालमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक पुर्वाधार तथा शैक्षिक वातावरणको विकास गर्ने ।
- बहुभाषिक शिक्षा नीति अवलम्वन गरी कम्तिमा प्राथमिक तहमा मातृभाषाको माध्यमद्धारा सिकाइको अवसर प्रदान गर्ने।
- अपाङ्गता भएका बालबालिकहरुका लागि छात्रावास सहितको विशेष विद्यालय सञ्चालन गर्ने।
- शिक्षकहरुका लागि समावेशी शिक्षण सम्बन्धि तालिमको व्यवस्था गर्ने।
- मातृभाषामा तयार भएका पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने वा मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तकविकास तथा निर्माण गर्ने ,
- छात्रावास सहितको विशेष विद्यालय स्थापना गर्नको लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने
- दलित,महिला, जातजाति तथा अपाङ्गगताको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग शिक्षाका लागि सहकार्य तथा समन्वय गर्ने।

### *४.३.४ प्रमुख उपलब्धी तथा नतिजा*

### उपलब्धि

- विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ।
- लक्षित समुहका बालबालिकाका शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाई उपलब्धीमा सुधार आएको हुनेछ
- महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा अर्थिक रुपले विपन्न सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन्।
- सबै बालबालिकाहरुको सिकाइमा सहभागिता वृद्धि गरी शैक्षिक उपलब्धिमा सुधार हुने छ।
- विद्यालयमा हुने कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार तथा हेपाइरहित बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गमैत्री शैक्षिक वातावरण सिर्जना हुनेछ।

स्थानीय तहको शिक्षा योजना

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स. | सुचक | आधार बर्ष (२०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहमा विद्यालय बाहिर रहेका विद्यार्थी प्रतिशत | ५.४ | ४ | ३ | २ | १ | | |
| २ | आधारभुत तहमा लैगिंक समता सुचक प्रतिशत | १.०५ | | | | | | |
| ४ | लक्षित छात्रवृत्ति अभिलेख | २५ | ३५ | ४५ | ५५ | ६५ | ५० | |

### *४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | ० | १ | १ | १ | १ | ५ | |
| २ | प्रस्ताबनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयनमा सहयोग कार्यक्रम | पटक | | | | | | | |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | मनोपरामर्श तालिम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | | |
| ५ | भौतिक संरचनालाई पहुँचयुक्त बनाउन अध्ययन र सोहि अनुसारको सहयोग कार्यक्रम | पटक | | | | | | | |
| ६ | समावेशि शिक्षक शिक्षा तालिम | पटक | ० | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | छात्रावास सहितको विद्यालय व्यवस्थापन कार्यक्रम | विद्यालय | ० | ० | ० | १ | ० | | |
| ८ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | | |

## ४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

बालबालिकाको विकास तथा उमेरगत सिकाइ सँग उनीहरुको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सकृय सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बलबालिकाहरुको राम्रो स्वास्थ्यकालागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरु प्राप्ती र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज प्रभावकारीता मितब्ययीता बनाउन सहयोग पग्दछ।

विद्यालय खाजा कार्यक्रम नेपालको सँविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रुपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्यि स्वास्थ्य नीति २०७६ तथा राष्ट्यि शिक्षा नीति २०७६ एवम बालबालिका सम्बन्धि अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्यसम्प्रभूता सम्बन्धि अधिकार स्थापित गरेको छ।

स्वास्थ्य पोषण तथा दिवाखाजा सेवा सम्बन्धित केही रणनीति तथा क्रियाकलाप योजना बालविकास तथा शिक्षा आधाभूत शिक्षा रु माध्यमिक शिक्षा खण्डमा पनि समाबेश गरीए पनि उल्लेखित उप क्षेत्र सँग अन्तरसम्बन्धित विषयका रुपमा विद्यार्थीको विकास  र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणाली मध्ये एकमहत्पूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा विद्यालय दिवा खाजा सहित पोषण सम्बन्धि योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरीएको छ।

यस खण्डमा विद्यालय दिवा खाजाको वर्तमान अवस्थाको समिक्षा गरी चुनौतीहरु पहिचान गरीएका छन भने चुनौतीहरुको सामना गर्नकालागि आबश्यक रणनीति उदेश्य,नतिजा तथा मुख्य क्रियाकलापहरु समाबेश गरीएको छ।

### ४.२.१ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अबश्थाको विश्लेषण गर्दा सबैकालागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरु समाबेश गरेको छ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरु तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वाताबरण सिर्जना गर्नु
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु

- विद्यालयमा आधारितस्वास्थ्य तथा पोषणसेवा प्रदान गर्नु

यिनै बुँदाहरुलाई आधार मानि यस गाउँपालिकामा समेत वर्तमान अवस्थालाई विश्लेषण् गरी दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरुको अन्तर सम्बन्ध उल्लेख गरी योजना तयार गरीएको छ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाहरुका छानिएका विद्यालयहरुमा विश्व खाद्यकार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हाल सञ्चालन हुँदै आई कर्णाली र सुदूर पश्चिम प्रदेशका आठ जिल्लामा खाद्यन्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालित छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरीएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आ.ब.२०७७।२०७८ मा सामुदायिक पूर्व प्राथमिक देखि आधारभूत तहको कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई दिवाखाजाको ब्यबस्था गरीएको छ। हाल सम्मको दिवा खाजामा नेपाल सरकारको अनुदान २०७७।०७८ मा ८ अरब पुगेको छ।

नेपाल सरकारले प्रारम्भिक बालविकास तथा शिक्षा देखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै बालबालिकालागि दिवा खाजाको प्रबन्धकालागि वजेट ब्यबस्था गरेर महत्वपूर्ण उपलब्धि रहेको छ।विद्यालय दिवा खाजाले विद्यार्थीमा नियमितता भई सिकाइ स्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आबश्यक देखिएको छायस कार्यक्रमलाई विद्यार्थीको समग्र पोषण्को अवस्थाको सुदृढिकरण गरी एकीकृत तथा सम्बन्धित गर्नु पर्ने छ।

यस फाल्गुनन्द गाउँपालिकामा दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम विद्यालयहरुबाट विद्यार्थीहरु वास्तविक हजिरी विवरणको प्रमाणित प्रतिलिपि माग गरी सोको आधारमा १ जना विद्यार्थीले दैनिक रु.१५ का दरले प्राप्त गर्ने मासिक खाजा खर्च हिसाब गरी प्रत्येक दुई महिनाको अन्त्यमा विद्यालयको खातामा अनुदान रकम निकाशा भएको छ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले सन्ज्ञानात्मक क्षमता शैक्षिक उपलक्धि गुणस्तरीय जीवन यापन तथा समाजकालागि विभिन्न पक्षमा खयोगदान गर्ने क्षमतालार्य प्रभाव पार्ने भएकाले स्वास्थ्य तथा पोषणको महत्वपूर्ण स्थान रहनेछ। नेपाल सरकार जनसँख्या मन्त्रालयले तयार पारेको राष्टिय पोषण रणनीतिमा १३ वटा स्वास्थ्य तथा पोषण सम्बन्धि रणनीतिहरु गरेकोमा त्यस मध्ये एउटा रणनीति विद्यालय स्वास्थ्य तथा पोषण सँग सम्बन्धित थियो यसले विद्यालयका बालबालिकाहरुको कुपोषण घटाउने र विद्यार्थीहरुको बृद्वि विद्यालय भर्ना र दैनिक उपस्थितिमा सुधार गर्ने लक्ष्य थियो।

सन २००६ मा शिक्षा र स्वास्थ्य तथा जनसँख्या मन्त्रालयले सयुक्त रुपमा विद्यालय स्वास्थ्य तथ पोषण रणनीति तयार गरीएको थियो त्यसका आधारमा सन् २००८ मा यस सम्बन्धि संयुक्त कार्य योजना तयार गरेको थियो।सन २००८ देखि १२ का लागि रणनीति तथा लक्ष्यका आधारमा जाइकाको सहयोगमा स्यान्जा र सिन्धुपाल्चोक जिल्लाका केही प्राथमिक विद्यालयमा सन्चालन गरीएको पाइलट परियोजनाले परियोजना संचालन भएका स्थानमा स्वास्थ्य सम्बन्धि ब्यबहारमा सकारात्मक परिवर्तन गर्न सहयोग गरे पनि कार्यान्वयन समन्वय भने प्रभावकारी भएको देखिएन यो कार्यक्रम समाप्त पछि इकालाई अध्याबीध गरी सन्२०१४।२०१५देखि सन २०१९।२०२०सम्म ५

बर्षकालागि तयार गरीएको  विद्यालय स्वास्थ्य तथा पोषणको न्यूनतम प्याकेज पनि तयार गरीएको थियो ।सो अन्तरगत बार्षिक स्वास्थ्य परीक्षण जुकाको औषधि वितरण आबश्यकता अनुसार प्रतिस्थापन हुने ब्यबस्था सहित सबै प्राथमिक विद्यालयकालागि प्राथमिक उपचार सामाग्रीको बाकस,कक्षा ६..१० का बालबालिकाहरुकालागि आइरन चक्की छात्राछात्रकालागि अलग अलग शौचालय ब्यबस्थापन समितिको सक्षमतामा सुधार बालक्लवको गठन र परिचालन रहेकाछन् । बार्षिक स्वास्थ्य परीक्षण अर्धबार्षिक रुपमा जुकाको औषधि वितरणका कार्यक्रम,प्राथमिक विद्यालयकालागि प्राथमिक उपचार सामाग्रीको बाकस र यसको प्रतिस्थापन र आइरन चक्कीवितरण स्थानीय स्वास्थ्य सँस्थाबाट हुने गर्दछन जसका कारण सेवा प्रवाहमा विविधता देखिएको छ । त्यसकारण स्वास्थ्य तथा पोषण नीति २००६ परमिार्जन तथा स्थानीय सरकार तथा स्वास्थ्य सँस्था एवम् अभिभावक विद्यालयको समेत क्षमता विकास तथा जिम्मेवारी बारे सान्दर्भिककरण गराउन आबश्यक देखिएको छ ।

दिवाखाजा लगायतका वाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानून तथा नीतिहरुमा समाबेश गरीएको छ ।यस क्रममा नेपालको पन्ध्रौं योजनाले एकएक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको ब्यबस्था गरीने उल्लेख छ भने कति पय प्रदेशहरुले यो कार्यक्रम स्थानीय कायृविधि बनाएर क्रमशःलागु गर्नथालिसकेको र हाम्रो नगरपालिकामा समेत सुरु भैसकेको छ ।यस योजनाले बालबालिकाको स्वास्थ्य तथा  पोषणमा तथा स्वच्छता खाद्य सम्प्रभुता लाई नीतिगत प्राथमिकता दिए पनि कसरी विद्यालयहरुसँग जोडने भनने रणनीतिहरुले स्पस्ट पारेको देखिदैन राष्टिय योजना आयोगको  सँयोजकत्वमा तयार गरीएकोबहुक्षेत्रीय पोषण योजन दोस्रो,सन्२०१८(२०२२ले विभिन्न क्षेत्रबीचका कार्यक्रम एकीकृत गर्ने,यस सम्बन्धि नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय सँयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनले समन्वयात्मक कार्य प्रभावकारी हुनसकेको देखिदैन भने विद्यालय सँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपर्दो सम्बन्ध स्थापित हुनसकेको छैन ।यसले पोषणमा बढी महत्व दिने हूँदा बालबालिकाको स्वास्थ्य पोषण ,दिवाखाजा र सरसफाइ एवम स्वच्छतालाई अन्तर सम्बन्धिततथा आबस्कताका आधारमा एकीकृत गर्न प्रयाप्त हुने देखिदैन ।विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नकालागि जुका नियन्त्रण सुक्ष्म पोषक तत्व,तथा दृष्टि,श्रवणको जाँच स्वास्थ्य तथा पोषण शिक्षा प्राप्त गरी विद्यालयका सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उदेश्य राखी विभिन्न रणनीतिहरु प्रस्ताब गरीएका थिए । यि उदेश्य प्राप्तीकालागि सञ्चालन गरीने हूँदा कार्यक्रमको नतिजामा एकरुपकता देखिएको छैन विशेषतःविद्यालय र स्थानीय सरकार एवम स्वस्थ्य सँस्थाको सक्रियता  स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीता निर्भर भएको देखिन्छ ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवं पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धीमा सुधार गर्नु ।
- विद्यालय दिवा खाजासँग सम्बन्धित सेवाहरुमा सुधार गरी प्रत्येक विद्यालयमा स्वस्थ्यकर पौष्टिक खाजा प्राप्तीको सुनिश्चित गर्नु
- विद्यालयमा दिवाखाजा पोषण सरसफाइ स्वच्छता सम्बन्धित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभुत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अविभावकको संलग्नतामा माध्यमिक तहसम्म विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने ।
- प्रति विद्यार्थी दैनिक रु.१५ को खाजालाई प्रदेश तथा संघिय सरकारसंग समन्वय गरी समय सापेक्ष बनाउने ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइ सकेका सामान व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्थापन गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वस्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन चक्की, फोलिक एसिड वितरण र छात्राका लागि महिनावरी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रसंगको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरुसंग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अविभावकहरुको सहभागीता, विकास साझेदारको सहयोगका लागि आवश्यक संयन्त्रको विकास गर्ने ।
- दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्यांकन साधन, संयन्त्र र प्रक्रिया प्रभावकारी बनाउने ।
- बालबालिकाकालागि विद्यालय नै सफा तथा ताजा पोपिसलो खाजा तयारीको लागिचाहिने भान्सा भण्डार सफा खाने कोठा समूहमा हात धुने बानीको विकासलगायतका सुविधा विस्तार गर्ने ।
- दिवाखाजा कार्यक्रमलाई क्रमश आधाभूत तह सम्मका सबै बालबालिकाहरुलाई र अभिभावकको सम्लग्नतामा माध्यमिक तह सम्म विस्तार गर्दै लगिने छ विद्यार्थी दिवाखाजा पाउने कूरालाइ अधिकारका रुपमा स्थापित गरीने छ ।
- दिवाखाजा कार्यान्वयन गर्न विद्यालयहरुमा आबश्यक संयन्त्र सहितको सक्षमता विकास तथा एक विद्यालय एक स्वस्थ्यकर्मीको अवधारणा  कार्यान्वयन गर्ने ।
- दिवा खाजाकोलागि खाद्य सामाग्री  आपुर्ति गर्न  स्थानीय उत्पादन आधारित आपुर्ति गर्न किसान समूह कृषि सहकारीहरु सँग सहकार्य गर्ने

### ४.४.४ प्रमुख उपलब्धी तथा नतिजा

#### उपलब्धि

- सबै विद्यालयमा सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक क्षमतामा अभिबृदि तथा सिकाइमा गुणस्तरीयता सुरक्षित तथा अपागंता मैत्री एवम मनोरञ्जनात्मक सिकाइ वाताबरणमा सर्वशुलभता पहुँच टिकाउ तथा स्थायीत्व सहित समान सहभागिता हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष( २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा तथा कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका संख्या ( | ७५४ | | | | | | निरन्तर र पूर्ण हुने अपेक्षा |
| २ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १- ५ | | | | १-८ | | |
| ३ | बर्षिक रुपमा नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | २ | ४० | ४० | ४० | ४० | ४० | सबैले गर्नुपर्ने |
| ४ | खानेपानी, शौचालय र प्राथमिक | २ | १० | १० | १० | ८ | ३८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य सेवाको पहुँत पुगेका विद्यालय संख्या | | | | | | | |
| ६ | स्थानीय उत्पादनको प्रयोग गरी दिवा खाजा वितरण गर्ने विद्यालय संख्या | ५ | ४० | ४० | ४० | ४० | ४० | सबैमा अनिवार्य लागु गर्ने |
| ७ | हातधुने ठाउँ, साबुन, स्यानेटरी प्याड व्यवस्थापन गर्ने कोठा, छात्र छात्रा अलग अलग शौचालय भएको विद्यालय संख्या | ० | ५ | ५ | ५ | १० | २५ | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सम्बन्धी अभिभमुखिकरण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | | |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | पटक | ६ | ६ | ६ | ६ | ६ | | २ महिनामा १ पटक |
| ४ | एक विद्यालय एक फुलबारी वा | विद्यालय | ० | ५ | १० | १५ | १० | ४० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हरित विद्यालय कार्यक्रम | | | | | | | | |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ० | ४० | ४० | ४० | ४० | | |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | ५ | ४० | ४० | ४० | ४० | | |
| ७ | बार्षिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | १० | २० | १० | ४० | ४० | | |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | | |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | ५ | १० | १० | १० | ५ | | |
| १० | छात्राको लागि सेनिटरी प्याड डिस्पोजल मेसिनको व्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | ५ | १० | १० | १० | ५ | | |

### ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा वातावरणमा कुनै बेला के हुन्छ भन्ने कुरा कसैलाई थाहा छैन । विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । यस्को प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ । युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषत: लामो द्वन्दको परिवेशमा

शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट सिकाई भई नेपाल सरकारले आ.व. २०७९/८० देखि कार्यान्वयनमा ल्याएको विद्यालय शिक्षा क्षेत्र सुधार योजनाले आपतकालीन अवस्थाका शिक्षण सिकाईको निरन्तरता सम्बन्धी विषयलाई मुख्य अन्तर सम्बन्धित सवालको रुपमा उल्लेख गरी योजनाको लक्ष्यसंग जोडेको छ। यसै योजनाको लक्ष्य अनुसार विविध खालका प्रकोप, विपद् वा महामारीका समयमा शैक्षिक संस्था संचालन र सिकाइ निरन्तताका लागि गर्नपर्ने र गर्न सकिने विभिन्न औपचारिक वा अनौपचारिक, खुल्ला माध्यमका संभावित सिकाइ क्रियाकलाप संचालन गर्ने विद्यालय शिक्षा क्षेत्र योजना कै पुरक कार्यक्रमको रुपमा ReAL Plan शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई आ.व. २०७९/०८० बाट कार्यान्वयनमा ल्याएको छ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र, २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ। यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स., बालकल्बले पनि विपदप्रति सचेतना जगाउदै आएका छन्।। यसका साथै सिकाई आपुरण तथा द्रुत सिकाई योजना अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको समेत प्रभावकारी रुपमा कार्यन्वयन गरिदै आएको छ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलतालाई जोड दिन आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरी बाल अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषतः लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको

शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट सिकाई भई नेपाल सरकारले आ.व. २०७९/८० देखि कार्यान्वयनमा ल्याएको विद्यालय शिक्षा क्षेत्र सुधार  योजनाले आपतकालीन अवस्थाका शिक्षण सिकाईको निरन्तरता सम्बन्धी विषयलाई मुख्य  अन्तर सम्बन्धित सवालको रुपमा उल्लेख गरी योजनाको लक्ष्यसंग जोडेको छ। यसै योजनाको लक्ष्य अनुसार विविध खालका प्रकोप, विपद् वा महामारीका समयमा शैक्षिक संस्था संचालन र सिकाइ निरन्तताका लागि गर्नपर्ने र गर्न सकिने विभिन्न औपचारिक वा अनौपचारिक, खुल्ला माध्यमका संभावित सिकाइ क्रियाकलाप संचालन गर्न विद्यालय शिक्षा क्षेत्र योजना कै पुरक कार्यक्रमको रुपमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL PLAN) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई आ.व. २०७९।०८० बाट कार्यान्वयनमा ल्याएको छ।

यस गाउँपालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र, २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा  टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ। यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ। विद्यालयमा रहेको  स्काउट, जु.रे.स. तथा यु.रे.स., बालक्लव, टिन्सक्लबले पनि विपदप्रति सचेतना जगाउदै आएका छन्। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ। यसका साथै सिकाई आपुरण तथा द्रुत सिकाई योजना अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनु ुदानको समेत प्रभावकारी रुपमा कार्यन्वयन गरिदै आएको छ। तथापि यस गाउँपालिकामा बालमैत्री र विपत् उत्थानशील र सुरक्षित कक्षा कोठाको व्यवस्थापन, वि.स. २०७२ को विनाशकारी भुकम्पको असर न्यून भए पनि बेला बेलामा हुने बाढी पहिरो आदिले गर्दा विद्यालय परिसर भवन जीर्ण अवस्थामा रहेकोले सुरक्षित नभएको, आपतकालिन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विद्याको रुपमा सम्बन्धित गर्न,प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउन, अकल्पनिय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्न, संकटहरुको वर्गिकरण तथा यतत्कालिन तथा दिर्गकालिन योजना वनाउन, उत्थानशीलता बारे योजना तयार गर्न नसक्नु जस्ता यावत समस्या रहेका छन्।

### ४.५.२ उद्देश्य

- विपते व्यवस्थापन पैतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु।
- संभावित विपत्को व्यवस्थनापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु। उद्देश्य
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु।
- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पुर्व सावधानी र तयारीको वातावरण तयार गर्नु।

- संभावित विपत् व्यवस्थापन तथा उत्थानशीलताका लागि  भौतिक, मानविय र आर्थिक स्रोतको तयारी गर्नु ।

### ४.५.३ रणनीति

- विपदको समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य र पुर्नस्थनपना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।
- संभावित प्रकोप तथा विपत् सम्बन्ध्धी पूवै सावधानी, प्रकोपबाट बच्ने उपायहरुका बारेमा जानकारी गराउने ।
- कोभिड १९ जस्ता महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा संकटहरुको पुर्वानुमान तथा त्यसको प्रभावका मूल्यांकंन तथा विश्लेषण गर्ने ।
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- स्थानीय स्रतमा शिक्षा समुह निर्माण तथा परिचालन गर्ने ।
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामाग्रीको प्रबन्ध गर्ने ।
- विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको सक्षमता विकास गर्ने ।
- विद्यालय भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार स्थानीय तह स्तरीय विद्यालय पुर्वाधार विकास समिति निर्माण गरी विद्यालय निर्माण,  लैगिंक समता र समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन वा जोखिम न्यूनीकरण र उत्थानशीलता शिक्षा, सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमन तथा निरीक्षण गर्ने ।
- विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकाय बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने ।
- विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको  सरकारी गैरसरकारी क्षेत्रलाई संकट रोकथाम, प्रतिकार्य र पुनस्थापनका लागि सक्षमता विकास गर्ने  ।
- सिकाई आपुरण तथा द्रुत सिकाई योजना अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको  प्रभावकारी कार्यान्वयन गर्न  गाउँ शिक्षा समिति, विद्यालय व्यावस्थापन समिति, शिक्षकलाई अभिमुखीकरण गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

- आपतकालिन तथा संकटपूर्ण परिस्थतिमा पनि बालबालिकाको सुरक्षसहित शिक्षा प्राप्त गर्ने  अधिकारलाई सुनिश्चित हुने ।

- विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्रकोप व्यवस्थापका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने।
- आवश्यक भौतिक मानविय र आर्थिक स्रोतको व्यवस्थापन हुने।
- महामारीको समयमा पनि स्वास्थ्य उपचार सहित सिकाइ निरन्तरहुने।
- युद्ध, सामाजिक द्वन्द्व, हिंसा तथा बँसाइसराइको अवस्थामा पनि आधारभुत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष (२०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभुत जीवन रक्षासीप सहित महामारी तथा प्रकोप, विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण संचालन गर्ने विद्यालय संख्या | ० | ५ | ५ | १० | १० | ३० | |
| २ | हरित विद्यालय संख्या | ० | ११ | २९ | ४० | ४० | ४० | |
| ३ | जलवायु परिवर्तन, दिगो विकासका निम्ति शिक्षा | ० | ५ | ५ | ५ | ५ | २० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम संचालन गर्ने विद्यालय संख्या | | | | | | | |
| ४ | महामारी, प्रकोप तथा विपद्को समयमा वैकल्पिक विधिको प्रयोग गरी सिकाइ निरन्तर गर्ने विद्यालय संख्या | ५ | २९ | २९ | ३५ | ४० | ४० | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विपद सम्वन्धी पालिका स्तरीय तथा विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माण | विद्यालय | १ | | | | | | |
| २ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | | | | | | | |
| ४ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४. ६. विद्यालयको भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान,सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय,बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर,

प्रयोगशाला, शौचालय, पानी, पुस् तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरीएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति,यस पालिकाको शिक्षा सम्बन्धि नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरीएको छ ।

### ४.६.१ वर्तमान अवस्थाः

फाल्गुनन्द गाउँपालिका हाल कुल विद्यालय ४७ मध्ये ४० सामुदायिक र ७ सस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालय तर्फ वटा १५४ भवन रहेकोमा ४१ वटा पक्की भवन छन् । यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा तथा महिला शिक्षक शौचालय भएका विद्यालयहरु २४, छात्र शौचालय २४ वटा छन् । खानेपानीको आफ्नै बाहिरी श्रोत भएका विद्यालय ३६ र अन्य ४ वटामा कुनै श्रोत नभएका विद्यालय छन् । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरीएको छ । यस फाल्गुनन्द गाउँपालिका भरिमा १० वटा विद्यालय रहेका छन् । यसैगरी १३ विद्यालयमा पुस्तकालय, ९ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १६ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ४० वटा विद्यालयमा ईन्टरनेट पुगेको छ । ४० विद्यालयमा खेलकुद कोठा साथै . विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन् ।

फाल्गुनन्द गाउँपालिकाको सामुदायिक विद्यालयहरुको भौतिक अवस्था तथा विद्यालयको विवरण देहाय बमोमजिम प्रस्तुत गरिएको छः-

| क्र.सं | विद्यालयको नाम | वडा नं | भवन संख्या | | पुस्तकालय | विज्ञान प्रयोगशाला | ICT को व्यवस्था | वास सहितको शौचालय | स्वच्छ पिउने पानी | इन्टरनेट सुविधा | खेल-मैदान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पक्की | कच्ची | | | | | | | |
| १ | श्री सिद्धदेवी मा वि | १ | ८ | ० | छ | छ | छ | छ | छ | छ | छ |
| २ | श्री हरीनाथ आ वि | १ | - | २ | - | - | - | - | छ | छ | छ |
| ३ | श्री शान्तिक्षेत्र आ वि | १ | - | २ | - | - | - | - | छ | छ | छ |
| ४ | श्री जनकल्याण आ वि | १ | १ | २ | -- | - | - | - | छ | छ | छ |
| ५ | श्री वालविकास आ वि | १ | - | ३ | - | - | - | - | छ | छ | छ |
| ६ | श्री वालउद्यान आ वि | १ | - | ३ | - | - | - | - | छ | छ | छ |
| ७ | श्री तिरतिरे आ वि | १ | - | ३ | - | - | - | - | - | - | - |
| ८ | श्री पिपलबोटे आ वि | १ | - | २ | - | - | - | - | छ | छ | छ |
| ९ | श्री सिद्धेश्वरी मा वि | १ | १ | ३ | छ | - | छ | छ | छ | छ | छ |
| १० | श्री त्रिभुवन आ वि | २ | १ | २ | छ | - | छ | छ | छ | छ | छ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | श्री जनकल्याण आ वि | २ | - | १ | - | | - | - | छ | छ | छ |
| १२ | श्री महागुरु फाल्गुनन्द आ वि | २ | १ | २ | - | - | - | छ | छ | छ | छ |
| १३ | श्री सत्यहाङमा मा वि | २ | २ | ३ | छ | छ | छ | छ | छ | छ | छ |
| १४ | श्री सारताप मा वि | ३ | १ | ५ | छ | छ | छ | छ | छ | छ | छ |
| १५ | श्री लालिगुराँस आ वि | ३ | - | ३ | - | - | - | - | छ | छ | छ |
| १६ | श्री पदम कन्या आ वि | ३ | १ | २ | - | - | - | - | छ | छ | छ |
| १७ | श्री पञ्चामृत आ वि | ३ | - | ५ | - | - | छ | - | छ | छ | छ |
| १८ | श्री जलसिं मा वि | ३ | ५ | २ | छ | छ | छ | छ | छ | छ | छ |
| १९ | श्री इमान सिं आ वि | ४ | - | ३ | - | - | - | - | छ | छ | छ |
| २० | श्री जालपादेवी आ वि | ४ | - | ५ | - | - | छ | - | छ | छ | छ |
| २१ | श्री तिनचुले आ वि | ४ | - | २ | - | - | - | - | छ | छ | छ |
| २२ | श्री कृष्ण मा वि | ४ | १ | ३ | छ | - | छ | छ | छ | छ | छ |
| २३ | श्री सिद्धेश्वरी मा | ४ | १ | ४ | छ | छ | छ | छ | छ | छ | छ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वि | | | | | | | | | | |
| २४ | श्री जनता आ वि | ४ | - | ३ | - | - | - | - | छ | छ | छ |
| २५ | श्री पैयौबोटे आ वि | ४ | - | ४ | - | - | छ | - | छ | छ | छ |
| २६ | श्री घुर्विसे पञ्चमी मा वि | ५ | २ | ६ | छ | छ | छ | - | छ | छ | छ |
| २७ | श्री जनकल्याण मा वि | ५ | ३ | ३ | छ | छ | छ | छ | छ | छ | छ |
| २८ | श्री सिद्ध सरस्वती आ वि | ५ | - | ३ | - | - | - | - | छ | छ | छ |
| २० | श्री टिका भैरुङ आ वि | ५ | - | ३ | - | - | - | - | छ | छ | छ |
| ३० | श्री जगदम्वीमाई आ वि | ५ | 1 | 2 | - | - | - | - | छ | छ | छ |
| ३१ | श्री नागेम्वा आ वि | ५ | - | ३ | - | - | - | - | छ | छ | छ |
| ३२ | श्री इछिङ आ वि | ५ | - | ३ | - | - | - | - | छ | छ | छ |
| ३३ | श्री जयनारायण आदर्श मा वि | ६ | ६ | ४ | छ | छ | छ | छ | छ | छ | छ |
| ३४ | श्री पञ्चकन्या आ वि | ६ | - | ४ | - | - | छ | - | छ | छ | छ |
| ३५ | श्री लक्ष्मी आ वि | ६ | १ | २ | छ | - | - | - | छ | छ | छ |
| ३६ | श्री नमुना ज्योति | ६ | 1 | २ | - | - | - | - | छ | छ | छ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ वि | | | | | | | | | | |
| **३७** | श्री ज्योति मा वि | ७ | ३ | २ | छ | छ | छ | - | छ | छ | छ |
| **३८** | श्री वि पि स्मृति आ वि | ७ | १ | २ | - | - | - | - | छ | छ | छ |
| **३९** | श्री लाल बहादुर आ वि | ७ | १ | २ | - | - | - | - | छ | छ | छ |
| **४०** | श्री जनता आ वि | ७ | १ | २ | - | - | - | - | छ | छ | छ |

***(स्रोतः- गा पा शिक्षा प्रोफाएल २०८१/८२)***

माथिको तथ्याङकले विद्यालयहरु अझ पनि भौतिक रुपमा मजबुद नरहेको प्रष्ट हुन्छ । गाउँपालिकाले विद्यालयको भौतिक व्यवस्थापनका न्युनमात्रामा बजेट विनियोजन गरेको पाइन्छ भने संघिय सरकारबाट प्राप्त शसर्त अनुदान अन्तर्गतको भौतिक पूर्वाधार अनुदान पनि ज्यादै कम आउने गर्दछ । यसले गर्दा विद्यालयको भौतिक व्यवस्थापन अझ पनि राम्रो हुन नसकिरहेको अबस्था छ ।

### ४.६.२ उद्देश्यः

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुनिश्चित विद्यालय पूर्वाधार विकास गर्नु ।
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
- जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन जलवायु स्मार्ट भौतिक संरचना बनाउन परामर्श गर्नु ।
- सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
- पूर्वाधारहरुलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री,अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।
- सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने ।
- पूर्वाधारहरुलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री,अपाङ्गता र लैङ्गिक मैत्री बनाउने ।

### ४.६.३ *रणनीति*

- भौतिक पूर्वाधार विकासका लागि संचालित विद्यालयको तह, विद्यार्थी संख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
- एक विद्यालमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ,
- विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागीतामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकता अनुसार सवलीकरण तथा पुननिर्माण एवं मर्मत संभार गर्ने ,
- पूर्वाधार निर्माणसंगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार बीच समन्वय कायम गरी एकदार प्रणाली अपनाउने ।
- विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवं गैर सरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।
- विद्यालयहरु निर्माण गर्दा कक्षाकोठा,शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी ,शौचालय, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने १०) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने ।



स्थानीय तहको शिक्षा योजना

- आंशिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गर्ने ।

### ४.६.४ *प्रमुख उपलब्धी तथा नतिजा*

- गाउँपालिका भरिका सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।
- फाल्गुनन्द गाउँपालिका भित्रका विद्यालय शिक्षाअन्र्तगत विकास एवं विस्तार गर्नुपर्ने भौतिक. पूर्वाधारको स्वरुप तथा भूमिका परिभषित हुने ।
- फाल्गुनन्द गाउँपालिका अन्र्तगत भौतिक पूर्वाधारको आवश्यकता  र मापदण्ड सहितको  5 वर्षे५मास्टर प्लान तयार हुने ।
- पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको बाँडफाँटसहितको कार्यान्वयन प्रारुप विकास हुने ।
- गाउँपालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
- एक विद्यालय सम्पूर्ण पूर्वाधारको अवधारणा अनुरुप कम्तिमा २० विद्यालयमा पूर्वाधार विकास हुने ।
- पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड तथा स्तरीकरणका सूचक तयार हुने ।
- सबै विद्यालयको क्षेत्रभित्र घेराबारा प्रवेश गेट निर्माण भएको हुने ।
- विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङिगक मैत्री हुने ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स. | सुचक | आधार बर्ष (२०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प प्रतिरोधात्मक विद्यालय भवन संख्या | ८ | ९ | १० | १२ | २० | | पक्कि |
| २ | मापदण्ड पुरा गरी नयाँ निर्माण भएका भवन, कक्षा कोठा | ७ | ९ | १० | १२ | २० | | |
| ३ | बाढी पहिरो लगायतका | ४ | ३ | २ | ० | ० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | | | | | | | |

### *४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप ब्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | १ | | | | | १ | |
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | | | १ | | २ | |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शौचालय,घेराबारा,खानेपानी छात्रबास) | पटक | २ | ३ | ५ | १० | १० | | |
| ४ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरुबाट अनुगमन तथा निरीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | |
| ५ | हामि बनाउछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ५ | १० | १० | १० | ४० | |
| ६ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम | विद्यालय | ५ | ५ | १० | १० | १० | ४० | |

## ४.७ विद्यालय सुचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधी समाजका विविध आयामहरूमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनी सकेको छ । शिक्षा क्षेत्रमा सूचना तथा प्रविधीको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण सिकाइको दुवै पक्षमा भइ रहेको छ। शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा संचार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरूले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ । व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न, अनुगमन र मूल्याङ्न गर्न, तालिम, सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधीलाई प्रयोग गरीएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधीको विकासक्रम हेर्दा शिक्षामा सूचना तथा सञ्चार प्रविधीको योजना २०१३–२०१७ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधीको सम्बन्धमा मार्गदर्शक सिद्धान्तहरू विकास गरेको थियो ती मार्गदर्शक सिद्धान्तहरू आजको सन्दर्भमा समेत उत्तिकै सान्दर्भिक रहेका छन् । उक्त गुरुयोजनाले निर्धारण गरेका उद्देश्यहरूमा सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभुत साक्षरताका रूपमा विकास गरी डिजिटल डिभाइड कम गर्ने, शिक्षामा समतामुलक पहुँच पुर्याइ गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका थिए। यसका लागि उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने,डिजिटलसामग्री विकास गर्ने, शैक्षिक पद्धति तथा व्यवस्थापनमा सुधार गर्ने थिए। यस गुरुयोजनाको सन्दर्भ हाल समेर रहेको पाउन सकिन्छ।

कोभिड-१९को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताको आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअलमाध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन । यस्तो अवस्थामा सबैका लागि यस पहुँच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ|
यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरूको पहिचान गरीएको छ पहिचान गरीएका चुनौतीहरूको सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरीएको छ। तथापि यस परिच्छेद अन्तरगतका योजनाको खाका छुट्टै विषयक्षेत्र अन्तरगत नपर्ने हुनाले सान्दर्भिकताका आधारमा सूचना तथा प्रविधिसम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँगै सम्बन्ध गराइनुपर्दछ।

### ४.७.१. वर्तमान अवस्था

राष्ट्रियरूपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र पुगेको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति कानुन तथा रणनीतिहरूको व्यवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ । नेपालले ब्रोडब्यान्ड नीति २०७१ल्याएको छ । जसलेविद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षा लगायतकाविषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ले सूचना र संचारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्नेलगायतका नीतिहरूले गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, Geospatial/GISशिक्षा प्रदान गर्ने र शिक्षाक्षेत्रको सूचना र सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरीएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिभीपुर्याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरीएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमूना विद्यालयहरूमा सूचनाप्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्नेर एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए ।

यसका अलवा प्रदेश सरकारबाट समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधीको प्रयोगलाई विशेष जोड दिँदै विभिन्न विद्यालयहरूमा सुविधा सम्पन्न कम्प्युटर ल्याव स्थापना गर्ने कार्य अगाडि वढाइएको छ ।यसका अलवा शिक्षा तालिम केन्द्रले प्रदान गर्ने शिक्षक तालिम अहिले भर्चुअल माध्यबाट समेत सञ्चालन गर्ने गरेको छ ।

सूचना तथा सञ्चार प्रविधीलाई शिक्षामा प्रयोग गर्ने सम्वन्धमा फाल्गुनन्द गाउँपालिकाको आठौँ गाउँ सभाबाट पारित आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कायर्क्रममा सामुदायिक विद्यालयमा शैक्षिक सुधार कार्यक्रममा कोभिड १९ को कारण भएको शैक्षिक क्षति न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधीको प्रयोग गरी भर्चुअल सिकाई विस्तार गरिँदै लगिने नीति उल्लेख गरीएको छ । यसै गरी उक्त नीति तथा कार्यक्रममा समावेश भएको सूचना तथा

सञ्चार सम्बन्धी नीति अनुसार सामाजिक सञ्जाल र अनलाइन मिडयालाई आम जनताको सिर्जनशीलता अभिवृद्धि र विद्यार्थीहरूका लागि सिकाइ माध्यमको रूपमा सदुपयोग गरीने कुरा कुरा उल्लेख गरीएको छ।

तथ्याङ्क गतरूपमा हेर्दा फाल्गुनन्द गाउँपालिकामा रहेका ४० वटा सामुदायिक विद्यालयहरू मध्ये ३० वटा विद्यालयमा कम्प्युटर जडान भएको छ। यसै गरी ४० वटा सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरीएको छ। सामूदायिक तथा संस्थागत गरी जम्मा १६ विद्यालयमा कम्प्युटर ल्याव रहेको छ। यसका अलवा सामूदायिक माध्यमिक विद्यालयहरूलाई इन्टरनेट जडान वापतको शुल्क समेत पालिकाको तर्फबाट प्रदान गर्ने गरीएको छ।

### ४.७.२ उद्देश्य

- सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउनु।
- सिकाईलाई प्रभावकारी, गुणस्तरीय र समय सान्दर्भिक बनाउन सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

### ४.७.३ रणनीति

- सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधिका आधारभुत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
- सुचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको सक्षमता अभिवृद्धि गर्ने।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामाग्रीको प्रयोग गर्ने।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणलीमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
- शैक्षिक स्रोत सामाग्रीमा इन्टरनेटको सुविधा मार्फत विद्यालय, शिक्ष्ँक र विद्यार्थीको पहुँच विस्तार गर्ने।
- कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ सम्बन्धी सक्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी श्रव्य तथा दृष्य सामाग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने।
- विश्वव्यापीरूपमा उपलब्ध शैक्षिक श्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा विस्तार मार्फत विद्यालय एवं विद्यार्थीको पहुँच विस्तार गर्ने।
- सबै विद्यालयहको अध्यावधि भएका तथ्याकं IEMIS बाट नै संकलन गर्न सक्ने व्यवस्था गर्ने।
- कम्प्युटर प्रयोगशाला रहेका विद्यालयहरूमा ई–पुस्तकालयसञ्चालन गर्ने ।
- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरीनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाइनेछ,
- विद्यालयमा रहेका सबै शिक्षकलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम प्रदान गरीनेछ। पालिका तथा विद्यालयबाट छनौट तथा नियुक्त गरीने शिक्षाहरू को लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सीप परीक्षण अनिवार्य गरीनेछ,

- पाठ्यक्रम तथा पाठ्यसामग्री हरूको डिजिटल प्रतिविद्यार्थीहरूलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ,
- स्थानीयस्तरबाट निर्माण तथा विकसित गरीएका सूचना तथा संचार प्रविधिसँग सम्बन्धित शैक्षिक सामग्रीहरू एकिकरण गरी त्यसको सहज पहुँचका लागि ई-पोर्टलको व्यवस्था गरीनेछ,
- विश्वव्यापीरूपमा उपलब्ध शैक्षिक श्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा विस्तार मार्फत विद्यालय एवं विद्यार्थीको पहुँच विस्तार गरीनेछ,
- सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्वय गरीनेछ
- सबै विद्यालयहरूले IEMIS अन्तरगतका कार्यहरूलाई समयमा नै सम्पन्न गर्नेगरी क्षमता विकास गरीनेछ,
- कम्प्युटर प्रयोगशालारहेका विद्यालयहरूमा ई-पुस्तकालयसञ्चालन गरीने छ।

### ४.७.४ *प्रमुख उपलब्धी तथा नतिजा*

उपलब्धी

- विद्यालयमा सुचान तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाईमा सहजीकरण भएको हुनेछ।
- सुचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाई उपलब्धीमा सुधार आएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष (२०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालय संख्या | ३९ | ४० | | | | ४० | |
| २ | शिक्षण सिकाई क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १० | १५ | २० | ५ | | ४० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ५ | ० | १० | १५ | १० | ४० | |
| ४ | व्यवस्थापकीय कार्यमा सुचान तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | ० | ११ | २९ | ४० | | | |
| ५ | विद्युतको पहुँच पुगेको विद्यालय संख्या | ३९ | १ | | | | ४० | |
| ६ | सबै तथ्याकं पुरा गरी अध्यावधि रुपमा रहेको IEMIS | १० | ४० | ७ | | | | ७ संस्थागतलाई समेत जोड्ने |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | एक विद्यालय सुचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | ० | ५ | ५ | ५ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ICT Lab को स्थापना | संख्या | ० | ३ | ३ | ३ | ३ | | |
| ३ | सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | बार्षिक रुपमा स्थलगत अनुगमन तथा रुजू | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.८ छात्रवृत्ति

बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गराउने उद्देश्यका साथ न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका, अपाङ्ग एवम् द्वन्द्व पिडित विद्यार्थीहरूलाई वर्षेनी छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । नियमित छात्रवृत्ति वितरणका कारण विद्यालयमा नियमित उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुने उत्प्रेरणा प्राप्त हुने भएकोले बालबालिकाको सिकाइमा सुधार भई शिक्षाको गुणस्तर सुधारमा योगदान पुग्दछ।

नेपालको संविधान तथा अन्य विभिन्न नीति तथा कार्यक्रमहरूले शिक्षामा समता तथा समावेशी ढङ्गबाट पहुँच अभिवृद्विका लागि विभिन्न लक्षित समुदायहरूलाई छात्रवृत्ति वितरणको प्रावधान गरेको छ। लक्षित समुदायहरूमा विशेषत: गरिब, अपाङ्ग, सुविधाविहिन तथा विभिन्न किसिमले कठिन परस्थितिमा रहेका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्ने गरिन्छ । विद्यालयमार्फत विद्यार्थीलाई प्रदान गरिने यस्ता सहयोगले विद्यार्थीको सिकाइ सहभागितासँग सम्बन्धित रही शिक्षाको गुणस्तर सुधार गर्दछ। यस पालिकामा रहेका सामुदायिक विद्यालयहरूले दलित, छात्रा, अपाङ्ग र जेहेन्दार छात्रवृत्ति हरेक साल नीति नियमानुसार प्रदान गर्दै आएको छ भने संस्थागत विद्यालयहरूले पनि लक्षित समुदायका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग प्रदान गर्दै आएका छन्।

### ४.८.१ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका लक्षित समुदायका बालबालिकाहरूका लागि नीति नियमानुसार विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरिरहेको छ। विद्यालय तहका सम्पूर्ण विद्यार्थीहरूलाई वार्षिक रूपमा तपसिलको शीर्षकमा विद्यालयमार्फत छात्रवृत्ति वितरण भइरहेको छ :

१) आधारभूत तह ( १-५ ) छात्रा छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
२) आधारभूत तह ( १-५ ) दलित छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
३) अपाङ्ग छात्रवृत्ति प्रति विद्यार्थी

आवासिय छात्रवृत्ति – वार्षिक रु ५०,०००/-

सहयोगी सहायता छात्रवृत्ति – वार्षिक रू ५,०००/-

यातायात सेवा छात्रवृत्ति – वार्षिक रू ३,०००/-

शैक्षिक सामग्री छात्रवृत्ति – वार्षिक रू १,०००/-

४) विपन्न लक्षित छात्रवृत्ति – वार्षिक रू ६,०००/- देखि २४,०००/- सम्म

५) वैदेशिक रोजगार सन्तति छात्रवृत्ति –

६) सहिद तथा द्वन्द्व पिडित परिवार छात्रवृत्ति

विद्यालयमा भर्ना भएका धैरैजसो विद्यार्थीहरूले कुनै न कुनै किसिमको छात्रवृत्ति प्राप्त  गरिरहेकै छन् तर ती छात्रवृत्ति रकम अति नै न्यून रहेकोले यसबाट जति सहयोग हुनुपर्ने हो त्यति हुन नसकेको र विद्यालय शिक्षाका गतिविधिहरूलाई निरन्तरता दिन नसकेको देखिन्छ।

### *अवसर र चुनौतीहरू*

विद्यालय शिक्षामा विगतका अभ्यासहरूका सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै अब शिक्षाको गुणस्तरियता तथा दक्षताको सुधारमा ध्यान केन्द्रित गर्नु पर्ने समयको माग रहेको छ। विद्यमान शिक्षा क्षेत्रका चुनौतीहरूलाई अवसरका रूपमा परिणत गर्नु जरुरी छ । समयानुकूल कार्यान्वयनमा आएका विभिन्न योजना, नीति तथा कार्यक्रमहरूले विद्यालय शिक्षामा अवसरका आधारशिला स्थापना गरी थप अवसरका मार्ग प्रशस्त गरेको छ । वर्तमान सङ्घीय संरचना अनुरूप नेपालको संविधान तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मेवारीका साथै माध्यमिक शिक्षासम्म अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्थासमेत गरेको छ। यसका साथै विद्यार्थी प्रोत्साहनको व्यवस्थालाई झनै ठुलो अवसरको रूपमा लिन सकिन्छ। फलस्वरूप स्थानीय शिक्षा ऐन तथा नियमावली स्थानीय तहमा नै निर्माण भई आइरहेको छ।

लक्षित समूह नीति तथा कार्यक्रमबाट शिक्षाका धैरै उपलब्धिहरू हासिल भएतापनि शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा सक्षमता जस्ता कतिपय क्षेत्रका उद्देश्यहरू पूर्णरूपले हासिल गर्न सकेका छैनन् । सबैका लागि गुणस्तरीय शिक्षाका अवसर सुनिश्चत गर्ने महत्त्वपूर्ण प्रयत्नका अतिरिक्त अझैपनि कतिपय लक्षित समुदायका बालबालिकाहरू अवसरवाट बञ्चित रहेका छन्। विद्यालयमा विद्यार्थी टिकाउ दरमा वृद्धि नहुनु प्रमुख चुनौतीका रूपमा रहेका छ। ती चुनौतीहरूलाई निम्नानुसार बुँदागत रूपमा पहिचान गरिएका छन् :

- छात्रवृत्ति वितरण आवश्यकतामा आधारित भन्दा पनि वितरणमुखी हुनु।
- प्रदान गरिने छात्रवृत्तिको रकम अति न्यून रहनु।
- अधिकांश छात्रवृत्ति गरिब केन्द्रित नभई जातजाति र लिङ्गमा आधारित भएकाले यसको औचित्यमा प्रश्न उठ्नु।

स्थानीय तह शिक्षा योजना

- छात्रवृत्ति वितरण र यसको प्रभावकारिता तथा उपयोगिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
- आवासीय छात्रवृत्ति जस्तै अन्य छात्रवृत्तिको उद्देश्य र उपयोगिता स्पष्ट पार्नु ।
- छात्रवृत्ति अक्षयकोष स्थापना गर्नु ।

### ४.८.२ उद्देश्य

यस गाउँपालिकाको छात्रवृत्तिसम्बन्धी निम्नलिखित उद्देश्यहरू रहनेछन् :

- आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा पहुँच अभिवृद्धि गरी उनीहरूको सहभागिता र उपलब्धि वृद्धि गर्नु ।
- विद्यालय शिक्षामा विद्यार्थी टिकाउ दर वृद्धि गर्नु ।
- सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्नु ।

### ४.८.३ रणनीतिहरू

- हालका छात्रवृत्तिहरूका किसिम र छनौटका आधारहरूको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आवश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ । छात्रवृत्तिका लागि मुलत: गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाइने छ ।
- छात्रवृत्ति उद्देश्यमूलक बनाउन छात्रवृत्ति छनौट तथा वितरण निर्देशिकाको निर्माण गरिने छ ।
- छात्रवृत्ति छनौटका लागि मुख्य आधारसहित एकमुष्ठ अनुदान रकम विद्यालयमा पठाइनेछ र वि.व्य.स.लाई समेत जिम्मेवार बनाईनेछ ।
- छात्रवृत्ति रकम पुनरावलोकन गरी उद्देश्यअनुरूप पर्याप्त हुने गरी व्यवस्था गरिने छ ।
- स्थानीय तह एवम् विद्यालय स्वयमले आवश्यक स्रोत व्यवस्था गरी थप विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान सक्ने व्यवस्था मिलाइने छ ।
- संस्थागत विद्यालयद्वारा प्रदान गरिने छात्रवृत्तिलाई नियमन गरी व्यवस्थित गरिने छ ।

### ४.८.४ उपलब्धि तथा नतिजाहरू

#### (क) उपलब्धि

- विद्यालय तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने ।

#### (ख) नतिजा

- गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन भएको हुने।
- उद्देश्य र आवश्यकतामा आधारित छात्रवृत्ति वितरण गरिएको हुने।
- लक्षित समूहका विद्यार्थीले विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइ सहभागिता दरमा वृद्धि भई सिकाइमा सुधार भएको हुने।

### ४.८.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति दिवस कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम | जना | ८ | १० | १० | १० | १२ | ५० | |
| ३ | विद्यालय तहका बालबालिकाहरूको सिकाइका लागि प्रोत्साहन कार्यक्रमको पहिचान तथा कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

स्थानीय तहका

## परिच्छेद ५: अन्य उपक्षेत्र

### ५.१. मातृभाषा शिक्षा:

#### ५.१.१ वर्तमान अवस्था

यस गाउँपालिकाले समग्र विद्यालय शिक्षालाई व्यवस्थित गर्नका लागि आवधिक रुपमा गाउँशिक्षा योजना निर्माण गरेर सोही अनुरुप शैक्षिक योजना निर्माण गरेर कार्यान्वयन गर्दै आएको छ । शिक्षा ऐन तथा नियमावली जारी गरेर कार्यान्वयनमा आइसकेको छ । दरबन्दी कम भई शिक्षक अभाव भएका विद्यालयहरुलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट शैक्षिक सहायता अनुदान वितरण हुदै आएको छ । मातृभाषा शिक्षा व्यवस्थापनलाई प्राथामिकतामा राखेर २४ वटा विद्यालयमा मातृभषा शिक्षक दरबन्दी वितरण गरिसकेको छ । गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष १ वर्षे विद्यालय सूधार योजना निर्माण गरि त्यसै अनुरुप शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्।

#### ५.१.२ उद्देश्य

- बालबालिकाहरुको सिकाई गुणस्तरमा सहज वातारण सृजना गरी सिकाई उपलब्धी वृद्धि गर्नु ।
- बालबालिकाहरुको शिक्षा पाउने अधिकार सुनिश्चित गर्नु ।

#### ५.१.३ रणनीति

- मातृभाषा शिक्षा अध्यापन गराउने शिक्षकहरुका विभिन्न कार्यक्रम मार्फत क्षमता अभिवृद्धि
- मातृभाषा शिक्षा प्रभावकारीताका लागि अवधारणा पत्र तयार र कार्यान्वन योजना तयार ।
- मातृभाषा शिक्षा गुणस्तर र पहुँचयोग्य बनाउने कार्यक्रमको व्वयस्थापन तथा आयोजना ।

#### ५.१.४ प्रमुख उपलब्धी तथा नतिजा

उपलब्धी

- मातृभाषा शिक्षा मार्फत विद्यार्थीहरुको सिकाई उपलब्धीमा बृद्धि भइ समग्र उपलब्धीमा बृद्धि भएको हुनेछ ।

स्थानीय तहका शिक्षा योजना

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यन्वयनको समग्र प्रक्रियाले शासकीय (Governance) लाई जनाउँदछ । यसमा सरचना तथा प्रतिक्रिया दुबै प्रर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सम्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशल्तापुर्वक कार्यन्वयन गरी वालवालिकाको सहभागिता र सिकाईमा सुधार गर्न आवश्यक सरचना, भुमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता सरचना तथा कार्यप्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय लिनु तथा निर्णय कार्यन्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थिको सिकाईप्रति जवाफदेहि भई पारदर्शी हुनु र विधिको सर्वच्चोता तथा समतालाई प्रोत्साहान गरी सुशासन (Good Governance) को प्रत्याभुति गर्नु पर्दछ । शिक्षामा तिनै तहका सरकार, विद्यालय तथा समुदाए, गैरसरकारी निकाय तथा विकास साझेदारहरुको भुमिका रहने भएकोले भुमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### *६.१.१ वर्तमान अवस्था*

वर्तमान अबस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघिय योजनाको विकास, अनुगमान तथा मुल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गतको केन्द्रीय तहमा शिक्षा तथा मानवश्रोत बिकास केन्द्र र शैक्षिक गुणास्तर परिक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्ता निकायका रुपमा राष्ट्रिय परिक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ । यस गाँउपालिकामा ४० वटा सामुदायिक विद्यालय ७ वटा संस्थागत विद्यालय साथै ३३ वटा विद्यालयमा आधारित, ७ समुदायमा आधारित बालविकास केन्द्र र ४ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएकोछ । यस गाँउपालिकाले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको क्षमता विकास, बालबालिकाहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन, सूचना सञ्चार प्रविधिका उपकरणको विस्तार र प्रयोग, विद्यार्थी सिकाइ सहजीकरण मूल्याङ्कनमा आधुनिकता रएकरूपता,विद्यालय व्यवस्थापन समिति र शि क्षक अभिभावक संघको क्षमता विकास र उत्तरदायित्व बोध तथा सरोकारवालाहरूलाई सक्रिय बनाइ विद्यार्थी सिकाइ उपलब्धी वृद्धि गर्न ।

व्यवस्थापन निर्दिष्ट उद्देश्य परिपूर्तिका लागि उपलब्ध स्रोत साधनको कुशलतापूर्वक परिचालन गर्ने कला हो । शैक्षिक व्यवस्थापन भित्र भौतिक, आर्थिक तथा मानवीय स्रोत साधनको कुशलतापूर्वक परिचालन गर्ने प्रक्रिया अन्तर्गत पर्दछ । व्यवस्थापनका लागि विभिन्न संरचना तथा संयन्त्रहरु प्रयोग हुन्छ । शिक्षा क्षेत्रलाई व्यवस्थापन गर्ने संरचना हेर्दा संघ अन्तरगत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम

केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्र्तगत शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ ।

यस फाल्गुनन्द गाउँपालिकाको सन्दर्भमा गाउँ शिक्षा समिति, शिक्षकहरुको विषयगत समिति, शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समुह र शिक्षा शाखामा १ कर्मचारी रही दैनिक क्रियाकलाप संचालन गरिदै आएको छ । यस गाँउपालिकामा ४० वटा सामुदायिक विद्यालय ७ वटा संस्थागत विद्यालय साथै ३३ वटा विद्यालयमा आधारित, ७ समुदायमा आधारित बालविकास केन्द्र र ४ सामुदायिक सिकाइ केन्द्र  रहेका छन् । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा  व्यवस्थापन समिति र  शिक्षक अभिभावक संघको व्यवस्था छ । शिक्षाको तहलाई विद्यालय र उच्च शिक्षा गरी दुई तहमा बाँडिएको छ ।

यस गाउँपालिकाले शिक्षालाई विषयगत उपक्षेत्र अन्तर्गत शिक्षालाई समेटी बार्षिक नीति तथा कार्यक्रममा नियमित रुपमा कार्यक्रम तथा बजेट सहित सम्बोधन गरेको छ  भने यसका अलावा गाउँको आवधिक योजना, बार्षिक शैक्षिक स्थिति प्रतिवेदन, शैक्षिक क्यालेण्डरको प्रकाशन, गाउँ शिक्षा समिति, शिक्षक, प्र.अ. को नियमित बैठक, बार्षिक सामाजिक लेखा परीक्षण, आर्थिक लेखा परीक्षण मार्फत पनि शैक्षिक गतिविधिहरुको अध्यावधि तथा पारदर्शिता कायम गर्दै आएको छ । तथापि स्थानिय शिक्षक सहायता पद्धति विकास गर्न , शिक्षकको सक्षमता विकास र विस्तार गर्न , स्थानिय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न, संघ,प्रदेस र स्थानिय तह विच समन्वय र सहकार्य सुदृढ गर्न, समयसीमाभित्र आवश्यक प्रकाशन गर्न तथा योजना निर्माण गर्न, ऐन, कार्यविधि निर्माण, दरबन्दी अनुसारको शिक्षक व्यवस्थापन गर्न, गुनासो सुनुवाईको संयन्त्र विकास गर्न नसक्नु जस्ता समस्याहरु भोग्दै आएको छ ।

### ६.१.२ उद्देश्य

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यावस्थापन गर्नु ।
- जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।
- उपलब्ध स्रोत र साधनको न्ययोचित र समुचित वितरण गर्नु ।
- समृद्ध फाल्गुनन्द निर्माणका लागि उत्तरदायी, जवाफदेही, सेवामुखी र जनहितकारी संयन्त्र निर्माण गर्न।

### ६.१.४ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जूमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गर्ने ।
- कार्यरत जनशक्तिको सक्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षकको पेशागत सहयोग प्रणली स्थापना गर्ने ।

- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा समिति, शिक्षक अविभावक संघ , शिक्षक, गाउँ शिक्षा समितिको सक्षमता विकास गर्ने ।
- कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।
- शिक्षा सेवा सम्बन्धी कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रति जवाफदेही सहितको विद्यालय शिक्षाको सुशासनमा अभिवृद्धि गर्ने।
- विद्यार्थीको सिकाइ उपलब्धि बृद्धिका लागि भौतिक संरचनाको सुधार एवं तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्ने ।

### *६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य*

#### उपलब्धि

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
- शिक्षा सेवा प्रवाह सहभागितामुलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थिको सिकाई प्रति जवाफदेहि, समतामुलक तथा समावेसि भई कार्यसम्पादन उदेश्यमुलक, प्रभावकारी तथा कुशल हुनेछ।

#### नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.स. | सुचक | आधार बर्ष २०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्र.अ.सख्या | १ | २ | २ | २ | ४ | | |
| २ | आधारभुत तहमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्र.अ. सख्या | ५ | ५ | ५ | ७ | ७ | | |
| ३ | समय सीमा भित्र नै लेखा परीक्षण र | ४० | ४० | ४० | ४० | ४० | ४० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | | | | | | | |
| ४ | क्रियाशील विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ भएका विद्यालय संख्या | ३० | ३५ | ४० | | | ४० | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्र.अ. तथा प्राचार्य नियुक्त गर्ने विद्यालय संख्या | १५ | ५ | १० | १० | | ४० | |
| ५ | तालिम प्राप्त शिक्षकको रोष्टर अभिलेख | ९० | १० | २० | २० | २० | १७० | निरन्तरता दिदै जाने |
| ६ | IEMIS को अध्यावधि अवस्था | ५ | ३५ | | | | ४० | |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | कैफियत त |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको ब्यवस्थापन | पटक | ४० | | | | | ४० | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | जना | १८ | १५ | ७ | | | ४० | |
| ३ | सामाजिक परीक्षण | पटक | ४० | | | | | ४० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | | ४० | | | | | ४० | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | ४० | | | | | ४० | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई चौमासिकरुपमा सार्वजनिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | विद्यालय | ५ | १० | १० | १५ | | ४० | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | निरन्तर | १० | १० | २० | | | ४० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | ४० | | | | | ४० | |
| १३ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | १ | | | | | १ | |
| १४ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | |
| १८ | शिक्षा समितिको नियमित बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ६० | २ महिनामा १ पटक बस्ने गरेको |
| १९ | प्रअको नियमित मासिक बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ६० | २ महिनामा १ पटक बस्ने गरेको |

## ६.२ स्थानीय शिक्षा योजना कार्यावयनको प्रबन्ध

### *६.२.१ वर्तमान अवस्था*

स्थानीय तहको शिक्षा योजना एक रणनीतिक दस्तावेज हो जसले विषेश भौगोलिक क्षेत्रका लागि शैक्षिक लक्ष्य, प्राथमिकता र रणनीतिहरु तोकी समुदायमा शिक्षा क्षेत्रमा विद्यमान आवश्यकताहरु सम्बोधन गर्नका लागि तयार पारिएको हुन्छ। स्थानीय शिक्षा योजनाको कार्यान्वयनका लागि वित्तीय, मानवीय र भौतिक स्रोत बाँडफाँड गरी कार्यान्वयनमा ल्याउन पर्दछ। यसैगरी योजना कार्यान्वयन प्रक्रियामा शिक्षाविद्, समुदायका मानिसहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि तथा सरोकारवाला निकाय तथा व्यक्तिहरुको संलग्नता र सहभागीतामा सुनिश्चित गर्नुपर्दछ। योजना कार्यान्वयन समयसीमा निर्धारण, अनुगमन तथा मूल्यांकन संयन्त्रको स्थापना, समन्वय प्रक्रियाहरु पहिचान गरी शिक्षासंग सम्बन्धित सरोकारवालाहरुको भूमिका र जिम्मेवारी निश्चित गर्न सकेमा स्थानीय शिक्षा योजना कार्यान्वयन प्रभावकारी हुन्छ। संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्रदेश सामाजिक विकास मन्त्रालयसंग उचितसमन्वय र सहकार्य मार्फत स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध मिलाउने मुख्य दायित्व स्थानीय पालिकाको रहन्छ। यस स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, योजना अनुरुप कार्य संचालनका लागि बजेट व्यवस्थापन र परिचालन, जनशक्ति व्यवस्थापन र परिचालन र दैनिक सुपरिवेक्षण जस्ता प्रमुख काम गाउँपालिकाले गर्नुपर्दछ।

यस फाल्गुनन्द गाउँपालिकाले शिक्षासंग सम्बन्धित कुनै ऐन वा कार्यविधिको व्यवस्था गर्न नसकेको भएता पनि गाउँपालिकाको ५ बर्षे आवधिक योजनामा शिक्षालाई विषयगत उपक्षेत्रमा राखी बार्षिक नीति तथा कार्यक्रममा शिक्षासंग सम्बन्धित योजना तथा क्रियाकलाप र बजेट व्यवस्थापन गर्दै आएको छ। यसका साथसाथै गाउँपालिकाले सशर्त अनुदान अन्तर्गतका वित्तिय हस्तान्तरण कार्यक्रमहरु कार्यान्वयन गर्ने अभ्यास छ तर गाउँपालिकाको शिक्षा क्षेत्र योजनासंग एकीकृत गरी कार्यान्वयन गर्ने अभ्यास न्यून छ।

यस गाउँपालिकामा १ जनशक्ति सहित शिक्षा शाखा इकाइ, गाउँ शिक्षा समिति, ४७ विद्यालय (सामुदायिक र संस्थागत) परिवार, वि.व्य.स., शिक्षक अविभावक संघका पदाधिकारी तथा प्रतिनिधिहरु गाउँपालिकाभित्रका सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच र सहभागीताका लागि संघर्षरत छन्। तथापि गाउँपालिकाको शिक्षा ऐन, कार्यविधि, छुटटै योजना नभएको र भएको र तयार गरिएका तत्कालीन योजनाहरु पनि कार्यान्वयनमा समस्या हुनु, शिक्षकहरुको नैराश्यता, विद्यालय व्यवस्थापन सिमितिको मापदण्ड अनुसार गठन तथा पुर्नगठन नहुनु, विद्यालय नक्शाकंन प्रभावकारी रुपमा नहुनु, वडा शिक्षा समिति गठन पुर्नगठन तथा परिचालन नहुनु,विद्यार्थी शिक्षक अनुपात नमिल्नु, अविभावक सामुदायिक विद्यालयप्रति नकरात्मक हुनु र सहयोग कम हुनु, जनप्रतिनिधि तथा स्थानीय सरकारबाट समय समयमा अनुगमन र पृष्ठपोषण संयन्त्र नहुनु, भएका भौतिक संरचनाहरु बालमैत्री, अपागंतामैत्री र लैगिंकमैत्री नहुनु जस्ता चुनौती र कठिनाईहरु स्थानीय शिक्षा योजना कार्यानवयनमा अनुभव गरिएका सवालहरु हुन्। यस्तै गरी प्राविधिकधारको शिक्षामा कोटा अनुसार विद्यार्थी भर्ना हुन नसक्नु, योग्य प्रशिक्षकको अभाव हुनु, पाठ्यक्रमले तोके अनुसार प्रयोगात्मक सामाग्रीको अभाव, निः शुल्क पाठ्यपुस्तकको अभाव, प्रशिक्षकलाई शैक्षिक तथा प्राविधिक तालिमको व्यवस्था नहुनु पनि स्थानीय शिक्षा योजना कार्यान्वयनका समस्या रहेका छन्।

### ६.२.२ उद्देश्य

- स्थानीय योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।

### ६.२.३ *रणनीति*

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र स्थानीय तहको आफ्नै स्रोतको बजेट समेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि, ऐन तथा निर्देशिका तयार गर्ने।
- कार्यक्रम तथा योजना कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चितताका साथ समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- एकीकृत शैक्षिक सुचना प्रणाली व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधार गर्ने।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अविधावक संघ गठन तथा अध्यावधि गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना र कार्यान्वयनमा सहजीकरण गर्ने।
- नियमित रुपमा विद्यालय सुधार योजना निर्माण तथा अध्यावधि र कार्यान्वयन गर्न लगाउने।
- विद्यालय व्यवस्थापनलाई शसक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्र.अ. लाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।

- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा विताउने समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अविभावक तथा सरोकारवालासंग अन्तरक्रिया तथा सहकार्य गर्न अविभावक भेला, बैठक आयेजान गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समुहका सिकारुका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रम संचालन गर्दै आजीवन सिकाइ केन्द्रका रुपमा समेत कार्य गर्ने ।
- शिक्षा योजना र यस अन्तर्गतका रणनीति, क्रियाकलाप बारे शिक्षा समिति, प्र.अ. , वि.व्य.स. तथा शि.अ.सं समेत लाई जानकारी गराउने ।

### ६.२.४ *प्रमुख उपलब्धी तथा नतिजा*

उपलब्धी

- शिक्षा योजनाको प्रभावकारी रुपमा कार्यान्वयनको सुनिश्चित भई नतिजाहरु उल्लेखनीय रुपमा सार्वजनिक भएको हुनेछ ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्‍धन भई बालबालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सुचक | आधार बर्ष (२०८३) | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | योजना कार्यान्वयनको लेखाजोखा | ० | १ | १ | १ | १ | ४ | |
| २ | शिक्षा क्षेत्रको बार्षिक योजना विवरण | १ | १ | १ | १ | १ | ५ | |
| ३ | बार्षिक शैक्षिक स्थिति प्रतिवेदन | १ | १ | १ | १ | १ | ५ | |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | योजनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | योजनाको आधारमा विद्यालय सुधार योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढिकरणका लागि प्राविधिक सहायता | पटक | १ | १ | १ | १ | १ | ५ | बार्षिक रुपमा अभिमुखीकरण |
| ४ | शिक्षा योजना बारे अन्तरक्रिया तथा समीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | बार्षिक कार्यक्रम तय गर्नु पहिले |
| ५ | शिक्षा योजनाको मध्यावधिक समीक्षा तथा अध्याविध | पटक | ० | ० | १ | ० | ० | १ | |
| ६ | योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजनाको इकपी वेभसाइडमा राख्ने | पटक | १ | ० | ० | ० | ० | १ | |

## परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन

### ७.१ वर्तमान अवस्था

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ । शिक्षामा गरीने लगानीले स माजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरीएको छ।

फाल्गुनन्द गाउँपालिकाको आ.ब. २०८२/८३ को कूल बजेट मध्ये शिक्षामा रु **२१,३५,००,०००/-** ( अक्षरेपी एक्काइस करोड पैतीस लाख ) रहेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी बृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरीएको छ। यस पलिकामा अन्य क्षेत्रबाट ह्युमन प्राक्टिस फाउण्डेसन-गैरसरकारी निकायबाट पनि शिक्षा क्षेत्रमा सहयोग गरेको देखिन्छ।

- गत आ.व.को पालिकाको कुल बजेट रु. ५३,६६,७८,१७४।
- गत आ.व.मा संघिय सकारबाट आएको कुल बजेट रु. २०,०२,२२०००
- यस आ.व.को पालिकाको कुल बजेट रु. ५४,०८,५२,८२४।
- यस आ.वको. शिक्षाको कुल बजेट रु. २१,३५,००,०००।

यसरी लगानी र स्रोत व्यवस्थापन भएको भएता पनि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तिनै तहका सरकारलाई

शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीति अनुरुप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रुपम विकास गर्ने , प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने, आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने , शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरु  प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने , विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने , शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने , गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने , वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने जस्ता चुनौती र कठिनाई भोग्दै आएको अवस्था छ ।

## ७.२ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा  आवश्यक स्रोतको प्रक्षेपण गर्नु
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
- उपलब्ध स्रोत आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।

## ७.३ रणनीति

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानी  वृद्धि गर्ने ।
- आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गर्ने
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाउने
- वार्षिक रुपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई  उचित नियमनका साथ प्रोत्साहन र प्रवर्धन गर्ने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने

- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता पारदर्शिता जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
- लागत साझेदारीमा आधारित कार्यक्रम संचालन गर्ने ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
